## पहिलो परिच्छेद

# शोध परिचय

### १. विषय परिचय

कपिल लामिछानेको जन्म वि.सं. २०१५ आश्विन २४ गतेका दिन पिता सुकदेव र माता सुकमाया लामिछानेका कोखवाट कास्की जिल्ला माझ्ठाना गा.वि.सं. वाड नं. १ मा भएको हो (घिमिरे, २०६२ : ७) । उनले सर्वप्रथम (२०३४) सालमा बनारसवाट प्रकाशन हुने **कल्याणी** पत्रिकामा 'कामना' शीर्षकको कविता प्रकाशित गरी साहित्यिक क्षेत्रमा प्रवेश गरेको देखिन्छ । लामिछानले कविता, कथा, निबन्ध, समालोचना, एकाङ्की आदि विविध विधामा पनि कलम चलाएका छन् तर उनको रुचिको विधा चाहिँ कथा रहेको छ । उनले औपचारिक रूपमा कथा लेखनको सुरुवात २०४२ सालमा **मिर्मिरे** पत्रिकामा प्रकाशित 'मोहभङ्ग' र लघु कथामा चाँहि वि.सं २०४४ मा भैरहवावाट प्रकाशन हुने **अणु** पत्रिकामा 'कुप्राहरूको देश' शीर्षकको लघु कथा वाट आरम्भ गरेका हुन् (घिमिरे, २०६२ :१६) । यिनका **मरुभूमिका पोथ्राहरू** (२०४४) र **भोकयुद्ध** (२०५७) कथा सङ्ग्रहहरू **अन्यथा** (२०५४), **जलमानव** (२०६१) र **बोन्साई** (२०६९) लघु कथा सङ्ग्रहहरू तथा **अक्षर** (२०५१), **काले कुकुर** (२०५१), **भाँडाकुटी** (२०५८), **सुनकथा** (२०५९), **दशैं पिङ हात्ती** (२०६३), **राँकेभूत** (२०६१), **नाङ्लोजत्रो फूल** (२०६५), बालकथा सङ्ग्रहहरू प्रकाशनमा आएका छन् । त्यस्तै उनको समालोचनाका क्षेत्रमा **नेपाली साहित्यको सेरोफेरो** (२०५८) समालोचना सङ्ग्रह, **नेपाली लोक गाथाको अध्ययन** (२०६४) समालोचनात्मक कृति, **अक्टोपसहरू** (२०६१) लामो कविता कृतिका साथै विभिन्न तहका पाठ्य पुस्तकहरू पनि प्रकाशित छन् ।

साहित्यका विविध विधामा कलम चलाउने लामिछानेका हालसम्म **अन्यथा** (२०५४), **जलमानव** (२०६१) र **बोन्साई** (२०६८) गरी तिन वटा लघु कथा सङ्ग्रह प्रकाशित भएका छन् । **अन्यथा** लघु कथा सङ्ग्रहभित्र ३९ वटा कथाहरू रहेका छन् । यी कथाहरू सामाजिक, पौराणिक, मनोवैज्ञानिक, राजनीतिक आदि क्षेत्रमा हुने विकृति विसङ्गति, स्वार्थीपन र बेइमानीप्रति रोचक र घोचक शैलीमा व्यङ्ग्य गरी लेखिएका छन् । यस सङ्ग्रहभित्रका केही कथाहरूले प्रशासनिक अनियमितता भ्रष्टाचारजन्य विकृति, विसङ्गति प्रति चोटिलो प्रहार प्रस्तुत गरिएको छ । यसरी समाजमा व्याप्त विकृति विसङ्गति र खराबीलाई यस सङ्ग्रहका

कथाले प्रतीकात्मक शैली अगाँली व्यङ्ग्य गरेको देखिन्छ । **जलमानव** (२०६१) कथा सङ्ग्रह भित्र ५१ वटा कथाहरू सङ्कलित छन् । यस सङ्ग्रहभित्रका कथाहरूमा वि.सं २०५० को दशकमा नेपाली समाजमा देखिएका राजनीतिक असहिष्णुता, वैयक्तिक, आर्थिक, आतङ्कजनित भय, त्रास र विध्वंशपूर्ण विषयहरूलाई आधार बनाइएको छ । उनले यस सङ्ग्रहका कथामा एकातिर सामाजिक विकृतिप्रति व्यङ्ग्य गरेका छन् भने अर्कातिर जनयुद्धको नाममा गरिएका आतङ्ककारी व्यवहारले मानव समाजमा ल्याएको अराजकता र त्रासदीलाई जीवन्त रूपमा प्रस्तुत गरेका छन् । हालै विमोचन भएको **बोन्साई** (२०६८) लघु कथा सङ्ग्रह मा पचहत्तर वटा कथा समावेश गरिएका छन् । यस सङ्ग्रहमा सबै भन्दा सानो लघु कथा पनि समावेश भएको छ । यी तिन वटै लघु कथा सङ्ग्रहमा रहेका कथाहरू सामाजिक तथा सांस्कृतिक अन्धविश्वास, आर्थिक तथा शैक्षिक क्षेत्रमा रहेको विकृति, विसङ्गति, प्रशासनिक क्षेत्रमा रहेका अनियमितता भ्रष्टाचार आदि पक्षहरूलाई उदाङ्गो पार्न सफल रहेका पाइन्छन् ।

यस शोध पत्र लामिछानेका **अन्यथा** (२०५४) र **जलमानव** (२०६१) दुई लघु कथा सङ्ग्रह भित्रका कथाहरूको विश्लेषण गरी उनको लघु कथाकारिताको अध्ययन गर्नु नै प्रस्तुत शोध पत्रको विषय रहेको छ ।

**२. समस्या कथन**

नेपाली साहित्यका विविध विधामा कलम चलाउने लामिछाने आख्यान विधा भित्रको बाल कथा र लघु कथामा बढी प्रसिद्ध देखिन्छन् । लामिछानेको रुचिको विषय कथा रहेकाले पनि उनी कथातिर बढी सक्रिय रहेको देखिन्छ । हालसम्म उनीद्वारा लिखित **अन्यथा** (२०५४), **जलमानव** (२०६१) र **बोन्साई** (२०६९) लघु कथा सङ्ग्रह प्रकाशित भएका छन् । विभिन्न पत्रपत्रिकामा आंशिक रुपमा उनका लघु कथाको बारेमा चर्चा परिचर्चा भए पनि समग्र लघु कथाको अध्ययन हुन् सकेको छैन । यस शोध पत्रमा उनको लघु कथाको अध्ययनमा केन्द्रित भई निम्न लिखित समस्या प्रस्तुत भएको पाइन्छ ।

क) लघु कथाको सैद्धान्तिक परिचय के कस्तो छ ?

ख) कपिल लामिछानेको सामन्य परिचय तथा लघु कथागत प्रवृत्ति कस्तो रहेको छ ?

ग) कपिल लामिछानेका **अन्यथा** र **जलमानव** लघु कथा सङ्ग्रहभित्रका लघु कथाहरूको लघु कथा तफ्वका आधारमा के कस्तो रहेको छ ।

### ३. शोध पत्रको उद्देश्य

कपिल लामिछानेको लघु कथाकारितालाई मूल समस्या बनाई अध्ययन गरिएको यस शोध पत्रको उद्देश्य निम्न लिखित रहेका छन् :

क) लघु कथाको सैद्धान्तिक परिचय दिनु,

ख) कपिल लामिछानेको सामन्य परिचय र लघु कथागत प्रवृत्ति केलाउनु,

ग) कपिल लामिछानेका **अन्यथा** र **जलमानव** लघु कथा सङ्ग्रह भित्रका लघु कथाहरूको अध्ययन गर्नु,

### ४. पूर्व कार्यको समीक्षा

साहित्यका विविध विधामा कलम चलाउने कपिल लामिछानेका हालसम्म **अन्यथा** (२०५४), **जलमानव** (२०६१) र **बोन्साई** (२०६८) गरी ३ वटा लघु कथा सङ्ग्रह प्रकाशित भएका छन् । यी लघु कथा सङ्ग्रहका बारेमा पत्रपत्रिका तथा समालोचनाका कृतिहरूमा विभिन्न विद्वान्, साहित्यकार तथा समालोचकहरूले चर्चा परिचर्चा गरेको पाइन्छ । उनका साहित्यिक लेखन, योगदान र लघु कथा सङ्ग्रहको बारेमा गरिएका टीका टिप्पणी, समीक्षा आदिले प्रस्तुत शोध कार्यका लागि मार्ग निर्देशन प्रदान गर्ने भएकाले ती कार्यहरूलाई यहाँ कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ :

मोहनराज शर्माले **मरुभूमिका पोथ्राहरू** (२०४४) कथा सङ्ग्रहको भूमिकामा कृतिलाई गहकिलो साहित्यिक सङ्गालो मान्दै उक्त सङ्ग्रहमा सङ्कलित सबै कथाहरू मानिसबारे भएको र प्रत्येक कथाले मानिसको कुनै न कुनै रूपको आन्तरिक पहिचान गराएको उल्लेख गरेका छन् । उक्त सङ्ग्रहका कथाहरू अत्यन्त रोचक, प्रभावकारी र सार्थक रहेको बताउँदै लामिछानेलाई नवोदित युवा कथाकारको रूपमा उभ्याएका छन् ।

मोदनाथ प्रश्रीतले **अन्यथा** (२०५४) लघु कथा सङ्ग्रहको भूमिकामा लामिछानेले युगको आवश्यकता र महफ्व बुझ्ेर लघु कथा र सूत्र कथाको प्रयोगमा लागेका एक प्रतिभाशाली र सामाजिक जिम्मेवारी बुझ्ने साहित्यकार हुन् भनेका छन् । यसका साथै उनका कथामा वैयक्तिक, पारिवारिक, सरकारी कार्यालयका विकृति, विडम्बना र कमजोरीहरूको प्रस्तुति भएको कुरा उल्लेख गरेका छन् ।

दामोदर ढकालले **दायित्व** (२०५७) पत्रिकामा प्रकाशित 'अन्यथा कथा सङ्ग्रहमाथि सूक्ष्म दृष्टि' शीर्षकको लेखमा समाज र राजनीतिका क्षेत्रमा भएका भ्रष्टाचार, अत्याचार,

शोषण, दमन धुर्त्याईं आदि विकृतिहरूलाई समावेश गरी **अन्यथा** लघु कथा सङ्ग्रहका कथा मार्फत उजागर गर्ने प्रयास गरेको कुरा जनाएका छन् ।

बालकृष्ण भट्टराईले **जनमत** (२०५९) पत्रिकामा प्रकाशित 'स्रष्टा/दृष्टि' शीर्षकको लेखमा लामिछानेको अर्न्तवार्ता प्रस्तुत गर्दै लामिछानेले सामन्ती शोषण, साम्राज्यवादी सोच र हैकमवादी प्रवृत्तिको चित्रण आफ्ना कथाहरूमा गरेका छन् । त्यसैले यिनीलाई एउटा यस्ता बहुमुखी प्रतिभासम्पन्न व्यक्तित्वको रूपमा स्थापित गर्दै प्रगतिशील कथाकारका रूपमा प्रस्तुत हुन सफल व्यत्तित्वको रुपमा उभ्याएका छन् ।

मधुसुदन गिरीले **समकालीन साहित्य** (२०५९) पत्रिकामा 'स्वैरकल्पना र नेपाली कथा परम्परामा यसको प्रयोग' शीर्षकमा लामिछानेलाई समकालीन कथा धाराका एक जल्दाबल्दा, महफ्वपूर्ण कथाकारका रूपमा प्रस्तुत गरेका छन् ।

ईश्वरीप्रसाद पोखेलले **नेपाली लघु कथाको परम्परा** (२०५९) नामक स्नातकोत्तर तहको शोध पत्रमा कपिल लामिछानेको **अन्यथा** लघु कथा सङ्ग्रहको सामन्य चर्चा गरेका छन् । यिनले आलोचनात्मक यथार्थलाई आत्मसाथ गरी २०४६ साल नेपालको दक्षिणी भू-भागमा देखिएको छद्म, स्वार्थी राजनेता, कुटिल राजनीति, भ्रष्ट प्रशासन, मानवीय स्वार्थी चरित्र, आर्थिक सङ्कट तथा त्यस्तै अन्य युगीन विकृति विसङ्गतिपूर्ण यथार्थलाई चित्रण गरेको कुरा उल्लेख गरेका छन् ।

यादव भट्टराईले **छलफल** (२०६१) पत्रिकामा 'कपिल लामिछानेको जलमानव' शीर्षकमा वर्तमान समयमा सोझा साझा जनताले भोगेको पीडा, वर्तमान समयमा देखिएका विकृति विसङ्गति र खराबीलाई व्यङ्ग्यात्मक शैलीको कथानकलाई विषय बनाई जलमानव लघु कथा सङ्ग्रहका कथाहरू मार्फत उल्लेख गरेको कुरा चर्चा गरेका छन् ।

श्रीओम रोदनले **गोरखापत्र** (२०६१) असोज १६ गतेमा 'जलमानव लघु कथा भित्रका कथाहरूको सामान्य परिचय' शीर्षक दिई त्यस भित्र लामिछानेलाई समय अनुसारका लघु कथा सिर्जना गर्ने, आजको आवश्यकतालाई बुझी कथा लेखन गर्ने सशक्त कथाकारका रूपमा उभ्याएका छन् ।

रामप्रसाद घिमिरेले **कपिल लामिछानेको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** (२०६२) नामक स्नातकोत्तर तहको शोध पत्रमा लामिछानेको जीवनी, व्यक्तित्व र कृतित्वको परिचय दिएका छन् । उनले लामिछानेको जन्मदेखि लिएर २०६१ सम्म भए गरेका

साहित्यिक तथा गैरसाहित्यिक क्षेत्रको अवलोकन गरेका छन् । जसमा समय अनुसार आफूलाई कथामा उर्तान सफल पनि रहेको जनाएका छन् ।

ऋषिराम भुसालले **यथार्थवादी नेपाली समालोचन** (२०६२) मा 'कथाकार कपिल लामिछाने सङ्क्षिप्त विवेचना' गरेका छन् । जसमा लामिछानेका जीवनका अति महफ्वपूर्ण मोडहरूको चर्चा गर्दै उनका चारवटा कृति **मरुभूमिका पोथ्राहरू** (२०४४), **अन्यथा** (२०५४), **भोकयुद्ध** (२०५७) र **जलमानव** (२०६१) लघु कथा सङ्ग्रहको विश्लेषणलाई मुख्य केन्द्र बनाएका छन् । भुसालले २०४५ भदौ ५ गते पूर्वी नेपालमा गएको भुकम्पले सिर्जेको त्रासदीदेखि भारतले नेपाल विरुद्ध लगाएको नाकाबादी, २०४६ सालको जन आन्दोलन, मुलुकमा आएको राजनीतिक परिवर्तन, कर्मचारी आन्दोलन लगायतका परिवेशको स्पष्ट उल्लेख भोकयुद्धका कथाहरूमा भएको बताउँदै कथाकार लामिछानेका कथाहरूमा  अन्याय, अत्याचार, असमानता, थिचोमिचो, यातना, पक्षपात, बालश्रम शोषण आदि प्रति घोर विरोध र तीखो व्यग्ङ्य गरिएको कुरा उल्लेख गरेका छन् ।

आर.सी. रिजालले **जुही** (२०६६) पत्रिकामा 'कथाकार लामिछानेका लघु कथामा व्यङ्ग्यचेत' रहेको कुरा प्रस्तुत गरेका छन् । लामिछानेको **अन्यथा** (२०५४) र **जलमानव** (२०६१) लघु कथा सङ्ग्रह भित्रका लघु कथामा व्यङ्गयचेत पाइन्छ भनेका छन् । उनले राजनैतिक, सामाजिक, आर्थिक, शैक्षिक, प्रशासनिक, सांस्कृतिक आदि क्षेत्रका विकृति तथा विसङ्गति आदि समेट्नुका साथै त्यसलाई व्यङ्ग्य मार्फत सचेत गराउन खोज्ने प्रयास गरेका छन् भनी समीक्षा गरेका छन् ।

भागवत ढकालले **जुही** (२०६६) पत्रिकामा 'कपिल लामिछानेका लघु कथाको मूल्याङ्कन' शीर्षकमा लामिछानेको मूल्याङ्कन गर्दै यिनका विषय क्षेत्रको पनि वर्णन गरेका छन् । कथ्य विषय, समाज चित्रण, राजनीतिक, युद्दकालीन समाज, शाही शासनकालीन क्षेत्रलाई आधार मानी कथाको मूल्याङ्कन गरेको पाइन्छ भनी समीक्षा गरेका छन् ।

पुण्यप्रसाद खरेलले **जुही** (२०६६) साहित्यिक त्रैमासिक पत्रिकामा 'उम्दा आख्यानकार लामिछाने' शीर्षकमा लामिछानेको आख्यानको सामन्य विश्लेषण गरेका छन् । उनले लामिछानेलाई परिवर्तनकारी, प्रतिक्रियावादी, अवसरवादी आदि क्रियाकलापलाई लिएर कथानकको रूपमा लिएर आएको र पढ्दा आलोचनात्मक यथार्थवादी वा सामाजिक यथार्थवादी भनेर सहजै भन्न सकिने कथा रहेको कुरा उल्लेख गरेका छन् । लामिछानेका

प्रायः जसो लघु कथाहरूमा व्यङ्ग्यात्मक, मनोवैज्ञानिक, स्वैरकल्पना, सामाजिक, राजनैतिक र समसामयिक विषयमा आधारित कथाहरू लेख्ने कथाकारका रुपमा उभ्याएका छन् ।

पुष्करराज भट्टले **जुही** (२०६६) साहित्यिक पत्रिकामा 'कपिल लामिछानेको लघु कथाकारिता' शीर्षकमा लामिछानेको **अन्यथा** (२०५४) र **जलमानव** (२०६१)को विषयवस्तु सम्बन्धी सामान्य चर्चा  गरेका छन् । **अन्यथा** लघु कथा सङ्ग्रहमा प्रस्तुत गरिएको विषय क्षेत्र पचासको दशकको आरम्भका दिनहरूमा नेपाली समाजको राजनैतिक, सामाजिक, सांस्कृतिक विषयमा घटने घटना, परिघटनाले स्थान पाएको तथा **जलमानव** का लघु कथा सङ्ग्रहका कथाहरूले चाँहि पचासको दशकको अन्त्य कालमा नेपाली समाजमा देखा परेका राजनीतिक, आर्थिक, प्रशासनिक क्षेत्रमा देखिएका विकृति, विसङ्गतिका साथै सशस्त्र द्वन्द्व र त्यसको मारमा परेका जनताको कष्टकर जीवनलाई विषयवस्तु बनाइएको कुरा उल्लेख गरेका छन् ।

लामिछानेका लघु कथा सङ्ग्रहहरूका बारेमा आंशिक रूपमा चर्चा विभिन्न कृति, पत्रपत्रिका भएपनि उनको लघु कथाकारिताका बारेमा गहन अध्ययन-अनुसन्धान भने भएको छैन । उपर्युक्त सन्दर्भमा कपिल लामिछानेको लघु कारिताको अध्ययन हुन जरुरी छ । प्रस्तुत शोध कार्यमा कपिल लामिछानेका दुईवटा लघु कथा सङ्ग्रह **अन्यथा** (२०५४) र  **जलमानव** (२०६१) भित्र केन्द्रित भएर अध्ययन गरिएको छ ।

### ५. अध्ययनको औचित्य, महफ्वं र उपयोगिता

साहित्यका विविध विधामा कलम चलाउने कपिल लामिछाने साहित्य क्षेत्रमा लागि परेर राष्ट्रिय स्तरमै एक महफ्वंपूर्ण साहित्यकारका रूपमा परिचित छन् । यिनका लघु कथा सङ्ग्रहको सामान्य चर्चा परिचर्चा भए पनि यिनै कृतिमा केन्द्रित भएर व्यवस्थित अध्ययन भएको छैन । उनका लघु कथा सङ्ग्रह **जलमानव** (२०६१) र **अन्यथा** (२०५४) मा केन्द्रित भएर यस शोध कार्य गरिएको छ । यस शोध कार्यवाट लघु कथा विधाको बारेमा जानकारी प्राप्त हुनाका साथै कपिल लामिछानेको लघु कथागत प्रवृत्तिहरू र उनका लघु कथा सङ्ग्रहभित्रका कथाहरूको बारेमा यथासम्भव सुव्यवस्थित रूपमा अध्ययन गरिएको छ । कपिल लामिछाने र उनको लघु कथाहरूको सम्बन्धमा अध्ययन गर्न चाहने तथा जिज्ञासा राख्ने पाठक, समालोचक, विद्वान् एवम् संघ संस्थाका लागि यो शोध पत्र उपयोगी रहने हुँदा यस कार्यको महफ्व तथा उपयोगी रहेको सिद्ध हुन्छ ।

### ६. शोधकार्यको सीमा

प्रस्तुत शोध पत्रमा विभिन्न विधामा कलम चलाएका साहित्यकार कपिल लामिछानेको लघु कथा सङ्ग्रह **जलमानव** र **अन्यथा** लघु कथा सङ्ग्रहको अध्ययन विश्लेषण गरिएको छ भने अर्को लघु कथा सङ्ग्रह **बोन्साई**को अध्ययन भने भएको छैन् । किनकि यस पुस्तकको विमोचन यही (२०६९) असारमा सार्वजनिक गरिएकाले त्यो समयमा यो शोध पत्रको अध्ययन अन्तिम अवस्थामा पुगेकाले पनि **बोन्साई** लघु कथा सङ्ग्रहको अध्ययन हुन सकेको छैन । त्यसकारण यसको सीमामा दुई लघु कथा सङ्ग्रह **अन्यथा** र **जलमानव**को मात्र विश्लेषण गरिएको छ । यही नै यस शोध पत्रको सीमामा रहेको छ ।

### ७. शोधविधि

#### ७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोध कार्यलाई सम्पन्न गर्नको लागि प्राथमिक सामग्रीको रूपमा कपिल लामिछानेका नेपालीमा लेखिएका लघु कथा सङ्ग्रह तथा साहित्यिक कृतिहरूलाई लिइएको छ । अपेक्षित शोध प्रतिवेदनको लागि पुस्तकालयको अध्ययन कार्यको आधारमा पुस्तक तथा पत्रपत्रिकाको अध्ययन गरी द्वितीय सामग्री सङ्कलन गरिएको छ । शोध नायक, सम्बन्धित व्यक्ति तथा विशेषज्ञसँग प्रत्यक्ष भेटघाट समेत गरी अध्ययनको लागि आवश्यक राय, सल्लाह, सुझावलाई पनि सामग्री सङ्कलनको आधार बनाइएको छ ।

#### ७.२ सामग्री विश्लेषणको सैद्धान्तिक आधार र ढाँचा

प्रस्तुत शोध कार्य निगमनात्मक शोध पद्धतिमा आधारित रहेको छ । सङ्कलित सामग्रीलाई आधार बनाई विश्ले्षणात्मक एवम् सर्वेक्षणात्मक विधिद्धारा प्रस्तुत अध्ययनको विवेचना गरिएको छ ।

### ८. शोध पत्रको रूपरेखा

यस शोध कार्यलाई सुसङ्गठित र व्यवस्थित बनाउनका लागि निम्न लिखित ढाँचामा यसको रूपरेखा तयार पारिएको छ । आवश्यकता अनुसार यी परिच्छेदलाई विभिन्न शीर्षक र उपशीर्षकमा पनि विभाजन गरिएको छ । प्रस्तुत शोध पत्रको परिच्छेदगत ढाँचा यस प्रकार रहेको छ :

परिच्छेद एक : शोध परिचय,

परिच्छेद दुई : लघु कथाको सैद्धान्तिक परिचय,

परिच्छेद तीन : कपिल लामिछानेको सामान्य परिचय तथा लघु कथागत प्रवृत्तिहरू,

परिच्छेद चार : **अन्यथा** र **जलमानव** लघु कथा सङ्ग्रहको अध्ययन

परिच्छेद पाँच : उपसंहार

सन्दर्भ सामग्री सूची

### दोस्रो परिच्छेद

# लघु कथाको सैद्धान्तिक परिचय

## २.१ विषय प्रवेश

नेपाली वाङमयका विविध शाखा प्रशाखा मध्ये आख्यान एउटा महत्पूर्ण अस्तित्व राख्ने शाखा हो । आख्यानभित्र पनि बृहद आयाममा संरचित आख्यान, मध्यम आयाममा संरचित आख्यान र लघु वा लघुतम आयाममा संरचित आख्यानहरू पर्दछन् । त्यही आख्यान भित्र पर्ने लघु कथा नेपाली कथामा लघु आयाममा संरचित कथा हो (गौतम, २०६८ : ५)। त्यस्तै लघु कथा अङ्ग्रेजीको story र short story को नेपाली रूप होइन । लघु कथालाई अङ्ग्रेजीमा mini story वा short- short story भनिन्छ (लामिछाने, २०६१ : ३) । लघु कथालाई आख्यानको लघुतम रूपमा पनि चिनिने गरिन्छ । Short story को नेपाली अनुवाद लघु कथा भए पनि स्वरूप, संरचना, तत्वमा केही मात्रामा फरक देखिन्छ । आख्यान विधामा वृहत रचनादेखि लघु तथा लघुतम रचनाहरू परेको पाइन्छ । आख्यान तीन प्रकारको हुन्छ :- वृहत लघु र लघुतम । वृहत् आख्यान भित्र उपन्यास, लघु आख्यानभित्र कथा पर्दछ भने लघुतम आख्यानमा लघु कथा पर्दछ । (पोखेल, २०६० : ९) ।

कथ' धातुवाट 'कथा' शब्द बन्दछ यसको अर्थ हुन्छ कुनै कुरा वा कथन गर्नु । कथाका पनि कथा, खण्डकथा, परिकथा, लघु कथा, सूत्रकथा जस्ता अनेकौं रूप हुन्छन् (पन्थी, २०५९ : ३४) । यी सबै कथाको लेखन र प्रस्तुत शैलीले आफ्नै विशेषता बोकेको हुन्छ । कथाको जन्म पश्चात् नै नेपाली साहित्यमा लघु कथाको जन्म भएको पाइन्छ (पन्थी, २०५९ : ३५) । त्यसपछि मात्र लघु कथालाई छुट्टै प्रविधाका रूपमा मानिएको पाइन्छ । लघु भन्नाले सानो रूप बुझिन्छ । यसरी नेपाली साहित्यमा लघु कथाको जन्म भएको हो । यसर्थ लघु कथाको समष्टिगत अर्थ “कुनै सानो घटनालाई उचित ढङ्गले भन्नु” । त्यस्तै अङ्ग्रेजी साहित्यमा कथालाई Short story भनिन्छ भने लघु कथालाई short short story, micro story भनी चिनिन्छ (निखिल, २०५९ : १) ।

## २.२ लघु कथाको सङ्क्षिप्त परिचय र परिभाषा

आख्यान साहित्यको लघुत्तम विधा भनेर चिनिएको वर्तमान अवस्थामा अङ्ग्रेजीको micro story का रूपमा आएको लघु कथा कथाको छोटो रूप मानिदैंन (गौतम, २०६८ : ५) । महाकाव्यका सङ्क्षिप्त रूप कविता, खण्डकाव्य, मुक्तक, नभए जस्तै कथाको सङ्क्षिप्त

रुप लघु कथा हुँदैन । यी विधाहरूले साहित्य तिरका सम्पूर्ण किसिमका विधागत स्वरूप र मान्यता प्राप्त गरिसकेका छन् । त्यसैले वर्तमान सन्दर्भमा प्रत्येक भाषा भाषीले आ-आफ्नै भाषामा लघु कथा पढ्न र लेख्न मन पराउन थालिसकेको पाइन्छ । कथा ओगट्ने भौतिक आयाम वा आकृतिका आधारमा कथालाई अनेकौं नाम दिइएको देखिन्छ । कथा यस्ता पनि छन् कि कुनै लामा, छोटा, मझौंला र निकै छोटा भेटिन्छन् । कथाका स्रोतहरू भिन्न-भिन्न हुन्छन् । त्यस्ता स्रोतका रूपमा समाज, मनोविज्ञान, इतिहास, लोक जीवन, पुराण विज्ञान, अर्थ, अन्तरिक्ष, अन्तरलोक आदि देखिन्छन् । कथा आकृति प्रकृति आफ्नै हुन्छन् । जस्तै चुट्किला, गाउँखाने कथा, लघु कथा, कथा, आह्नन, उपाख्यान, दन्त्य कथा वर्णन विवरण वृत्तान्त आदि । यिनीहरू ठाउँ समय र परिस्थिति अनुसार छोटो छरिता र आकर्षक हन्छन् ( भण्डारी, २०५६ : ५३) भनेका छन् ।

एकाइसौं शताब्दीमा पुग्दा विज्ञानले विश्वलाई साँघुरो बनाइदिएको छ । कोठामा एउटा सानो कम्प्युटरको माध्यमवाट विश्व हेर्न सकिन्छ । यान्त्रिक युगले गर्दा पहाडलाई तिल देख्न थालेका छन् आजका पिँढी । यसैका कारणले आजका मानिस बढी व्यस्त बन्दै गइरहेका देखिन्छ । व्यस्त र यान्त्रिक युगका कारणले गर्दा समय थोरै बनेको छ । यही कारण पनि साहित्यका प्रायः विधाहरू लघु बन्दै गइरहेका छन्, लघु रूपले विशेष स्थान ग्रहण गर्न सफल बनेको छ । विशाल उपन्यास, महाकाब्य लेख्ने पढ्ने काम आजको वर्तमान समयमा कमै हुन्छ । त्यसैले वर्तमान समयमा लोकप्रिय बनेको विधा लघु कथा नै हो (श्रेष्ठ, २०५९ : ४३) ।

आख्यानको एक भेदको रूपमा चिनिएको लघु कथामा जीवनको एक पक्ष, क्षण विशेषको चित्रण गरिएको पाइन्छ । लघु कथा आफैंमा स्वायत्त र पूर्ण पनि हुन्छ । फूलदानीमा सजिएर रहेको चम्किलो र आर्कषक एउटा फूलको थुगाँ जस्तै लघु कथा देखिन्छ (ब्राजाकी, २०५३ : क) । अर्को शब्दमा भन्दा लघु कथाले करेन्टले एक झड्का दिए जस्तै पाठकको अर्न्तमनमा च्वास्स पसेर गहिरो र गहन प्रभाव पार्ने काम गर्दछ ।

लघु कथा आख्यान साहित्यको साधन नभएर एउटा साध्य बनेको छ । महाकाव्य तथा उपन्यासवाट प्राप्त हुने भाव, कलाभन्दा लघु कथाको पढाइवाट प्राप्त हुने भाव, कला निकै रसिलो खरिलो लाग्दछ । तसर्थ साहित्यकार मनु ब्राजाकीले लघु कथालाई छुरीको संज्ञा दिदै भनेका छन् : उपन्यास तरबार हो, कथा खुकुरी हो भने लघु कथा छुरी हो' (समीर, २०५३ : ख) । लघु कथा पढ्न जति सजिलो हुन्छ लेखनमा भने त्यति सजिलो छैन् ।

टाकुरामा पुग्न छोटो वाटो जटिल र कठिनाई जस्तै लघु कथा लेखनमा पनि कठिनाई हुन्छ (पन्थी, २०५९ : ७ ) भनी लघु कथाका बारेमा जानकारी दिएकी छिन् । त्यस्तै आकार छोटो भए पनि यसमा भाव चोटिलो र रसिलो हुने हुनाले यो विधा सबैको लागि प्रिय बनेको देखिन्छ (समीर, २०५३ : क) । लघु कथाको भाव चोटिलो र रसिलो हुने हुनाले पनि यो विधा सबैको लागि प्रिय बनेको पाइन्छ ।

### २.२.१ लघु कथाको परिभाषा

लघु कथा नेपाली साहित्यभित्रको आख्यान विधाको सबैभन्दा कान्छो विधाका रूपमा प्रख्यात छ । लघु कथा वर्तमानको यान्त्रिक समयमा लोकप्रिय बन्दै गइरहेको छ । लघु कथा भन्ने नामवाटै आकारका साथै सारा तफ्वहरू छोटो हुनुपर्छ भन्ने कुरा प्रस्टिन्छ (अश्क, २०६५ : ५) । सामान्य रूपमा हेर्दा पनि लघु कथा र कथामा मूलभूत भिन्नता देखिदैन् । लघु कथा कथा झैँ आख्यान विधा अन्तर्गत पर्ने एक उपविधा हो तर त्यसको आफ्नो अलग्गै स्वरूप, संरचना रहेको छ (लामिछाने, २०६१ : ३) । त्यो व्यञ्जन होइन, अपितु स्वर हो जो आफैँमा पूर्ण हुन्छ । त्यसैले लघु कथाको बारेमा परिभाषित गर्ने क्रममा विभिन्न अङ्ग्रेजी, हिन्दी तथा नेपाली साहित्यका विद्वान्, कथाकार, समालोचक, आदिले दिएको परिभाषालाई यहाँ प्रस्तुत गरिएको छ :

**पाश्चात्य साहित्यका विद्वान्ले दिएका परिभाषाहरु**

- हल्का तरिकाले विस्तार गरिएको पाँच सय शब्द भित्रको जटिल कथात्मक संरचना नै लघु कथा हो ।

A glossary of literary term,
(200 A.D : 287)

- छोटो छोटो कथा (लघु कथा) पनि कथा नै हो, जसको संरचनात्मक आयाम बढीमा पन्ध्र सय शब्द सम्म विस्तार हुन्छ ।

The Oxford English Dictionary,
(1991 : 325)

**हिन्दी साहित्यका विद्वान्ले दिएका परिभाषाहरु**

- आदर्श लघु कथा त्यही हो जो कथाको कथानक नबनोस् ।

विष्णु प्रभाकर
(अश्क, २०६५ : ७)

- लघु कथा एक स्वतः पूर्ण रचना हो, जसमा एक तथ्य वा प्रभावलाई अग्रसर गर्ने व्यक्ति केन्द्रित घटना वा घटनाहरूको आवश्यक उत्थान, पतन र मोडका साथै पात्रहरूको चरित्रमाथि प्रकाश पार्ने वर्णन होस् ।

गुलाब राय

(अश्क, २०६५ : ७)

- आख्यायिका चाहे कुनै लक्ष्यलाई अगाडि राखेर लेखिएको होस् या लक्ष्यविहीन होस् मनोरञ्जनको साथसाथै अवश्य नै कुनै न कुनै सत्यको उद्घाटन गर्दछ ।

रामकृष्ण दास

(राकेश, २०५९ : १७)

- लघु कथा जीवनको कुनै अंश वा खण्डको पूर्ण अभिव्यक्ति हो ।

डा. रत्नलाल शर्मा

(अश्क, २०६५ : ७)

- लघु कथा आकारमा लघु तर आफ्नो गहन अर्थगर्भी शैलीद्वारा समाज व्यवस्थाका व्यापक सन्दर्भहरूसित आबद्ध यस्तो कथा हो जसको सघन संवेदना चेतनालाई स्पन्दित गर्दछ ।

डा.शंकर शुभताँवेकर

(अश्क, २०६५ : ८)

**नेपाली साहित्यका विद्वान्ले दिएका परिभाषाहरु**

- आकारगत लघुता मात्र लघु कथाको तात्विक, पहिचान होइन, मुख्य कुरो त यसमा क्षण भरमै विचार वा भावको प्रभावकारी विष्फोटन हुन सक्ने भित्री अणु सामर्थ्य हुनुपर्दछ ।

डा. दयाराम श्रेष्ठ

(अश्क, २०६५ : ७)

- आधुनिक कथा तर्फले पूर्ण भएका स-साना कथा छोटा कथा नै लघु कथा हो ।

नेपाली बृहत शब्दकोश, २०५५

(थापा, २०५६ : ८६)

- कम्तीमा दुइओटा यथार्थ वा कल्पित स्वतन्त्र घटना अथवा स्थितिको काल क्रमिक प्रतिबिम्ब लघुत्तम आख्यानलाई लघु कथा भनिन्छ ।

मोहनराज शर्मा

(पोखेल, २०५९ : ९)

- मुक्तकीय तीव्रता तथा न्यूनतम घटना र कार्यकलाप भएको आख्यानात्मक लघुतम संरचनालाई लघु कथा भनिन्छ ।

कपिल लामिछाने

(लामिछाने, २०६१ : ३)

- लघु कथा जीवनकाशलाई हेर्ने दूरबीन हो ।

मनु ब्राजाकी

(अश्क, २०६५ : ७)

- लघु कथाको आयामिक संरचना छोटो र स्वयंमा पूर्ण हुन्छ ।

लक्ष्मणप्रसाद गौतम

(पोखेल, २०५९ : १०)

- सीमित समयमा थोरै शब्द पढेर धेरै स्वाद दिलाउन सक्ने लघु कथा कुशल फोटो ग्राफरले एक निमेषमा खिचेको सुन्दर दृश्यको सानो तस्बीर जस्तै हो ।

श्री ओम श्रेष्ठ रोदन

(पोखेल, २०५९ : १०)

- लघु कथा छोटो समयमा कुनै समस्यालाई चुटुक्क पारेर कलात्मक र रोचक ढङ्गले गद्यमा प्रस्तुत गर्ने कला हो ।

घटराज भट्टराई

(पन्थी, २०५९ : १०)

माथि दिइएका अधिकांश परिभाषाहरूमा लघु कथामा लघु भएर पनि पूर्ण हुनुपर्ने, भाव धेरै अटाउनु पर्ने, पढ्दा थोरै समय लाग्ने, पाठकको मन जित्न सक्ने हुनु पर्नेमा धेरै विद्वान्हरुको राय रहेको छ । लघु कथा फूलदानी भित्र सजिएर रहेको एक फूलको थूगाँ हो, जसले मानवलाई आकर्षित र मर्माहत तुल्याउँछ । लघु कथा छोटो भएर पनि स्वयम्मा पूर्ण हुन्छ । । यसर्थ आख्यान साहित्यमा लघु कथाको छुट्टै विधागत स्थान रहेको देखिन आउँछ । लघु कथा भनेको गद्य भाषामा लेखिएको न्यूनतम जीवन र जगत्सँग सम्बद्ध कुनै पनि क्षण

विशेषमा घटेको विविध स्थूल वा सूक्ष्म, यथार्थ घटना वा विषयादिहरू टिपेर अत्यन्त सटिक र सङ्क्षिप्त शब्द संरचनामा हृदय स्पर्शी तरिकाले योजनाबद्ध ढङ्गमा व्यक्त गरिएको आख्यानात्मक रचना हो र जसमा रोचक व्यङ्ग्यात्मकता र प्रतीकात्मकको प्रयोग गरिएको पूर्ण, कलात्मक, गम्भीर र तीव्र अभिव्यक्ति रहेको हुन्छ ।

### २.३ लघु कथाको आकृति (आयाम)

विश्व साहित्य वा नेपाली साहित्यमा लघु कथाको आयामका बारेमा खोजीनीति भए पनि यसको आयाम ठीक यति नै हो भनेर किटान गर्न भने सकिएको छैन । धेरै कथाकार तथा समालोचकहरूले लघु कथा अति सङ्क्षिप्त हुने हुनाले यसलाई mini short story तथा shortest story भनिएको पाइन्छ (लामिछाने, २०६१ : ३) । आजको युगमा सानो नै सुन्दर देखिन्छ अर्थात small is beautiful को सिद्धान्त अनुरूप लघु कथाको युग हो यो, जनु युगमा हामी बाँचिरहेका छौँ । त्यसै अनुरूप नै आजको युग लघु कथाको युग हो । तसर्थ यसको भविष्य समुज्वल देखिन्छ भने नेपाली आख्यान साहित्य समुन्नत र सम्पन्न हुने सहजै आशा गर्न सकिन्छ, (राकेश, २०५९ : २१) ।

पाश्चात्य विद्वान्हरूले पहिले लामा अर्थात् ४ देखि ७ पृष्ठ तथा ७५० शब्द सम्मको कथालाई लघु कथा भन्दै आएका थिए । आज आएर यस कथामा लघु कथाको कुनै अस्तित्व हुँदैन भनेर आफ्ना भनाइहरू अगाडि सारेको पाइन्छ । त्यसैकारण आज नेपाली विद्वान्हरूले लघु कथा दुई सय शब्द सीमा सम्मको हुन्छ भन्ने बहुमतको मान्यता पाइन्छ तर दुई सय भन्दा बढी पाँच सय सम्मको लघु कथा पनि नेपालीमा रचिएको पाइन्छ । पाश्चात्य जगत्को आधुनिक मान्यताले लघु कथाको आयामिक संरचनालाई ५५ शब्दमा समेटेको पनि देखिन्छ । वर्तमान लघु कथामा कलम चलाउने कथाकार, समालोचकहरूले लघु कथा छोटो हुनुपर्नेमा नै जोड दिएका छन् । लघु कथाको संरचना बाह्य र आन्तरिक गरी दुई प्रकारको हुन्छ । बाह्य संरचना भन्ने बित्तिकै बाह्य आयामिक संरचना र आन्तरिक संरचना वा रूपगत संरचना भन्ने बुझिन्छ र यो लघु कथाको अवयवी संरचना हो । लघु कथाभित्रका आन्तरिक उपकरणहरू वस्तु सन्दर्भ, द्रुतता, कौतुहलता, गद्यात्मकता र सूक्ष्म आख्यानात्यमक परिपुष्टता आदि आन्तरिक संरचनाभित्र पर्ने कुरा हुन् (अश्क, २०६५ : २६) । एक देखि ४०/५० वाक्य तथा २०/२५ देखि २०० शब्दको वरपर रहेका हुन्छन् । यो गागरमा सागर अटाउने वा सूत्रात्मक हुन्छ (गौतम, २०५६ : ६२) । आयाम कै क्रममा शैलेन्द्र प्रकाश नेपालले यसको आफ्नै रचना प्रक्रिया हुन्छ । सरल, सम्प्रेषणीय,

मार्मिकका साथै पाँच, दश मिनेटमै पढी सिध्याउन सकिने तथा रविन्द्र समिरले ५/१० मिनेटभित्रै पढी सक्नु पर्नेमा नै जोड दिएका छन् । लघु कथाको आकार वास्तवमा नाप्न सकिँदैन भनी कसैले यसको गहिराइमा जोड दिएका छन् भने कसैले सूक्ष्मतातिर जोड दिएका छन् (थापा, २०५६ : २) । त्यसकारण अहिले आएर लघु कथा ५५ शब्द सम्ममा लेखिनु पर्ने र त्यसलाई shortest story भन्न थालिएको पाइन्छ । तर पनि यसको पालना अझ भइसकेको छैन् ।

माथिका दिइएका आधारमा लघु कथाका आयाम (स्वरुप) लाई लक्ष्मण गौतम (२०६८) र गोपाल अश्क (२०६५)ले निम्न लिखित बुँदाहरुमा प्रस्तुत गर्न सकिन्छ :

- लघु कथाको आकार छोटो हुनु पर्छ ।
- लघु कथा निश्चय न छोटो हुन्छ तर त्यो लामो कथाको सारांश भने पक्कै होइन ।
- लघु कथा एक स्वतन्त्र गद्यविधा हो जसको सैद्धान्दिक पक्षहरुको गहन अध्ययन, विश्लेषण हुन सकेको छैन, जो आवश्यक छ ।
- लघु कथामा कम्तीमा दुई घटनाको संयोजन हुनुपर्दछ जो दुई वाक्यमा पनि हुन सक्छ ।
- लघु कथा चुट्किला, प्रहसन वा बात मार्ने विधा होइन, अपितु सामाजिक यथार्थलाई जीवन्तताका साथ प्रकट गर्ने एक कलात्मक आख्यान विधा हो ।
- लघु कथा १ देखि ४०/५० वाक्यभित्र संरचित रहेको हुन्छ ।
- लघु कथा गागरमा सागर हुन्छ वा सूत्रात्मक हुन्छ । सानो भए पनि ठूलो चोट पार्ने हुनुपर्दछ ।

यसरी लघु कथाको आयाम २ देखि २०/२५ वाक्य सम्मको हुनु पर्दछ । जति सुकै छोटो आकारको भए पनि यो स्वयम्मो पूर्ण हुनुपर्दछ । लघु कथालाई ५/१० मिनेट मै पढेर सकिने र पाठकका मन मस्तिष्कमा गहकिलो प्रभाव पार्ने खालको हुनु पर्ने कुरामा कथाकार तथा समालोचक स्रष्टा आदिको जोड रहेको देखिन्छ ।

### २.४ लघु कथाको विशेषताहरू

लघु कथाको परिभाषाको अध्ययन गर्ने क्रममा लघु कथाको आकार छोटो हुन्छ, कथाको विषयवस्तुमा सूक्ष्मता पाइन्छ, घटनाको विस्तृतता हुँदैन, वर्णनमा सीमितता र चरित्र चित्रणमा न्यूनता हुने कुराहरूमाथि उल्लेख भइसकेको छ । यसका साथै लघु कथा

लेखनमा व्यङ्ग्य र लेखन संरचनाको आवश्यकता रहने गर्छ । यसरी लघु कथाको परिभाषाले नै लघु कथाको विशेषतालाई प्रस्टाएको हुन्छ (अश्क, २०६५ : १५) । लघु कथा सङ्क्षिप्त आयाममा रचिएको हुन्छ । यसमा विचार र भावको प्रभावकारी विष्फोटन हुन्छ (श्रेष्ठ, २०५६ : ३२) । यसको प्रयोग नेपाली साहित्यमा निकै रोचक ढङ्गले  भएको पाइन्छ । झ्वाट्ट हेर्दा लघु कथा वा चुट्किला कै पर्याय हो कि भन्ने लाग्दछ, तर त्यस्तो नभएर यसको प्रयोग फरक देखिन्छ । लघु कथाका विशेषता आख्यान विधासँग प्रायः जसो मिल्दो पनि रहेका हुन्छन् । अझ भनौं कथा विधासँग त उत्तिकै मेल खाने देखिन्छ ।

लघु कथाका विशेषताहरूको सन्दर्भमा केही विद्वान्हरूले मात्र चर्चा गरेको देखिन्छ । जसमध्ये रोशन थापा 'नीरव' का अनुसार सङ्क्षिप्तता, सूक्ष्म अनूभति, गूढ संवेदना, आन्तरिक अर्थ, व्यङ्ग्यपरक भाव, चित्र तथा अन्तर्विरोधको उन्मुक्त प्रकाशन प्रारम्भ र अन्त्यमा अप्रत्याशितता, शैलीमा कलात्मकता प्रस्तुतिमा प्रभावपूर्ण, सम्पूर्ण शिल्पगत प्रतीकात्मकता, बिम्बगत सङ्केत, कौतुहलता, विचारमा प्रभावकारी गति र जीवनको एककोण वा पक्षको उद्घाटन गरेका छन्  (थापा, २०५६ : ८६) । त्यसै गरी श्रीओम श्रेष्ठ 'रोदन'ले पनि  सङ्क्षिप्तता, सूक्ष्मता, वर्णनमा राजनीतिको पर्दाफास, सामाजिक बिडम्बनाको तस्बीर, प्रतीकात्मकता, पौराणिक एवम् ऐतिहासिक कथाको प्रयोग, पशु पात्रहरूको प्रयोग नेपाली सामाजिक, आर्थिक र भौगोलिक परिवेशको प्रयोग बिम्बात्मकता, सूत्रात्मकता र विज्ञान सम्मत प्रविधिको प्रयोग आदि भनी प्रस्तुत गरेका छन् (श्रेष्ठ, २०५९ : ४३) ।

लघु कथाको सम्बन्धमा विभिन्न विद्वान्, समालोचक तथा साहित्यकारहरूले दिएको परिभाषा तथा चर्चा परिचर्चा र यसको अध्ययनका आधारमा लघु कथाका विशेषताहरूलाई निम्न लिखित बुँदामा प्रस्तुत गर्न सकिन्छ :

१. *सङ्क्षिप्तता*

लघु कथा कथा विधा को संक्षिप्तताभित्र लुकेको पाइन्छ (अश्क, २०६५ : १५) । अति लघु कथा लघु कथा भन्दा आकारमा छोटो हुन्छ । यस्ता अति लघु कथा जसवाट आँखाको एक झप्काइ, यौटा शीघ्र प्रतिक्रिया जस्ता आनन्द अथवा जे पाइन्छ, त्यही नै विशेषता हो (अश्क, २०६५ : १५) । लघु कथाको योजना बनाउँदा नै सानो तथा छोटो घटना राखिएको हुन्छ । यसमा संवाद, पात्रहरू पनि निकै थोरै हुन्छन् । एक वा दुई पात्र मात्र उपस्थिति भएको हुनुपर्ने देखिन्छ । यसको आकार मात्र लघुता नभएर भाव पनि सानो

हुन्छ । त्यो भाव क्षण भरमै पाठकका मन, मस्तिष्कमा पसेर प्रभाव पार्दछ, त्यो पूर्ण र स्वायत्त पनि हुन्छ अर्थात् लघु कथा सङ्क्षिप्त आकारको प्रभावपूर्ण कथात्मक गद्यविधान हो, जसले मानवीय संवेदनाहरूको कुनै क्षणलाई आफ्नो प्रभावशाली एवम् कलात्मक सघनताका साथ प्रकट गर्दछ । मोहनराज शर्माका अनुसार पनि न्यूनतम दुई घटनाहरूको आख्यानीकरण भएको एउटा वाक्य पनि लघु कथा हुने रहेको छ (२०५९ : १०) । सङ्क्षिप्ततामा लामिछानेको **जलमान** लघु कथा सङ्ग्रहमा सङ्कलित 'घर' शीर्षकको लघु कथा जो कि आठ वाक्यमा संरचित छ । यसरी सङ्क्षिप्ततालाई लघु कथाको प्रमुख विशेषतामा राख्न सकिन्छ । सङ्क्षिप्तता नभई लघु कथा बन्न सक्दैन ।

२. *सीमितता*

जीवन र जगतको चित्रण गर्ने क्रममा लघु कथाले विचरण गर्ने क्षेत्र व्यापक र विस्तृत भए पनि सम्बद्ध क्षेत्रको विषयवस्तु, घटना सीमित, परिबद्ध र निश्चित प्रकारको सुगठित हुन्छ (पोखेल, २०५९ : १९) । लघु कथा भित्र विषयवस्तु के, कस्तो र कति मात्रामा राख्ने भन्ने कुरा पहिले नै तोकिएको हुन्छ । सङ्क्षिप्त योजना बनेपछि कथानक पनि सीमित नै राखिएको हुन्छ । समय, पात्र, घटना सबै सीमित मात्रामा राखिनुले आजको व्यस्त संसारमा यो विधा लोकप्रिय बन्न गएको छ । घटनाहरू तीव्र रूपमा उद्देश्यतिर अग्रसर भएका हुन्छन् । घटनाले चरमोत्कर्षता प्राप्त गर्दछ र कथानक नै टुङ्गिन्छ ।

यसरी लघु कथाको अर्को विशेषताका रूपमा सीमिततालाई पनि लिन सकिन्छ । यस्ता कथाहरूमा 'स्कुल' लघु कथामा आफ्नै छोराछोरी बढेको थाहै पाउँदैनन् भन्ने सीमित कथानकको प्रस्तुति यहाँ गरिएको छ । लघु कथामा प्रायः जसो सीमिततालाई अपनाइएको हुन्छ । त्यसकारण एउटा विशेषताका रूपमा सीमितता पनि रहेको छ ।

३. *व्यङ्ग्यात्मकता*

व्यङ्ग्यात्मकता लघु कथाको अर्को मौलिक विशेषता हो । साहित्यका प्रायः सबै रचनामा, व्यङ्ग्यात्मकताको प्रयोग गरिएको पाइन्छ । आख्यान साहित्य अन्तर्गत कथा र उपन्यास विधामा भन्दा बढी लघु कथा विधामा व्यङ्ग्यकारिता तीव्र रहेको हुन्छ । आजको सामाजिक परिवेश र परिस्थितिमा व्यङ्ग्यका लागि पर्याप्त विसङ्गति, विकृति र विडम्बना रहेको पाइन्छ (अश्क, २०६५ : १६) । सोझो, च्याप्टो बयान गर्ने भाषाले मानवीय संवेदनालाई त्यति प्रभावपूर्ण ढङ्गवाट आकर्षित गर्न सकिँदैन जति व्यङ्ग्यात्मकता निहित भाषाले सक्छ । यसले समाजमा रहेका जुनसुकै सांस्कृतिक, सामाजिक, राजनीतिक, विकृति

र विसङ्गतिलाई उद्घाटन गरिदिएर सत्य, तथ्य र भावुक बन्न सधैँ प्रेरित गर्छ । तीतो यथार्थलाई घुमाउरो पाराले छोटो व्यङ्ग्य गर्ने विशेषता लघु कथामा निहित भएको पाइन्छ । छोटो भए पनि व्यङ्ग्य अपनाइएको कथाले मार्मिक विषयवस्तु प्रस्तुत गर्दछ । त्यसैले व्यङ्ग्यात्मकता लघु कथाको लागि नभई नहुने विशेषतामा रहेको छ ।

४. *प्रतीकात्मकता*

प्रतीक साहित्य रचनाका लागि नभई नहुने आवश्यक तफ्व हो । जसको प्रयोग लेखकको योग्यतामाथि निर्भर गर्दछ र यसका लागि लेखकमा हुने मिथक, उखान, टुक्का आदिको ज्ञानको भण्डार र त्यसको स्वाभाविक प्रयोग प्रभावकारी हुन्छ, (अश्क, २०६५ : १७) । यसमा समसामायिक जीवनका विसङ्गतिमाथि कसैलाई किटान नगरीकन व्यङ्ग्य गरी कुनै पनि मानवीय तथा अन्य पशुपंक्षी, सजीव, निर्जीव आदि पात्रहरूलाई प्रतीक मानेर कार्यको पर्दाफास गरिएको हुन्छ । यसो गर्दा  समाज सुधार पनि हुन जान्छ । यो लघु कथाभित्र कुनै न कुनै माध्यमवाट आएको पाइन्छ । प्रतीकात्मकता अपनाई रचना गरिएका लघु कथाहरू उत्कृष्ट पनि हुन्छन् । लघु कथाको उदाहरणमा 'चोरी' कथालाई लिन सकिन्छ । यस कथामा शान्त र सभ्य गाउँमा धनको झोली रूपी किचलो, झगडा, लोभ, घृणा दिएर शान्ति, भिन्नता सद्भाव चोरेको बडो सुन्दर प्रसङ्ग प्रस्तुत गरिएको छ । अर्को कथा 'स्यालको सिकार'मा बाघको जुठो खाएर हुर्किएको स्यालले आफैँ सिकार गर्न नसके झैँ आजका जनताकै धन लुट्न पल्केकाहरूवाट कुनै भलो काम नहुने र सिकार नमर्ने यथार्थलाई स्याल र बाघको माध्यमवाट प्रतीकात्मक शैलीमा प्रस्तुत गरिएको छ । यसरी प्रतीकात्मकता पनि लघु कथाको प्रमुख विशेषताका रूपमा रहेको छ ।

५. *अप्रत्याशितता*

लघु कथामा घटनाचक्र, पात्र, विषयवस्तु एक्कासी आएर पाठकको हृदयमा गहिरो भाव जगाइदिने क्षमता हुन्छ । लघु कथाको तीव्र भावले गर्दा त्यसको समाप्ति पनि छिट्टै हुन्छ । कुनै पनि कथ्यलाई नाटकीय वा अप्रत्याशित ढङ्गवाट टुङ्ग्याउँदा पाठकको मनमस्तिक भिन्न आस्वाद र अनुभवले चमत्कृत हुन जान्छ र ऊ आन्दोलित हुन्छ (अश्क, २०६५ : १६) । यसरी कल्पना नगरिएका विषयवस्तु पनि आउँछन् र एक्कासी घटना घटाएर जान्छन् । अप्रत्याशिततालाई स्पष्ट गरी कौतुहलतातिर जागरुक बनाउन प्रेरित गर्दछ । आजका लघु कथाहरूमा यो विशेषता निकै मात्रामा पाइन्छ । यस्ता लघु कथामा 'बन्दुकेहरु' कथालाई लिन सकिन्छ ।

६. *कौतूहलता*

सङ्क्षिप्त आयतनको लघु कथामा कौतूहलता कथाको आरम्भ देखि उत्कर्षमा आरोहित भएर चरम बिन्दुसम्म पुग्ने हुँदा यसमा कौतूहलताको पनि प्रबल भूमिका रहन्छ (सुबेदी, २०५३ : ४) । कथा के कस्तो होला ? कस्तो बन्ला, कसरी टुङ्गिएला ? आदि विषयले लेखकको मनमा कौतुहलता जगाउँछ । पाठकले पढ्दै जाँदा यसपछि के हुन्छ भन्दा भन्दै कथा पढेर सकिन्छ र निष्कर्षतिर पुगीसकेको हुन्छ । एउटा चोटिलो प्रभाव पाठकका मनमा पार्न सक्ने क्षमता यस लघु कथामा हुन्छ । जिज्ञासलाई मेटाउने तफ्व पनि कौतुहलता भित्र नै पाइन्छ । त्यसकारण कौतूहलता पनि लघु कथाको एउटा विशेषताका रूपमा रहेको देखिन्छ ।

७. *समसामयिकता*

लघु कथाको विषयवस्तु समय सापेक्ष हुनुपर्ने कुरामो जोड दिइएको हुन्छ । यसले प्रत्यक्ष अप्रत्यक्ष रूपमा नै लघु कथाभित्र प्रवेश गरेको हुन्छ । समसामयिकता भनेको समकालीन नेपाली कथा रुग्ण मानिस र सामाजिक व्यवस्थाप्रति व्यङ्ग्य हो (श्रेष्ठ, २०६६ : ३३) । व्यङ्ग्यमा विद्रोह र विद्रोहमा विसङ्गति कथाकारहरूको मूल कथ्य हो । नवीनताको पक्षधर रहनु समकालीन साहित्यको मूलभूत मान्यता हो र समकालीन साहित्यले आजलाई लेख्न सक्नुपर्छ (थापा, २०६४ : ८९) । पाठक जुन युगमा बाँचिरहेको छ, त्यस युग, समय वा परिस्थितिले उसलाई के कस्तो प्रभाव पारेको हुन्छ भन्ने कुरा पाठकले आफूले पढ्न सुरु गरेको विषयवस्तुवाट नै जानकारी पाएको हुन्छ । देश, काल, वातावरण, परिवेश, अनुकूल पात्रहरू अगाडि बढिरहेका हुन्छन् भने विषयवस्तुले पनि त्यस्तै परिवेश बोकेको देखिन्छ । उदाहरणको रूपमा ‘कर्मचारी’ लघु कथामा जागीर खाएर मात्र नभई ओटी (थप समय) गर्दा आफ्नो सन्तानको अगाडि नै अस्तित्व गुमाउने कर्मचारीको जीवन प्रस्तुत गरिएको छ । यसरी समसामायिक विषयलाई आधार मानी लघु कथा सिर्जना गरिएको हुन्छ । यसकारणले गर्दा पनि समसामयिकता लघु कथाको विशेषताका रुपमा मानिन्छ ।

यस बाहेक लघु कथाका अन्य पनि विशेषताहरूमा सङ्केतात्मकता, सूक्ष्मता, गतिशीलता, जीवनको एक पक्षको प्रस्तुति आदि पर्दछन् । यी विशेषताले भरिपूर्ण भएको लघु कथा नै सबै पाठकको लागि लोकप्रिय बन्न सक्छ । त्यसैले पनि यी विशेषता अर्थात् गुणहरू नभएको लघु कथा अकथामा परिणत हुने देखिन्छन् ।

**२.३ लघु कथाका तफ्वहरू**

लघु कथा आख्यान साहित्यको एक प्रकार हो । यो सानो भए पनि भरिपूर्ण हुन्छ । आकारगत लघुता मात्र यसको पहिचान नभएर यसको आफ्नै खालको विशिष्ट पहिचान छ । लघु कथाको विषय, संरचनात्मक आयाम, विधागत चिन्तन, उद्देश्य र रचनाधर्मिता पनि आफ्नै तहको मौलिक हुन्छ । कथा र उपन्यास झैँ लघु कथा पनि कथाको सङ्क्षिप्त रूप होइन, (शर्मा, २०५६ : २६) भन्ने भनाइवाट कथा र लघु कथा स्वतन्त्र विधा हुन् भन्ने स्पष्ट हुन्छ । त्यसैकारण तत्त्व भन्नाले विषयवस्तुभित्र अन्तर्निहित एकाईलाई बुझ्नुपर्छ ।

कथा विधाका लागि विभिन्न तत्त्व आवश्यक भए जस्तै लघु कथामा विभिन्न तत्त्वहरू हुन्छन् भन्ने कुरामा विद्वान् तथा  साहित्यकारहरू सहमत पनि छन् । लघु कथाका तत्त्वहरूका सम्बन्धमा कसैले कथावस्तुमा जोड दिएका छन्, भने कसैले दृष्टिबिन्दु आदिमा जोड दिएका छन् । राजेन्द्र सुबेदीले लघु कथाका तत्त्वहरूमा- वस्तु, कथानक, पात्र, परिवेश, द्वन्द्व, कतुहलता र विचारलाई (२०५३ : २) राखेका छन् भने मोहनराज शर्माले स्थूल उपकरण र सूक्ष्म उपकरण गरी २ भागमा प्रस्तुत गरेका छन् । जस मध्ये स्थूल उपकरणमा कथानक, पात्र, परिवेश पर्दछन्, भने सूक्ष्म उपकरणमा भाषाशैली, उद्देश्य, दृष्टिबिन्दु पर्दछन् यी उपकरणहरू लघु कथामा तीब्र रूपले प्रयोग गरिन्छ । त्यस्तै लक्ष्मणप्रसाद गौतमले लघु कथामा आख्यान, वस्तु सन्दर्भ, परिवेश, पात्र विधान, द्वन्द्व संवाद, उत्सुकता, उद्देश्य, शैलीशिल्प हुनुपर्ने बताएका छन् (२०५६ : ६२) भने गोपाल अश्कले लघु कथाका तत्त्वहरूलाई दुई भागमा विभाजन गर्दै  मूख्य तत्त्वहरू घटना र पात्रलाई मानेका छन् भने गौण तत्त्वहरूमा परिवेश, उद्देश्य, दृष्टिबिन्दु, परिस्थिति, भाषा, स्थान र आयामलाई समावेश गरेका छन् (२०६५ :७) ।

यसरी विभिन्न साहित्यकारहरूले दिएको लघु कथाका तत्त्वहरूका आधारमा नेपाली लघु कथाका तत्त्वहरूलाई बुदाँगत रूपमा यस प्रकार प्रस्तुत गर्न सकिन्छ :

१. *कथानक/विषयबस्तु*

आवश्यक घटनाहरूको शृङ्खलात्मक र कलात्मक गठन र गुम्फन नै कथावस्तु हो (थापा, २०६६ : १४६) । त्यस्तै कथावस्तु वा कथानक भन्नु नै स्वयम् कथाकारको विचार, धारणा वा अनुभूतिको मूर्त अभिव्यक्ति वा प्रस्तुति हो (श्रेष्ठ, २०६६ : ९) । के का बारेमा लेखिदै छ, त्यो नै कथानक हो अथवा कुनै घटना वा विषयको बारेमा कथा लेखिदै छ यसको उत्तर नै कथाको मुख्य विषय हो । कथानक घटनावलीको योजना अथवा ढाँचालाई कथानक भनिन्छ (शर्मा, २०५५ : ३८४) । लघु कथाको विषय वा घटना सीमित हुन्छ । समाजमा

घटेका घटनाहरू अशृङ्खलित रूपमा रहेका छन् । ती घटनाहरूलाई कथात्मक कार्यकारण शृङ्खलामा संयोजन गर्नु नै कथानक हो । पात्रका क्रियाव्यापारको एक मूर्त आकृति नै कथानक हो (श्रेष्ठ, २०३९ : २९) । पात्रका क्रियाव्यापारको अर्थयूक्त घटनाहरूको अनुक्रम हुन्छ । यो अनुक्रमवाट कथात्मक मूल्य प्राप्त गरेपछि कथावस्तुको निर्माण हुन्छ । चल्तिका कथा तथा उपन्यासको जस्तै लघु कथाको कथानक ढाँचा निश्चित हुन्छ । बढी सङ्क्षिप्तता भएकोले लघु कथाको कथानक ढाँचा मुख्यतः रैखिक हुन्छ । आरम्भ उत्कर्ष र निष्कर्षको रैखिक ढाँचामा कथानकको गति तीव्र रूपमा हिँडेको हुन्छ । अत्यन्त सटिक पाराले अप्रत्यासित रूपमा सुरु भई निष्कर्षात्मक अन्त्योकर्षमा लघु कथा टुङ्गिएको हुन्छ । यसको कथानक संरचना सङ्क्षिप्त हुने भएकाले अत्यन्त प्रभावकारी हुन्छ । सानो अवधिमा घटेका सूक्ष्म वा स्थूल घटनाहरूलाई पनि सीमित समय र स्थानभित्रै पूर्ण कथात्मक संरचना र गूढ अभिव्यक्ति दिने खुबी लघु कथाको हुन्छ । यसैले कथामा जस्तो लघु कथामा पनि कथानक अनिवार्य तफ्वका रहेको हुन्छ ।

२. *पात्र/चरित्रचित्रण*

लघु कथाको अर्को तफ्वका रूपमा पात्र वा चरित्रचित्रण रहेको हुन्छ । कथा भनेको घटनाको कलात्मक शृङ्खला हो । घटना घट्दैन घटना घटाइन्छ, घटाउने पात्र हो (पोखेल, २०६० : ९३) । यसकारण लघु कथामा पात्र तथा चरित्रहरू कथावस्तु तथा उद्देश्यसित सम्बद्ध महफ्वपूर्ण पक्ष हुन् । कथावस्तुसित सम्बद्ध कथानकको गतिका संवाहक पात्र हुन् । अन्य कथामा झैँ लघु कथामा घटनाहरूको अथवा क्रिया व्यापारहरू निश्चित कलात्मक शृङ्खला हुन्छ र क्रियाव्यापार आफैँ हुँदैन गराइन्छ तथा घटना आफैँ घट्दैनन घटाइन्छ । कथानक अनुसार पात्र सङ्ख्या एक वा सो भन्दा बढी पनि हुन्छ । यसमा पात्रका चरित्रलाई सीमित बनाइएको हुन्छ । पात्रले नै कथालाई निर्देशित गर्दछ । कथालाई रोचक बनाउन पात्रलाई स्वतन्त्र छाडिदिनु पर्दछ । लघु कथामा मानव, पशुपंक्षी, माटो, जङ्गल, जनावर, मूर्त र अमूर्त सत्तात्मक पात्रहरू रहेको पाइन्छ । लघु कथामा पात्रको प्रयोग विषयवस्तु, क्रियाव्यापार र उद्देश्य अनुरूप लागु हुन्छन् । "लघु कथामा पात्र विधानता हुन्छ तर त्यो कथावस्तुको अतिसामान्य एवम् सीमित परिवेशमा हुन्छ र अत्यन्त थोरै पात्रको हुन्छ" (गौतम, २०५६ : ६२) । यसरी लघु कथामा पात्रको प्रयोग अनिवार्य हुन्छ । जसले कथालाई जीवन्त तुल्याउँछ ।

३. *परिवेश*

कथावस्तु तथा पात्रको आधारभूमि भनेको परिवेश हो । परिवेश भनेको स्थान र कालसित सम्बन्धित कुरा हो । कथामा वर्णित घटना वा स्थिति विशेषको एउटा धरातल हुन्छ । त्यस धरालतलाई भौतिक र मानसिक धरालतका रूपमा लिन सकिन्छ । कुन ठाउँ र कहिले घटना घट्यो भन्ने कुराको जानकारी परिवेशले बताउँछ (पोखेल, २०६० : ९३) । परिवेश नभईकन कथा लेख्न सकिँदैन् । परिवेशले मूल कथालाई उत्कर्षमा पुऱ्याउन सहयोग गदर्छ । लघु कथामा परिवेश सीमित र अनिवार्य हुन्छ । यसले घटनाहरूलाई समय सापेक्ष बनाइदिन्छ । यसमा वातावरणको भूमिका महफ्वपूर्ण र अनिवार्य हुन्छ । स्थानीय दृश्य र वातावरण चरित्रका मनोभाव र प्रेरणा अर्थ्याउने प्रतीक वा प्रतिच्छायाका रूपमा उपयोज्य भए कथाको परिवेश बढी टड्कारो हुन्छ (बराल, २०५३ : ६७) । लघु कथामा विषयवस्तु चयन गर्दा वा लेख्दा जस्तो परिवेश छ, त्यही किसिमको ध्वनि गुञ्जिरहेको हुन्छ तसर्थ कथावस्तु पनि परिवेश अनुकूल नै रहेको पाइन्छ । यसरी कथानक, पात्र जस्तै परिवेशलाई पनि लघु कथाको अनिवार्य तफ्वका रुपमा लिइन्छ ।

४. ***भाषाशैली***

भाषा मार्फत् नै लघु कथालाई मूर्त रूप प्रदान गरिने भएकोले यो संरचनात्मक अनिवार्य तफ्व मानिन्छ । कुनै पनि भाव या विचार अभिव्यक्त गर्ने माध्यम भाषा हो । भाषालाई अभिव्यक्ति गर्ने विभिन्न ढङ्ग र तरिका शैली हो (थापा, २०६६ : १५९) । जनसुकै विधामा पनि भाषा नभए कार्य अघि बढन् सक्दैनन । लघु कथाको आकारगत सङ्क्षिप्तताका कारण भाषाशैली पनि त्यसै प्रकारको चयन गरिन्छ । लघु कथाको भाषा आफ्नो सङ्क्षिप्त स्वरूपभित्र कथ्य विषयको प्रस्तुतिमा विस्तृत अर्थ सामर्थ्य लिएको हुने गर्छ । यसलाई अन्य विधा भन्दा भिन्न गराउने तफ्वमा कम समयमा सक्षमतापूर्वक तीव्र प्रभान्विति, अँटिलो कथन र सरल तर अर्थसारले भरिपूर्ण भाषा पनि एक हो । भाषाशैलीलाई लघु कथाको मुटुका रूपमा मानिन्छ । कथाको घटनालाई कुनै शैली अपनाएर कस्तो भाषा व्यक्त गर्ने भन्ने कुरा भाषाभित्र नै पर्दछ । लघु कथामा प्रायः वर्णनात्मक शैली अपनाई कथा सिर्जना गरिए पनि संवादात्मक, नाटकीय लगायत विविध शैली पनि आउने गर्दछन् । यसरी भाषाशैली बिना साहित्य पूर्ण नहुने स्पष्ट देखिन्छ । त्यसैले पनि भाषाशैली लघु कथाको महफ्वपूर्ण तफ्वका रुपमा रहेको छ ।

५. ***दृष्टिबिन्दु***

आख्यान विधाको अर्को महफ्वपूर्ण घटक भनेको दृष्टिविन्दु हो । प्रस्तुतीकरणसँग सम्बद्ध हुने यस घटकलाई अंग्रेजीमा 'प्वाइन्ट अफ भ्यु' भनिन्छ भने यसको समानार्थी शव्द दृष्टिकोण वा परिप्रेक्ष्य रहेका छन् । कथा वाचकले कथा सुनाउनका लागि उभिन वा बस्नलाई रोजेको ठाउँ विशेषलाई दृष्टिकोण वा दृष्टिविन्दु भनिन्छ (नेपाल, २००५ सन् : ९८) । कुनै आख्यान कसको कथा हो र त्यस कथालाई भन्ने समाख्याता को हो भन्ने कुरा नै दृष्टिविन्दु हो (शर्मा, २०५५ : ३८५) । आख्यानको एक प्रकार लघु कथा भएकाले यसमा पनि आख्यानमा प्रयुक्त हुने दृष्टिबिन्दुको भूमिका प्रस्ट रहन्छ । लघु कथाको आन्तरिक शिल्पसित सम्बद्ध एक मुख्य तफ्ं दृष्टिबिन्दु हो । लेखकले कथाको कथावस्तुको चयन, पात्र विधान र सारवस्तुको समेत निर्धारण गरिसकेपछि त्यसैको केन्द्रीयतामा दृष्टिबिन्दुको तय गर्दछ वा दृष्टिबिन्दुद्वारा लेखकले चरित्र, कार्यव्यापार, परिवेश, उद्देश्य आदिलाई पाठक सामु राख्दछ । कथामा जस्तै लघु कथामा पनि पात्रको अनिवार्यता हुने भएकोले कुन स्थानमा राखेर यसलाई एउटा निश्चित आकार दिने भन्ने कुरा दृष्टिबिन्दुको हुन्छ । लघु कथामा कथावस्तु कसरी व्यक्त भएको छ, र पाठकले त्यसलाई कुन रूपमा ग्रहण गरेको छ भन्ने कुरा दृष्टिबिन्दुवाट स्पष्ट हुन्छ । कथामा वाक्ता कि आफैँ भोक्ता बनेर विषयवस्तु भनिरहेको हुन्छ कि अरुलाई भन्न लगाइरहेको हुन्छ । तसर्थ कथामा बाह्य र आन्तरिक दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ । पात्रले कथानक भित्रको घटनालाई कुन रूपमा हेर्छ त्यही हेराइ नै दृष्टिबिन्दु हो । यसकारण पनि आख्यानमा अथवा लघु कथामा दृष्टिबिन्दु हुनु अनिवार्य हुन्छ ।

६. *उद्देश्य*

कथामा जीवनको कुनै एक पक्षको चित्रण र कुनै एक मनोदशाको प्रस्तुति हुन्छ । साथै आधारभूमिमा जीवन र जगत्सम्बन्धी दृष्टि कथाले प्रस्तुत गरेको हुन्छ । यसरी कुनै पनि कथाको आफ्नो उद्देश्य हुन्छ (थापा, २०६६ : १६३) । आधुनिक सन्दर्भमा कथा, लघु कथा कुनै पनि सत्यलाई चिनाउन, चरित्रको वैचित्र्यता देखाउन, समय विशेषका जीवन शैलीको चित्रण गर्ने उद्देश्यले लघु कथा सिर्जना गरिएको हुन्छ । त्यसैले साहित्यिक सिर्जना गर्नुको पछाडि केही न केही उद्देश्य हुन्छ । त्यसैकारणले गर्दा पनि कुनै स्रष्टाले आफूले विषयवस्तु चयन गर्दा वा सङ्ग्रहहरू प्रकाशित गर्दा कुनै न कुनै उद्देश्य लिएको देखिन्छ । कथाकारले जुन उद्देश्यका लागि लेख्न खोजिरहेको छ, त्यही अनुसार नै क्रियाकलाप गरी कथावस्तुलाई अगाडि बढाइरहेको हुन्छ । लघु कथाकारहरूले पनि लघु कथा लेख्दा आफ्नो उद्देश्य अर्थात्

जे भन्न खोजिएको हो त्यो कुरा पूरा भयो कि भएन भनेर लागि परिरहेका हुन्छन् । मुख्यतः पाठकलाई क्षण भरमा नै समाजमा विद्यमान राजनीतिक, सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक, जातीय आदि विकृति, विसङ्गति जस्तो कुनै पनि सत्यलाई चिनाउन तथा चरित्रको वैचित्रता देखाउन समय विशेषको अनुभव वा अनुभूति बताउन र स्थान विशेषको जीवन शैलीको सङ्क्षिप्त रूपमा मुक्त चित्रण गर्ने उद्देश्य लघु कथाको हुन्छ । लघु कथामा सामाजिक, राजनीतिक, आर्थिक तथा धार्मिक यथार्थको प्रस्तुति कलात्मक तरिकाले गरी समाज परिवर्तन गर्ने सन्देश दिने काम गर्दछन् । यसर्थ लघु कथाको मुख्य तफ्jमा उद्देश्य पनि रहेको छ ।

निष्कर्षमा भन्नुपर्दा उल्लिखित लघु कथाका तफ्वहरू आख्यानको संरचनाको अनिवार्य स्थूल तफ्वहरू सित मिल्न गए पनि यी तफ्वहरूमा समाहित हुन सक्ने केही सूक्ष्म ताफ्विक विशेषताहरू आख्यानको तीव्रता, व्यङ्ग्यात्मकता, एकोन्मुखता, द्वन्द्वात्मकता, यथार्थता र साहित्यिक ध्वन्यात्मकताको प्रधानता व्यावहारिक हुने भएकाले आख्यान साहित्यमा लघु कथा विधागत रूपमा स्थापित हुन गएको छ । यसरी लघु कथाको मुख्य तफ्व कथानक, पात्र, परिवेश, भाषाशैली र दृष्टिबिन्दु नै रहेका छन् ।

लघु कथाको अर्थ पनि कथावस्तुको सानो तथा छोटो आकार बुझिन्छ । कथाको उक्त प्रविधाको रूपमा यसलाई मानिन्छ । अङ्ग्रेजीमा short story, Mini story, short short story तथा वर्तमान समयमा आएर यसलाई shortest story भन्न थालिएको छ । यसको परिभाषामा पाश्चात्य, पूर्वीय विद्वान्हरूले परिभाषित गरेका छन् । सबै परिभाषालाई मनन् गर्दा लघु कथा थोरै शब्दको हुनुपर्ने, थोरै शब्दमा धेरै भाव अटाउँनु पर्ने, थोरै समयमा पढिसकिने, कल्पनाले सजिएको सङ्क्षिप्त आयामको स्वयम्मा पूर्ण हुनुपर्नेमा जोड दिएका छन् । यसका विशेषताहरूसबै कथासँग मिल्दाजुल्दा छन् । र यसलाई विश्लेषण गर्ने आधार र तफ्वहरू सबै आधुनिक नेपाली कथासँग मिल्छ । अतः यसका परिभाषा, विशेषता, तफ्वहरूले गर्दा यो विधा निकै अगाडि बढिरहेको छ । लघु कथा समय सान्दर्भिक पनि रहेको पाइन्छ । कथाकारहरुले समय सापेक्षका कथाहरू लेख्दै आएको हुनाले यसको महफ्व अझ बढ्दै गएको देखिन्छ ।

## तेस्रो परिच्छेद

# कपिल लामिछानेको सङ्क्षिप्त परिचय र लघु कथागत प्रवृत्तिहरू

## ३.१ विषय प्रवेश

कुनै पनि साहित्यिक कृति लेखकको जीवनीवाट नितान्त टाढा वा अलग रहन सक्दैन । ती कुराहरू लेखकको जीवनीगत अध्ययनवाट मात्र बुझ्न सकिन्छ । त्यसै गरी लेखकको साहित्यिक यात्राका सन्दर्भवाट पनि कृतिको मूल्याङ्कन गर्न सजिलो पर्दछ । त्यसकारण यस परिच्छेदमा कपिल लामिछानेको सङ्क्षिप्त परिचय र उनका लघु कथागत प्रवृत्तिको अध्ययन गरिएको छ ।

## ३.२ कपिल लामिछानेको सङ्क्षिप्त परिचय

कपिल लामिछानेको जन्म वि.सं. २०१५ असोज २४ गते, गण्डकी अञ्चलको कास्की जिल्लामा पर्ने माझठाना गा.वि.सं. वडा नं. १ सौरेमा भएको हो । उनी माता सुकमाया र पिता सुकदेव लामिछानेका ज्येष्ठ पुत्र रत्नका रूपमा जन्मिएका थिए (घिमिरे, २०६२ : १५) । मध्यम वर्गीय परिवारका कपिल लामिछानेको बाल्यकाल नौ वर्षसम्म जन्म स्थान सौरेमा नै बित्यो । दिदी र बुवावाट घरमै अक्षराम्भ गरेका लामिछानेले प्राथमिक तहको शिक्षा जनक प्रा.वि. माझठाना, नि.मा.वि. तहको शिक्षा रत्नशोभा माझठाना र मा.वि. अन्तर्गतको कक्षा आठको शिक्षा जनज्योति मा.वि. झाझरमारे, कालिकावाट हासिल गरेका हुने (शर्मा, २०५९ : ५) । त्यस पछि आर्थिक अभाव तथा पुस्त्यौनी ब्राह्मण परम्पराका कारणले गर्दा उनी पढ्ने उद्देश्यले बनारस पुगे । त्यहाँ उनले सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय (वाराणसी) अन्तर्गतको सामवेद ब्रह्मविद्या महाविद्यालयवाट १९७६ मा पूर्व मध्यममा द्वितीय श्रेणीमा उत्तीर्ण गरेका हुन् । शोधनायकले दिएको जानकारी अनुसार लामिछाने पढाइ कै सिलसिलामा लामिछानेले संस्कृत शिक्षावाट आफ्नो उन्नति नदेखेर उनी नेपाल फर्के । त्यसपछि बनारसवाट सिधै उनी काठमाडौं आएर वि.सं. २०३८ मा मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभाग, कीर्तिपुरमा स्नातकोत्तर तहमा भर्ना भए । उनी वि.सं. २०३९ को परीक्षामा प्रथम श्रेणीमा प्रथम स्थानसहित उत्तीर्ण भएका हुन् (भुसाल, २०६२ : ४११) । वि.स. २०६८ मा त्रि.वि. वाट लामिछानेले लोक साहित्यको एक महत्वपूर्ण विधाको रूपमा रहेको नेपाली **गाउँखाने कथाको संकलन र विश्लेषण** शीर्षकमा विद्यावारिधि गरेका छन् । साहित्यका क्षेत्रमा २०३४ सालको 'कामना' शीर्षक कविताबाट भएको हो भने आख्यान क्षेत्रमा २०४२ सालको **मिर्मिरे** पत्रिकामा 'मोहभङ्ग' कथा प्रकाशित गरेर प्रवेश गरेका हुन् । लामिछानेको प्रथम लघु कथा 'कुप्राहरूको देश' **अणु** (२०४४) पत्रिकामा प्रकाशित गरे पछि भएको हो ।

मध्यम वर्गमा जन्मिएका लामिछानेको पुख्यौली पेसा कृषि भए पनि उनले प्राध्यापन पेसालाई आफ्नो पेसा मानी त्यसैमा कार्यरत छन् । वि.सं २०४१ फागुन १६ गते देखि त्रि.वि. अन्तर्गत पर्ने भैरहवा बहुमुखी क्याम्पसमा नेपाली विषयको अध्ययन अध्यापन गर्दै र गराउँदै आएका छन् । वि.सं २०४१ फागुन १६ गतेवाट शिक्षण सहायकवाट प्राध्यापन थालेका लामिछाने २०४७ भदौ ३१ गते स्थायी भएका हुन् । वि.सं. २०५० ज्येष्ठ १८ गते उपप्राध्यापक तथा २०६३ बैशाख १२ गते सहप्राध्यपक भएका छन् (बरई, २०६५ : १६ ) ।

हाल लामिछाने कला सदन नामक निवासमा स्थायी रूपले बस्दै आएको देखिन्छ । कलाले एकातिर कलालाई सङ्केत गरेको छ भने अर्कोतिर कपिल लामिछानेको नामको सङ्क्षिप्त रूपलाई सङ्केत गरेको प्रष्ट हुन्छ । शिक्षण पेसा नै उनको मुख्य आय स्रोत हो भने विभिन्न पुस्तकवाट प्राप्त हुने लेखकस्व पनि लामिछानेको आम्दानीको स्रोत भित्र नै रहेको देखिन्छ (बरई, २०६५ : १७) ।

कपिल लामिछानेले पिता सुकदेव लामिछानेको उत्प्रेरणाका साथै गुरु, समाज र परिस्थितिवाट पनि प्रेरणा प्राप्त गरी साहित्य सिर्जनामा लागेका हुन् । परिवारमा कोही पनि सदस्य साहित्यिक क्षेत्रमा समर्पित नभए पनि लामिछानेलाई भने सबैको प्रेरणा मिलेको कुरा शोध नायकले यस शोधकर्तालाई बताएका थिए । उनी मुख्य प्रेरणा स्रोत चाँहि समाज र आफ्नो परिवारलाई नै मान्दछन् ।

**३.३ कपिल लामिछानेका प्रकाशित लेख, रचनाहरू**

कपिल लामिछानेले २०३४ सालमा वनारसवाट प्रकाशित हुने पत्रिका **कल्याणी**मा 'कामना' शीर्षकको कविता प्रकाशित गरी साहित्य क्षेत्रको औपचारिक यात्रा सुरु गरेका थिए । आख्यान विधाको यात्रा भने २०४२ सालमा **मिर्मिरे** (पूर्णाङ्क ५३) मा 'मोहभङ्ग' शीर्षकको कथा प्रकाशित भए पछि भएको हो (भट्टराई, २०५९ : ५८) । लघु कथामा वि.सं २०४४ मा **अणु** पत्रिकामा 'कुप्राहरूको देश' शीर्षकको लघु कथा प्रकाशित गरी उनले प्रवेश गरेका हुन् । यसरी साहित्यका विविध विधामा कलम चलाएका लामिछानेका हाल सम्मका प्रकाशित साहित्यिक कृतिहरू र फुटकर रचनाहरू यस प्रकार रहेका छन् :

**कथा सङ्ग्रह**

- मरुभूमिका पोथ्राहरू (२०४४)
- भोकयुद्ध (२०५७)

**लघु कथा सङ्ग्रह**

- अन्यथा (२०४४)
- जलमानव (२०६१)
- बोन्साई (२०६८)

**बाल कथा सङ्ग्रह**

- काले कुकुर (२०५१)
- अक्षर (२०५१)
- भाँडाकुटी (२०५८)
- सुनकथा (२०५९)
- राँके भूत (२०६१)
- नाङ्लोजत्रो फूल (२०६२)
- दसैँ पिङ र हात्ती (२०६३)
- कपिल लामिछानेका बाल कथाहरू (२०६६)

**बाल उपन्यास**

- ठूलो मान्छे (२०६३)
- मुसाको बस्ती (२०६४)

**बाल चित्रकथा**

- म्याउँम्याउँ बिरालो (२०६०)

**बाललोक कथा सङ्ग्रह**

- रमाइला केही कथा (२०६०)

**गाउँखाने कथा**

- रमाइला गाँउ खाने कथा (२०६१)
- हाम्रा गाउँ खाने कथा (२०६६)

**समालोचना**

- नेपाली साहित्यको सेरोफेरो (२०५८)
- नेपाली लोक गाथाको अध्ययन (२०६४)

**लामो कविता**

- अक्टोपसहरू (२०६१)

**पाठ्यपुस्तक कृति**

- अनिवार्य नेपाली व्याकरण र अभिव्यक्ति (२०६०)
- अनिवार्य नेपाली व्याकरण र अभिव्यक्ति (२०६०)
- साधारण नेपाली शिक्षाशास्त्र (स्नातक) (२०६१) सहलेखन

**लामिछानेका केही प्रकाशोन्मुख कृतिहरू**

- बाल उपन्यास- अप्पु डट. कम
- बाल जीवनी -कर्मले बने बुद्ध
- बाल चित्रकथा- सिंहको सेखी
- लामो कविता -प्लास्टिकका मनहरू आदि ।

वि.सं. २०३४ देखि साहित्यिक कृतिहरू प्रकाशनमा ल्याउन थालेका लामिछाने हालसम्म पनि साहित्यिक सिर्जनामा निरन्तर लागिरहेका छन् । यसरी तीन दशक बिताइसकेका लामिछानेका विभिन्न पत्रपत्रिकाहरुमा पनि फुटकर लेख, रचना, समालोचना, कथा, हास्यव्यङ्ग्य, एकाङ्की आदि रचनाहरू प्रकाशित गरेका छन्, ती यस प्रकार छन् :

**फुटकर लेख-रचनाहरू**

| क्र.सं. | नाम/शीर्षक | प्रकाशन काल | विधा | पत्रिका | कैफियत |
|---|---|---|---|---|---|
| १ | कामना | २०३४ | कविता | कल्याणी | मासिक |
| २ | नेपाल बनाऔं | २०३५ | कविता | कल्याणी | ,, |
| ३ | चिसो काख | २०४१ (सन् १९८३) | एकाङ्की | नियोजन | |
| ४ | पर्यटकहरूको क्यामरा, युगधारा र मेरो देश | २०४१ फाल्गुण १४ | निवन्ध | युगधारा | |
| ५ | मोहभङ्ग | २०४२ आषाढ | | मिर्मिरे | त्रैमासिक |
| ६ | प्रस्तावित संस्कृत विश्वविद्यालयः एकातिर खोलो अर्कोतिर भ्कोलुङ्गो | २०४३ वैशाख २६ | | निर्णय | दैनिकी |
| ७ | मदन पुरस्कार प्राप्त बैकुण्ठ एक्सप्रेस | २०४३ भाद्र ५ | | निर्णय | दैनिक |
| ८ | निर्भीक समालोचक रामकृष्ण | २०४३ | समालोचना | निर्णय | ,, |
| ९ | वैकुष्ठ एक्सप्रेसको अभीष्ट | २०४३ | समालोचना | निर्णय | ,, |
| १० | मुनामदन वैचारिक मूल्याङ्कन | २०४३ | समालोचना | बौद्धिक उद्यान | ,, |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | सृजनात्मक लेखनका केही अनुभव | २०४३ | समालोचना | पाठ्क्रम विकास | |
| १२ | राष्ट्रिय विकास र पञ्च कार्यकर्ता | २०४३ आश्विन ३१ | | सुसेली | त्रैमासिक |
| १३ | प्रथम नेपाली पत्रकार मोतीराम भट्ट | २०४३ भाद्र २१ | | निर्णय | दैनिक |
| १४ | पञ्चायती रजत जयन्ती वर्ष केही चुनौतीहरू | २०४३ भाद्र २० | | सुसेली | त्रैमासिक |
| १५ | तेञ्जिङ र सगरमाथा | २०४३ जेष्ठ १ | | निर्णय | दैनिक |
| १६ | भानुभक्त आचार्य नेपाली साहित्यका जग र नेपाली संस्कृति घोतक | २०४३ श्रावण २ | | निर्णय | ,, |
| १७ | नेपाली, पत्रकारिता पच्चीस वर्ष | २०४३ कार्तिक | | सुसेली | त्रैमासिक |
| १८ | गल्भट | २०४२ | | युगज्योती | |
| १९ | मुस्ताङ सन्देश | २०४४ | समीक्षा | मिलन | |
| २० | गजलकार मोतीराभट्ट | २०४४ | समालोचना | समालोचना | दैनिक |
| २१ | खाइस जागिर | २०४४ आषाढ | निबन्ध | मुक्ति सन्देश | |
| २२ | पृथ्वी लाम्चो छ | २०४४ भाद्र २५ | निबन्ध | समालोचना | दैनिक |
| २३ | अथ ग्याङ भक्ति महात्म्यम् | २०४४ आश्विन ४ | निबन्ध | समालोचना | " |
| २५ | विस्थापित | २०४४ पौष | ? | समालोचना | " |
| २६ | नेपाली आधारभूत आवश्यकताहरू | २०४५ पौष १४ | लेख | लुम्बिनीदूत | |
| २७ | चाकरिक्स : उक टिप्पणी | २०४५ पौष २० | निबन्ध | लुम्बिनी | दैनिक |
| २८ | सत्यको मुख | २०४५ माघ १६ | निबन्ध | लुम्बिनी | दैनिक |
| २९ | जयेन्द्रकुमार : एउटा अनौठो संयोग | २०४५ माघ २२ | लेख | लुम्बिनी | " |
| ३० | आसामदेखि मणिपुरसम्म एक अवलोकन | २०४५ चैत्र २६ | समीक्षा | विचार | |
| ३१ | मट्याङ्ग्राका चोट | २०४६ जेष्ठ ३२ | समीक्षा | सिद्धार्थ | दैनिक |
| ३२ | आदर्शको कोणवाट म र मेरो देश | २०४६ आषाढ २३ | निबन्ध | लुम्बिनी | " |
| ३३ | हिमाल र मान्छे: बाध्यताभित्र बाँचेको मान्छे | २०४६ | पुस्तकसमिक्षा | मुक्ति सन्देश | |
| ३४ | ज्योति, ज्योति, महाज्योति : एक हेराइ | २०४६ | समालोचना | सिद्धार्थ | दैनिक |
| ३५ | साहित्य र पत्रकारिता | २०४६ | समालोचना | पाठ्क्रम विकास | वार्षिक |
| ३६ | दौलतविक्रम विष्टकको औपन्यासिक यात्रा | २०४६ | सामालोचना | आकार | |
| ३७ | जून तारा : एक हेराइ | २०४६ | समालोचना | कृष्णप्रसाद पराजुली आस्थाका आयाम | |
| ३८ | प्रगीतिवादी कथ्य र शिल्पका | २०४६ कात्तिक | समालोचना | जनमत | त्रैमासिक |

| | | | | | |
|---|---|---|---|---|---|
| | सन्दर्भमा हृदयका फूलहरू | | | | |
| ३९ | भाषा, बालभाषा र बालसाहित्य | २०४६ | समीक्षा | बालसाहित्य | |
| ४० | बालजीवनी लेखन | २०४७ | समीक्षा | बालसाहित्य | |
| ४१ | चिसो चुल्लो प्रेमविश्लेषण | २०४७ | समीक्षा | नेपाली वाङ्मय | |
| ४२ | अभ्र कति | २०४७ आषाढ १ | गजल | मुक्ति सन्देश | |
| ४३ | सरकार लाक्षी भए पनि जनता त सुरा छन् | २०४७ आषाढ ४ | लेख | जनता | साप्ताहिक |
| ४४ | एसियाली गृहमन्त्री | २०४७ श्रावण १६ | लेख | लुम्बिनी | दैनिक |
| ४५ | साम्राज्यवाद मुर्दावाद | २०४७ माघ ८ | लेख | लुम्बिनी | " |
| ४६ | कुवेत वास्तवमा मुक्त होला त? | २०४७ माघ २२ | लेख | लुम्बिनी | " |
| ४७ | साम्राज्यवादीहरूबेनकाब भएका छन् | २०४७ माघ २५ | लेख | लुम्बिनी | " |
| ४८ | महाकविको सम्झना | २०४७ कार्तिक | समीक्षा | मुक्ति सन्देश | |
| ४९ | कवि युद्धप्रसाद मिश्रप्रति श्रद्धाञ्जली | २०४७ फाल्गुण २१ | लेख | ? | |
| ५० | इतिहास सङ्घारमा मातृभूमि | २०४७ | मुक्तक | ? | |
| ५१ | जुका | २०४७ | अणु कविता | अणु-९ | अर्धवार्षिक |
| ५२ | महल | २०४७ | मुक्तक | अणु-९ | " |
| ५३ | हस्ती | २०४७ | मुक्तक | अणु-९ | " |
| ५४ | राष्ट्रभाषाका रूपमा नेपाली भाषा | २०४८ | समालोचना | क्षितिज | |
| ५५ | गजल | २०४८ | मुक्तक | मुक्ति सन्देश | |
| ५६ | गाउँखाने कथामा अश्लीलताको पुट | २०४८ | समालोचना | जुही | त्रैमासिक |
| ५७ | लीला उदासीका कविताभित्र चाहार्दा | २०४८ | समालोचना | जनमत | " |
| ५८ | कपिल लामिछाने बुँद अनि बुँद | २०४९ जेष्ठ ८ | लेख | निर्णय | दैनिक |
| ५९ | व्यवस्थीत वस्ती र गाउँ विकास | २०४९ भाद्र ११ | समीक्षा | निर्णय | " |
| ६० | पर्यटन र साहित्य | २०४९ आश्विन १६ | निबन्ध | निर्णय | " |
| ६१ | पीत पत्रकारित र नेपाली पत्रकारिता | २०४९ पौष ८ | समालोचना | युज्ञ ज्ञान | |
| ६३ | बसाईंको वैचारिक पक्ष | २०४९ | समीक्षा | क्षितिज | |
| ६४ | पराजुलीका गीतमा राष्ट्रिय सन्दर्भ | २०४९ | समालोचना | गरिमा | त्रैमासिक |
| ६५ | भानुभक्त रचनामा पाइने हास्यव्यङ्ग्य | २०४९ | समालोचना | पाठ्यक्रम विकास | |
| ६६ | बाललेखन : समस्या र समाधान | २०४९ | समालोचना | बालसाहित्य | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६७ | सिङ्गो मुलुक सलामीमा झुकेको छ | २०५० जेष्ठ २० | कविता | दृष्टि | साप्ताहिक |
| ६८ | शब्दकोशको प्रयोजन र प्रयोग विधि | २०५० | समालोचना | साधना | |
| ६९ | नेपालका भोट-बर्मेली-चिनियाँ भाषापरिवारका भाषाका सन्दर्भमा गुरु | २०५१ | भाषिक लेख | न्हाँधरी | |
| ७० | अफिस-आ फिस | २०५१ | कविता | अणु | अर्धवार्षिक |
| ७१ | वी.पी. को वाटो | २०५१ | काविता | दीपिका | |
| ७२ | मान्छे महान् | २०५१ | कविता | ? | |
| ७३ | बगैंचाको हात | २०५१ | कविता | जनमत | त्रैमासिक |
| ७४ | सर्वोच्च नेताको भाषण | २०५२ जेष्ठ | एकाङ्की | लुम्बिनी | दैनिक |
| ७५ | पर्यावरण गोष्ठी | २०५३ जेष्ठ १९ | कविता | लुम्बिनी | " |
| ७६ | बुँद रानाको अब किन भान्थिन् | २०५३ | समालोचना | मिर्मिरे | त्रैमासिक |
| ७७ | चौर झारी | २०५३ जेष्ठ २३ | कविता | लुम्बिनी | दैनिक |
| ७८ | स्वदेशी भावना | २०५३ साउन २६ | बालकविता | लुम्बिनी | " |
| ७९ | भाउ | २०५३ | बालकविता | लुम्बिनी | " |
| ८० | बूढाको विगत | २०५३ पौष २० | कविता | लुम्बिनी | " |
| ८१ | जोगी आए जगत् हल्लाए | २०५३ चैत्र २४ | लेख | छलफल | " |
| ८२ | काली बुढी सेती बुढी | २०५३ आषाढ | निवन्ध | जनमत | त्रैमासिक |
| ८३ | शैक्षिक मूल्याङ्कन प्रक्रिया | २०५३ | लेख | बौद्धिक उद्यान | |
| ८४ | भेरि क्षेत्रिय नेपाली क्रियाको संरचनात्मक विश्लेषण सानो पुस्तिका ठूलो उपलब्धि | २०५४ श्रावण-कार्तिक | पुस्तक परिचय | जनमत | त्रैमासिक |
| ८५ | सहिदको रगत | २०५५ वैशाख २० | कविता | श्रीनगर | साप्ताहिक |
| ८६ | माघै शीत पुसै शीत | २०५५ वैशाख २३ | बालकथा | कान्तिपुर कोपिला | मासिक |
| ८७ | दाइजो | २०५५ पौष | कथा | जुही | त्रैमासिक |
| ८८ | विसौनीः एक समीक्षा | २०५६ आश्विन | पुस्तकसमीक्षा | मधुपर्क | " |
| ८९ | एक्काइसौं शताब्दी पख | २०५६ पौष १७ | कविता | मुक्ति सन्देश | दैनिक |
| ९० | आँखा उघारेर आऊ | २०५७ | कविता | रा.बा.बैंक कर्मचारी संघ क्षेत्रयि समिति, बुटवलको स्मारिका | |
| ९२ | रुद्र ज्ञवालीको कथाकाति | २०५७ | समालोचना | क्षितिज-९८ | |
| ९३ | मोदनाथ शास्त्रीय रचनामा जीवन दृष्टि | २०५७ | समालोचना | जनमत | त्रैमासिक |
| ९४ | योजनगन्धाको सङ्क्षिप्त आलोचना | २०५७ | समालोचना | दीपशिखा | |
| ९५ | मोहन दुवालको कवितामा मानवतावाद | २०५७ | समालोचना | क्षितिज | |
| ९६ | फूलको राजा | २०५८ भाद्र १५ | बालकथा | कान्तिपुर कोपिला | मासिक |
| ९७ | घुरहु चौधरी बहुलायो | २०५८ पौष ५ | समालोचना | जनसङ्घर्ष | दैनिक |

| | | | | | |
|---|---|---|---|---|---|
| | कथामा समाज चित्रण | | | | |
| ९८ | उनीहरूको टारी खेत | २०५८ पौष | बालकथा | बाल तारा | |
| ९९ | बालशिक्षाको विकासमा बालसाहित्यको प्रयोग | २०५८ | समालोचना | बाल साहित्य | |
| १०० | सैद्धान्तिक परिप्रेक्ष्यमा नेपाली मुक्तक | २०५८, आश्विन | समालोचना | जनसङ्घर्ष | |
| १०१ | मोहन, सोहन र कछुवा | २०५८, माघ ५ | बालकथा | कान्तिपुर कोपिला | मासिक |
| १०२ | कठपुतलीहरू | | कविता | मेचीकाली | दैनिक |
| १०३ | मनै त हो नि | | कविता | मेचीकाली | " |
| १०४ | यस्तो लाग्छ | | कविता | मेचीकाली | " |
| १०५ | गुहार | | कविता | पाहुर | |
| १०६ | क्षितिजको कोट | | कथा | नवयुग | |
| १०७ | भष्मासुर | | सूत्रकथा | दायित्व | त्रैमासिक |
| १०८ | मेरो सपना | | कविता | लुम्बिनी | दैनिक |
| १०९ | मुक्तक (पाँचवटा) | | कविता | मेचीकाली | " |
| ११० | सम्झनाको स्कुल | | बालकथा | कान्तिपुर कोपिला | मासिक |
| १११ | रुख र मान्छे | | बालकथा | मुना | मासिक |
| ११२ | गुरुचेला | | कथा | कामना | |
| ११३ | डल्लीलाई गोप्य चिठी | | कथा | भावना | |
| ११४ | प्रजातन्त्र | | कविता | जनमत | त्रैमासिक |
| ११५ | पठनीय बालबापुस्तकः लहरेपिपलको कथा | | पुस्तक समीक्षा | भावना | |
| ११६ | मुक्तक दुईवटा | | कविता | अभिव्यक्ति | |
| ११७ | रात्रीक्रिडा | | लघु कथा | मिर्मिरे | त्रैमासिक |
| ११८ | समपूर्वको नेपाली नाटक | | समालोचना | साधना | |
| ११९ | अनुपको बानी | | पुस्तक समीक्षा | कान्तिपुर कोपिला | मासिक |
| १२० | चुमेरुको नयाँ कीर्तिः चिन्तन समालोचना | | समीक्षा | जनसङ्घर्ष | दैनिक |
| १२१ | कर्मले बने बुद्ध | | बालकथा | मुना | मासिक |
| १२२ | रत्नपार्क | | कथा | सगर | |
| १२३ | नाङ्लाजत्रो, फूल | | बालकथा | मुना | मासिक |
| १२४ | चट्टान | | कविता | मधुपर्क | त्रैमासिक |
| १२५ | बाँदरको घर | | बालकथा | कान्तिपुर कोपिला | मासिक |
| १२६ | बाल बगैंचामाथि विहङ्गम दृष्टि | | पुस्तकसमीक्षा | जनमत | त्रैमासिक |
| १२७ | बाघको भाई | | बालकथा | मुना | मासिक |
| १२८ | मुक्तकको सैद्धान्तिक परिचय | | समालोचना | शब्ददुत | त्रैमासिक |
| १२९ | गोल | | लघु कथा | सगुन | |
| १३० | भिजिट नेपाल | | एकाङ्की | मिर्मिरे | त्रैमासिक |
| १३१ | स्वागत नेपालका स्वागतयोग्य स्वर | | पुस्तकसमीक्षा | जनसङ्घर्ष | दैनिक |
| १३२ | नेपाली गाउँखाने कथामा औद्योगिक उत्पादनको | | समालोचना | भावना | |

| | | | | | |
|---|---|---|---|---|---|
| | प्रविष्टि | | | | |
| १३३ | सद्विचारमाथि केही विचार | | पुस्तक समीक्षा | जनसङ्घर्ष | दैनिक |
| १३४ | 'ठुले राई' खण्डकाव्यमा समकालीन यथार्थको सशक्त अभिव्यक्ति | | पुस्तक समीक्षा | जनसङ्घर्ष | " |
| १३५ | प्रगतिवादी नेपाली नाटक : परम्परा र प्रवृत्ति | २०५९ | समालोचना | प्रलेस | |
| १३६ | सामाजिक यथार्थवादका कसीमा मुलुकबाहिर | २०५९, चैत्र | समालोचना | जनमत | त्रैमासिक |
| १३७ | चुमेरको नयाँ कृति : चिन्तन र समालोचना | २०६० | समालोचना | जनमत | " |
| १३८ | आमाछोरीको काम | २०६० माघ २४ | पुस्तक समीक्षा | जनसङ्घर्ष | दैनिक |
| १३९ | म सानो मान्छे | २०६० चैत्र १६ | गजल | जनसङ्घर्ष | " |
| १४० | मेरी आमा | २०६० चैत्र २१ | गजल | जनसङ्घर्ष | " |
| १४१ | दुम्सी दाई वाघ | २०६० | बालकथा | कान्तिपुर कोपिला | मासिक |
| १४२ | खोफ्याक-खोफ्याक | २०६१ वैशाख | कथा | गोधुली | |
| १४३ | अप्पुको नेपाल यात्रा | २०६१ वैशाख-आषाढ | बालउपन्यास | तन्नेरी | त्रैमासिक |
| १४४ | पठनीय बालउपन्यास परिवर्तन | २०६१ जेष्ठ ११ | पुस्तक समीक्षा | जनचेतना | |
| १४५ | ज्ञानवर्द्धक बालउपन्यास डा. चिम्पु चिम्पाञ्जी | २०६१ श्रावण १८ | कृति समीक्षा | जनसङ्घर्ष | दैनिक |
| १४६ | सागरका कथाहरूको सार | २०६१ श्रावण २३ | पुस्तक समीक्षा | कान्तिपुर कोपिला | मासिक |
| १४७ | चम्किला चौध कोपिला र कोपिला फुलाउने कवि आचार्य | २०६१ श्रावण २५ | समीक्षा | जनसङ्घर्ष | दैनिक |
| १४८ | सिंहको सेखी | २०६१ भाद्र ७ | बालकथा | जनसङ्घर्ष | " |
| १४९ | जून चुहेको रातमा क्षणिक विचरण | २०६१ कार्तिक-मंसिर | पुस्तकसमीक्षा | रचना | |
| १५० | लामिछानेका पाँच लघु कथा | २०६१ कार्तिक | लघु कथा | शब्ददूत | त्रैमासिक |
| १५१ | एड र एड्स | २०६१ मंसिर-माघ | कविता | बनिता-३० | |
| १५२ | समयको तस्वीर | २०६१ पौष १७ | पुस्तक परिचय | कान्तिपुर | दैनिक |
| १५३ | अनुच्छेदहरू | २०६१ | सुत्रकथा | अनुराग | |
| १५४ | दोस्त पनि ... | २०६१ | गजल | दायित्व ४९/१८ | |
| १५५ | कथा कसरी लेख्ने ? | २०६१ | समालोचना | जितगढी-६ | |
| १५६ | मम्मी ! मम्मी ! | २०६१ | बालगीत | बालसुसेली-६ | |
| १५७ | थारो गाई | २०६१ | लघु कथा | अन्नपूर्ण स्मारिका | |
| १५८ | रुद्र ज्ञवालीको कथाकारिता | २०६१ | समीक्षा | जनमत-९८ | त्रैमासिक |
| १५९ | हिसाब | ? | लघु कथा | ? | |
| १६० | मिङभार पठनीयवस्तु | ? | समीक्षा | ? | |

| | | | | | |
|---|---|---|---|---|---|
| १६१ | तमसुक च्यात्नु छ अझै | ? | कविता | ? | |
| १६२ | कवि हिरण्य ज्ञवालीको विसौनीः प्राथमिक समीक्षा | | पुस्तक परिचय | मधुपर्क | त्रैमासिक |
| १६३ | जङ्गलका रमाइला कथाहरू | २०५९ | समीक्षा | जनसङ्घर्ष | दैनिक |
| १६४ | नेपाली लोकरामायण : एक अध्ययन | २०६०/२०६१ | समालोचना | कुञ्जिनी | वार्षिक |
| १६५ | नेपाली साहित्यमा शकुन्तलोपाख्यान | २०६१ | समालोचना | सुनकोशी | |
| १६६ | रमाइलो बालपुस्तक : माहुरी पुस्तकालय | २०६२,असार | समालोचना | जनमत | त्रैमासिक |
| १६७ | पठनीय बालपुस्तक : माहुरीको पुस्तकालय | २०६२,पुस | समालोचना | भावना | |
| १६८ | घनश्याम न्यौपाने परिश्रमीका गजलको अर्न्तवस्तु | २०६२ | | यथार्थवादी नेपाली समालोचना | |
| १६९ | साहित्यकार मोदनाथ शास्त्रीका रचनामा प्रगतिवादी पुट | २०६२ | समालोचना | यथार्थवादी नेपाली समालोचना | |
| १७० | नेपाली लोकसाहित्यको अध्ययन परम्परा | २०६२ | समालोचना | प्रज्ञा | |
| १७१ | विश्व शाक्यको व्यङ्ग्य–चिन्तन | २०६२ | समालोचना | जुही | त्रैमासिक |
| १७२ | मान्छेभित्र मान्छेको खोजी : हाइकुको नयाँ सँगालो | २०६२ | समालोचना | दायित्व | |
| १७३ | नेपाली गाउँखाने कथामा कवितात्मकता | २०६२ | समालोचना | गौमुखी सौरभ | |
| १७४ | नेपाली गाउँखाने कथाको रूपात्मक विश्लेषण | २०६२ | समालोचना | जनमत | त्रैमासिक |
| १७५ | विधा सिद्धान्तको परिप्रेक्ष्यमा लोकसाहित्यका विधाहरूको परिचय | २०६३ बैशाख | समालोचना | क्षितिज | |
| १७६ | सिद्धार्थ साहित्य परिषदको इतिवृत | २०६३ असार | समालोचना | पदचिन्ह | |
| १७७ | लोकसाहित्यिक अध्ययनका प्रमुख प्रक्रिया र पद्धतिहरू | २०६३ असार | समालोचना | सञ्जीवनी | |
| १७८ | नेपाली टुक्काको विश्लेषणत्मक अध्ययन | २०६४ बैशाख | समालोचना | ज्ञानज्योति | |
| १७९ | नाटक र लोकनाटक | २०६४ कात्तिक | समालोचना | सोपान | मासिक |
| १८० | नेपाली लोकगाथाको प्रकारगत वर्गीकरण | २०६४ | समालोचना | दायित्व | |
| १८२ | नेपाली लघु कथा र समकालीन सन्दर्भ | २०६४ फागुन | समालोचना | मिर्मिरे | त्रैमासिक |
| १८३ | कवयित्री सन्तु श्रेष्ठका केही काव्य बान्की | २०६४ | समालोचना | कुहिरोभित्र श्वेत बान्की : कृति एक दृष्टि अनेकमा सङ्ग्रहीत | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| १८४ | हस्सुभित्रको घाममा उज्यालोको खोजी | २०६४ | समालोचना | दायित्व | |
| १८५ | पसिनाको सङ्गीत र जीवनको गीतभित्रको अन्तर्वस्तु र शिल्प | २०६४ असार | समालोचना | क्षितिज | |
| १८६ | गाउँखाने कथामा लोकवार्ताको संवाहन | २०६५ | समालोचना | मिर्मिरे | त्रैमासिक |
| १८७ | मुरारि पराजुलीको हाँसेर उसका ओठले भित्रको अन्तर्वस्तु र रूपरचना | २०६५ असार | समालोचना | मधुपर्क | ” |
| १८८ | सलिजो : नयाँ वस्तु, नयाँ चिन्तन, नयाँ शैली, नयाँ प्राप्ति | २०६६ फागुन १ | समालोचना | जनसङ्घर्ष | दैनिक |
| १८९ | अविरल बग्दछ इन्द्रावतीमा प्रयुक्त टुक्काको सर्वेक्षण र विश्लेषण | २०६६ | समालोचना | शब्द संयोजन | |
| १९० | चुडामणि रेग्मीको हास्यव्यङ्ग्यकारिता | २०६६ | समालोचना | चुडामणि रेग्मी अभिनन्दन | |
| १९१ | शान्तिदूत महाकाव्यको सान्दर्भिकता | २०६७ | समालोचना | जनमत | |
| १९२ | नेपाली उपन्यासको विकासमा भवानी भिक्षु | २०६७ | समालोचना | भृकुटी जर्नल | |
| १९३ | नेपाली गाउँखाने कथाको वाक्यात्मक संरचनाको अध्ययन | २०६७ | समालोचना | भैरहवा क्याम्पस जर्नल | |
| १९४ | अलिमिया खण्डकाव्यका अलिमियाको खोजी | २०६७ | समालोचना | नवप्रज्ञापन/ छन्दनायक माधव वियोगी | |
| १९५ | वाटुली पत्रकाव्यको प्राप्ति | २०६७ | समालोचना | सगुन | |
| १९६ | विद्रोही काले महाकाव्यमा विद्रोहको स्वर | २०६७ | समालोचना | जुही | त्रैमासिक |
| १९७ | युद्ध विभीषिकाको अभिलेखका रूपमा आमाहरूउपन्यास | २०६७ | समालोचना | जुही | त्रैमासिक |
| १९८ | नवराज रिजालका लघु कथाहरू: लघु कथामा एक खुट्किलो | २०६७ | | माटो खोज्दैको भूमिकात्मक लेख | |
| १९९ | ‘बिनाअर्थ’ गजलको संरचनात्मक विश्लेषण | २०६७/२०६८ चैत्र, बैशाख, जेठ | समालोचना | जुही | त्रैमासिक |
| २०० | वाटुली पत्रकाव्यमा सुखद भविष्यको परिकल्पना | २०६८ बैशाख | समालोचना | शब्द साधन | |
| २०१ | ‘पचास रुपियाँको तमसुक’ नाटकको विश्लेण र मूल्याङ्कन | २०६८ | समालोचना | मोदनाथ प्रश्रित : केही अध्ययन | |
| २०२ | नेपाली गाउँखाने कथामा सांस्कृतिक सन्दर्भ | २०६८ | समालोचना | भैरहवा क्याम्पस जर्नल | |

| | | | | | |
|---|---|---|---|---|---|
| २०३ | नेपाली गाउँखाने कथामा नवीनता | २०६८ | समालोचना | भृकुटी जर्नल | |
| २०४ | आमा उपन्यासमा द्वन्दको दर्द | २०६८ | समालोचना | शब्दसिन्धु | त्रैमासिक |
| २०५ | प्रथम नेपाली पत्रकार : मोतीराम भट्ट | २०६८ | समालोचना | निर्णय | दैनिक |
| २०६ | नेपालका भोट बर्मेली चिनियाँ भाषा परिवारका सन्दर्भमा गुरुङ भाषाको परिचय | २०६८ | समालोचना | न्हाँघरी | |
| २०७ | गण्डकी क्षेत्रको सांस्कृतिक सम्पदा झल्काउने गहकिलो पुस्तक | २०६८ | समालोचना | शब्दसिन्धु | त्रैमासिक |
| २०८ | प्रेमा छोटाका प्रारम्भिक कथाबारे | | | | |
| २०९ | डम्बर घिमिरे : मुक्तक, हास्य र व्य | | | | |
| २१० | वैचारिक तुलिकामा ओमर खैय्याम र आनन्ददेव भट्ट | २०६८ | | हाम्रो सिर्जना | |
| २११ | गाउँखाने कथा सिद्धान्त | २०६८ | | भैरहवा क्याम्पस जर्नल | |
| २१२ | डिल्लीराज अर्यालको घोल्कीमा बस्ने रहरभित्र पस्दा | २०६८ | समालोचना | जनमत | त्रैमासिक |
| २१३ | उपकथाको औंल्याएका सन्दर्भहरू | २०६८ | समालोचना | मुक्तिसन्देश | |

माथि दिइएका लामिछानेका कृति तथा लेख रचनाहरुवाट के स्पष्ट हुन्छ भने लामिछानेले नेपाली साहित्यको विकास, प्रवर्द्धन र उत्थानमा महत्वपूर्ण योगदान पुऱ्याएका छन् ।

### ३.४ सम्मान तथा पुरस्कारहरू

कपिल लामिछानेले साहित्यकका विविध विधामा कलम चलाएका छन् । साहित्यिक क्षेत्रमा योगदान पुऱ्याए वापत् लामिछानेलाई राष्ट्रिय तथा क्षेत्रीय रूपमा विभिन्न संघसंस्था तथा प्रतिष्ठानहरूले मान-सम्मान, पदक तथा पुरस्कारले सम्मानित गरेका छन् । उनले प्राप्त गरेका सम्मान तथा पुरस्कारहरू यस प्रकार छन् :

- **रजत पदक** - काठमाडौंमा लिइएको गीता विषयक परीक्षामा उत्कृष्ट– २०३७

- **महेन्द्र विद्याभूषण** - स्नातकोत्तर तह (नेपाली) मा प्रथम श्रेणीमा प्रथम स्थान हासिल गरेबापत्– २०४१
- **मकबुल अहमद लारी स्वर्णपदक** - स्नातकोत्तर तहमा प्रथम श्रेणीमा प्रथम स्थान प्राप्त– २०५०
- **नूर गङ्गा बाल साहित्य प्रतिभा पुरस्कार** - बालसाहित्यमा योगदान पुऱ्याएकोमा ध्रुव घिमिरेका साथ संयुक्त रूपमा – २०५३
- **शिक्षा पुरस्कार**- शिक्षा क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएकामा – २०५३
- **जमर्को उत्कृष्ट बालसाहित्य पुरस्कार**- अक्टोपसहरूलामो कविता उत्कृष्ट भएमा – २०५९
- **दीपा-जनमत सम्मान** - भाषा साहित्यमा योगदान गरेवापत्– २०५९
- **तन्नेरी प्रतिभा सम्मान**- नेपाली भाषा एवम् साहित्य क्षेत्रमा लामो समयसम्म योगदान दिए संरुk सक्रियले– २०६०
- **जुही हास्यव्यङ्ग्य सम्मान** -जुही पत्रिकालाई सहयोग गरेकाले– २०६२
- **शान्तिका लागि राजदुत** (२०६३)
- **सकला सिद्धार्थ वाङ्मय पुरस्कार**- 'दशैं, पिङ् र हात्ती' बालकथा सङ्ग्रहका लागि– २०६३
- **सिद्धार्थ साहित्य पुरस्कार** -२०६४
- भाषा र साहित्यमा योगदान गरेवापत **न्यू होराइजन साहित्यिक परिवार, रूपन्देही**द्वारा सम्मान- २०६४
- **अलिमियाँ लोक वाङ्मय सम्मान** - नेपाली साहित्यमा विशिष्ट योगदान पुऱ्याए वापत् अलि मियाँ लोक वाङ्मय प्रतिष्ठान, पोखराद्वारा देवकोटाको शतवार्षिकीको विशेष अवसरमा प्रदान– २०६६
- **त्रि.वि. दीर्घ सेवा पदक**- त्रि.वि.मा २५ वर्षसम्म निरन्तर सेवा गरेबापत्– २०६६
- **झर्रो नेपाली रत्न** - नेपाली भाषामा योगदान गरेकाले– २०६६
- **दोभान साहित्यिक प्रतिभा**- बालसाहित्य क्षेत्रमा गरेको योगदान स्वरूप – २०६६

त्यस्तै विविध प्रकारले साहित्यिक क्षेत्रमा सेवा गरेकाले लामिछानेलाई स्थानीय संघसंस्थाले समेत सम्मान गरेका छन् । ती यस प्रकार रहेको पाइन्छ :

- **निर्मलादेबी गौतम साहित्य पुरस्कार** (२०६७)
- **भैरहवा बहुमुखी सम्मान पत्र** (२०६८)
- **जगतचन्द्र विद्वत् वृत्ति** (२०६८) आदि ।

यसरी लामिछाने राष्ट्रिय तथा क्षेत्रीय रुपमा विभिन्न पुरस्कारवाट पुरस्कृत एवम् सम्मानित भएको देखिन्छ । यसका अतिरिक्त उनी औपचारिक तथा अनौपचारिक सभा समारोहमा सम्मान तथा पुरस्कृत हुने क्रम जारी नै रहेको छ ।

**३.५ कपिल लामिछानेको लघु कथागत प्रवृत्तिहरू**

कपिल लामिछानेको त्रिपन्न वर्षे जीवनयात्रा हेर्दा उनले सामाजिक, सांस्कृतिक, राष्ट्रिय, समसामायिक घटनाचक्र र परिवेशलाई प्रत्यक्ष-परोक्ष रूपमा भोग्दै र सामना गर्दै वर्तमान स्थितिमा आइपुगेको देखिन्छ । साहित्यकार लामिछानेको लघु कथा यात्रा वि.सं. २०४४ मा **अणु** पत्रिकामा 'कुप्राहरूको देश' प्रकाशित गरी आरम्भ गरेका हुन् । त्यसपछि हालसम्ममा तिन वटा लघु कथा सङ्ग्रह **अन्यथा** (२०५४), **जलमानव** (२०६१) र **बोन्साई** (२०५९) लघु कथा सङ्ग्रह प्रकाशित भइसकेका छन् । प्रस्तुत कार्यमा **अन्यथा र जलमानव** लघु कथा सङ्ग्रहभित्रका कथाहरूको अध्ययनवाट कपिल लामिछानेका लघु कथागत प्रवृत्तिहरूलाई केलाउने प्रयास गरिएको छ :

**३.३.१ समसामयिकता**

समसामयिकता भनेको तत्कालै, वर्तमान कै अवस्था भन्ने हुन्छ अथवा अहिलेको समय र सन्दर्भ बोध गराउँदछ । वर्तमानको समाज कतातिर गइरहेको छ ? आजका सामजिक राजनैतिक, आर्थिक, धार्मिक, सांस्कृतिक, शैक्षिक पक्ष आदिको स्थिति कस्तो छ ? यिनैको समसामयिक विषयको बोध नै समसामयिकता हो (पोखेल, २०६६ : १० ) । यिनका लघु कथामा वर्तमान समाजमा देखा परेका नवीन विषयको प्रस्तुति पाइन्छ । उनले आफ्ना कथामा समाजमा विद्यमान विसङ्गति, विकृति, युद्ध, सन्त्रास आदि जस्ता विषयको प्रयोग कथामा गरेको पाइन्छ । **जलमानव** लघु कथा सङ्ग्रह भित्रका कथाहरूमा प्रायः यस्तै समसायिक विषयवस्तु प्रस्तुत भएका छन् । 'कुकुर, बौलाही र माओवादी' कथामा माओवादी द्वन्द्वको समयमा वा आतङ्कको समयमा राती कुकुर खेद्न खोज्ने डी.एस.पी.हरूले आफ्नै स्वास्नीलाई समेत माओवादी सम्भने गर्दथे । त्यसै गरी 'नकाम' कथामा द्वन्द्वकालमा कुनै

पब्लिकको घरमा पुलिस समेत पस्नु हुन्नथ्यो । उनका सबै जसो लघु कथाहरू समसामायिक विषयवस्तुमा आधारित रहेका छन् । त्यस्तै **जलमानव** र **अन्यथा** सङ्ग्रहभित्रका कथामा पनि यो प्रवृत्ति उद्घाटन भएको  छ । त्यस्ता कथामा 'प्रधानमन्त्रीको छनोट' जसमा स्वच्छ छवि भएको प्रधानमन्त्रीको खोजी गरेको छ । 'छवि' मा मन्त्रीहरूपनि सुन्दरी र भ्रष्टाचारमा चुर्लुम्म डुबेको प्रसङ्गलाई प्रस्तुत छ । यसरी लामिछानेका लघु कथा सङग्रहका कथाहरूमा समसामयिकताको प्रवृत्ति प्रशस्त मात्रामा देख्न पाइन्छ ।

**३.३.२ व्यङ्ग्यात्मकता**

लघु कथा भनेको न्यून आयतन भएको आफैँमा पूर्ण त्यो कथा हो, जुन बिना कुनै भूमिका सुरु हुन्छ र व्यङ्ग्यात्मक तथा चमत्कारपूर्ण प्रभावसहित टुङ्गिन्छ  (रिजाल, २०६६ : ९) । त्यसैले लघु कथाको विशेषताका रूपमा व्यङ्ग्यात्मकता रहे जस्तै कपिल लामिछानेको मुख्य लघु कथागत प्रवृत्तिमा व्यङ्ग्यात्मकता पर्दछ । यसकारण लामिछानेले समाजमा देखा परेका अनेक नराम्रा पक्षलाई व्यङ्ग्यका माध्यमवाट पनि आफ्ना कथाहरूमा प्रस्तुत गरेका छन् । यिनका कथामा मूलतः प्रशासनिक क्षेत्र र राजनीतिक क्षेत्रमा देखिएको विकृति, विसङ्गतिलाई कथावस्तुका रूपमा ग्रहण गरेका छन् । यस क्रममा कथाकारले समाजमा हुने गरेको शोषण र अन्यायलाई व्यग्ङ्यको माध्यमवाट निम्न वर्गीय जनजीवनका पिडालाई प्रस्तुत गर्दछन् भने अर्कातिर सरकारी कार्यालयमा व्याप्त दुर्गन्धहरूतथा कर्मचारीहरूका विवशता, बाध्यता, विक्षिप्तता र नैतिक मूल्यका विषाक्त स्वरूपलाई अभिव्यञ्जित गरेका छन् । उनका प्रायः लघु कथामा गाउँदेखि सहरसम्म र तल्लो निकायदेखि माथिल्लो निकायसम्म हुने गरेका विकृतिहरूलाई देखाइएको छ । भ्रष्ट र नैतिक आचरण खराब भएका नेपाली समाजको चरित्रलाई पनि उनका लघु कथाहरूमार्फत व्यङ्ग्य प्रहार गरेका छन् । **अन्यथा** लघु कथा सङ्ग्रहभित्रका कथाहरूमा एकातिर  नेपाली समाजको तत्कालीन राजनैतिकको  कुप्रवृत्तिप्रति व्यङ्ग्य गरिएको पाइन्छ भने अर्कातिर कर्मचारीतन्त्र भित्रको चाकडी, भ्रष्टाचार, ढिलासुस्तीप्रति व्यङ्ग्य प्रहार गरिएको पाइन्छ । यस्ता कथाहरूमा 'इस्यु' मा सत्ता पाउन आफ्नै कार्यकर्ता मारेर पनि अर्को संगठन माथि दोष थोपरेर लाभ लिने प्रवृत्तिप्रति व्यङ्ग्य प्रहार गरिएको छ । 'हाकिम सापको पङचुआलिटी' मा ढिलासुस्ती गर्ने र त्यसैलाई आफ्नो बहादुरी ठान्ने हाकिम प्रवृत्तिप्रति व्यङ्ग्य छ । त्यस्तै लामिछानेको अर्को लघुसंग्रह **जलमानव** भित्रका कथाहरूमा पनि कुनै न कुनै रूपमा व्यङ्ग्य आएको छ । **जलमानव** लघु कथासङ्ग्रहभित्रको 'जलमानव' कथामा सर्वत्र त्रासैत्रास हुने हो

भने किन त्रासवाट भाग्ने भन्ने कुरामा व्यङ्ग्य गरिएको छ । 'कर्मचारी' कथामा हातमुख जोर्न दिनभरि काम गर्दा पनि नपुगेर ओभर टाइम काम गर्नुपर्ने भएकाले घर राति फर्कने बावुलाई आफ्नै सन्तानले नचिन्ने र आफ्नो अस्तित्व र परिचय गुमाइ रहेको प्रति व्यङ्ग्य गरिएको छ । यसरी लामिछानेले आफ्ना यी दुई लघु कथा सङ्ग्रहमा सङ्ग्रहीत कथाहरूमा व्यङ्ग्यको माध्यमवाट समाजमा विभिन्न क्षेत्रमा व्याप्त विकृति, विसङ्गतिलाई प्रस्तुत गरेका छन् ।

### ३.३.३. स्वैरकल्पनागत प्रवृत्ति

'अतिशय कल्पनावाट निष्पन्न असम्भव सदृश कुराहरूको नाम स्वैरकल्पना हो (शर्मा, २०६३ : ३८६) । यसरी युग र परिस्थिति अनुसार स्वैरकल्पनाको प्रयोग शैली र उद्देश्य फरक-फरक हन्छन् । आधुनिक नेपाली साहित्यमा स्वैरकल्पनाको प्रयोग प्रशस्तै भइरहेको छ तर त्यसको उद्देश्य भने फेरिएको छ । 'आधुनिक सन्दर्भमा स्वैरकल्पना यथार्थलाई अभिव्यक्त गर्ने त्यस्तो उपकरण हो जसमा कुनै मान्य सीमालाई नाघेर स्वच्छन्द रूपमा कल्पनाको उन्मुक्त उडान हुन्छ । अतः बाह्य स्तरमा हेर्दा स्वैर कल्पना असम्भव र अयथार्थसँग गरिएको हुन्छ तर आन्तरिक रूपमा त्यो यथार्थ कै ठोस धरातलमा उभिएको हुन्छ (अधिकारी, २०४६ : १८) लामिछानेले लघु कथामा स्वैरकल्पनाको प्रयोग गर्ने उद्देश्य नराखे पनि विषयवस्तुलाई प्रतीकात्मक पाराले वा पृथक पाराले प्रस्तुत गर्ने क्रममा स्वतः स्वैर कल्पनाको प्रयोग हुन पुगेको छ अर्थात् स्वभाविक रूपमा विषय प्रस्तुतिको माध्यम बनेर उनका लघु कथामा स्वैरकल्पना आएको पाइन्छ । **अन्यथा** लघु कथा सङ्ग्रह भित्रको 'विषाक्त' कथामा सर्पभन्दा मान्छे विषाक्त बन्दै गएको वर्तमान यथार्थलाई सर्पका माध्यमवाट प्रस्तुत गरिएको छ । **जलमानव** लघु कथा सङ्ग्रह भित्रको कथा 'स्वतन्त्र धरती'मा एउटा जन्मँदै गरेको शिशु बोलेको र उसले आफू स्वतन्त्र पवित्र धर्तीमा जन्मिन चाहेको तर त्यो नपाएकाले आमाकै गर्भभित्र फर्कन चाहेको देखाएर लामिछानेले वर्तमान जीवनको विसङ्गतिलाई उजागर गरेका छन् । 'स्यालको सिकार' कथामा पशुलाई मानवीय भूमिका दिएर महत्वाकाङ्क्षी प्रवृत्तिको हँसी उडाइरहेको छ । यसरी लामिछानेले अप्रत्यक्ष रूपमा विषय प्रस्तुत गर्ने क्रममा स्वैर कल्पना प्रयोग भएको देखिन्छ ।

### ३.३.४ सूत्रात्मकताको प्रस्तुति

कथाकार लामिछाने स्वयम्ले **अन्यथा** लघु कथा सङ्ग्रहको आरम्भमा भन्नुभएको छ, लघु कथाको कुनै सीमा हुँदैन । बेग्लै रूपविन्यासका सूत्र कथालाई पनि मसिना कथाका हैसियतले एकै छातामुनि अति दिएको छु (लामिछाने, २०५४ : क) । मोदनाथ प्रश्रितले पनि लामिछानेका लघु कथामा सूत्रकथाको मिश्रण भएको बताएका छन् । यस्तो प्रयोग हुने कथामा 'चुनाउ' यस कथाभित्र भिन्न भिन्न उपकथा रहेका छन् । पूर्वानुमानमा नेपाली गाउँभित्र सबैलाई नमस्ते भनेर हिँडेकाले जनताले चुनाव आउन आउन लागेको अनुमान गर्नु अनुमानमा नेताजीले आम सभामा पीडितलाई राहत दिइनेछ, साथै देश विकास हुनेछ भनेपछि जनताले केही नहुने सोची प्रजातन्त्रलाई खाली चुनाव जित्ने हतियारमात्र बनाइने अनुमान गर्नु, मतदानमा नेताजीलाई जनताले भोट दिने सल्लाह नभए पनि गैह्र मतदानले मात्रै हुरी र वियरका बोतल देखाएर भोट खसाउनु, परिवर्तनमा चुनावपछि कर्मचारीलाई सरुवा, बढुवा, चिरफार गर्ने क्रममा जुन अधिकारी लेउनलाई जिताउन फर्जीमत तयार बनाएका थिए, तिनै प्र.जि.अ. को सरुवा प्रथम सूचीमा राखिनु आदि घटना प्रस्तुत भएका छन् । यसरी 'चुनाव' मुख्य शीर्षक रहेपनि यस भित्र पुर्वानुमान, अनुमान, मतदान, परिवर्तन, गुनको बदला, जनताको धन, ठहर गरी सात वटा उपशीर्षकमा कथावस्तु प्रस्तुत भएको छ । यस्ता कथामा 'कुप्राहरूको देश', 'हेडेक' आदि कथामा पनि यो प्रवृत्ति देखिन्छ ।

### ३.३.५ सामाजिक यथार्थवादी प्रवृत्ति

कपिल लामिछानेका लघु कथाहरूमा देखिएका प्रवृत्ति मध्ये सामाजिक यथार्थवादी प्रवृत्ति पनि मुख्य रहेको छ । समाजमा भएको स्थितिलाई यथार्थ रूपले प्रस्तुत गर्ने तर ती दुर्गुण हटाउनलाई आदर्शको आधार लिनु नै सामाजिक यथार्थवादी हो (श्रेष्ठ, २०६६ : २६) । उनले समाजमा देखिएका आर्थिक, राजनीतिक, प्रशासनिक, शैक्षिक क्षेत्रका विकृति विसङ्गतिलाई यथार्थ रूपमा प्रस्तुत गर्दछन् र त्यसको आलोचना पनि गर्दछन् । उनी प्रगतिशील भएकाले पनि यिनका कथामा सामाजिक यथार्थ देखापर्दछ । उनले जीवनजगत्मा घटेका चर्चित घटनालाई मात्र होइन कि हाम्रो जीवनमा घटिरहने, त्यति महत्त्व नदिइने तर पनि जीवनमा प्रभाव पार्ने प्रभावकारी घटना विशेषलाई कथामा ल्याएका छन् । सोही घटनाको आलोचना पनि गरेका छन् । पुँजीपति वर्गले निम्न वर्गलाई, उच्च पदकोले निम्न पदमा रहेका माथि शोषण गर्ने प्रवृत्ति उनका **अन्यथा** लघु कथा सङ्ग्रहका कथा सभ्यता, जिउँदो दुश्मन, नेता कथामा रहेको छ । **जलमानव** लघु कथा सङ्ग्रह भित्रका कथाहरूमा 'छवि', 'गोलो गोलो वस्तु' आदि कथामा पनि सामाजिक यथार्थवादी प्रवृत्ति आएको देखिन्छ ।

### ३.४.६ आलोचनात्मक यथार्थवादी प्रवृत्ति

समाजका विसङ्गति र विकृतिहरूलाई औंल्याउदै तिनको निराकरणका लागि आलोचनात्मक टिप्पणी गर्ने प्रवृत्ति नै आलोचनात्मक यथार्थवादी प्रवृत्ति हो (पन्त, २०६२ : २१) । कपिल लामिछानेका कथामा पनि समाजमा देखिएका  विकृति र विसङ्गतिलाई कोट्याउँदै त्यसप्रति आलोचना गरेको पाइन्छ । पैसा र शक्तिमा मानविय मूल्य र मान्यता साटिएका छन् । नीति र नियमको पालना भएको छैन । समाजमा ठूला, भलाद्मी र उच्च पदमा बस्ने र तल्ला वर्गका गरीब निमुखा जनतालाई शोषण गर्नेको पर्दाफास गरिएको छ । कथाकारले समाजमा देखिने विकृति र विसङ्गतिलाई कल्पनाका माध्यमवाट व्यञ्जनात्मक रूपले प्रस्तुत गरेका छन् । लामिछानेका प्रायः सबै कथाहरूमा धेरथोर मात्रामा आलोचनात्मक प्रवृत्ति प्रकट भएको छ । उनले मुलुकमा देखिएको भ्रष्टाचार, अनियमितता, अनैतिकता, शोषण, पीडा, उत्पीडन आदिका नजानिने पारामा आलोचना प्रस्तुत गरेको देखिन्छ । **अन्यथा** लघु कथा सङ्ग्रहभित्र रहेको कथा 'विषाक्त'मा मानवेतर प्राणी सर्पलाई उपस्थिति गराई समाजमा रहेका मानिस सर्प भन्दा बढी विषालु भनी मानिसको व्यावहारप्रति आलोचना गरिएको छ । त्यस्तै **जलमानव** लघु कथा सङ्ग्रह भित्र रहेको  कथा 'व्यवसाय ३'मा आफूलाई ए क्लासको निर्माण कम्पनी भन्नेले निम्न गुणस्तरको कार्य गरी पहिले आफू बन्ने अनि मात्र देशको कार्य गर्ने, दुष्ट नेताको विचार प्रस्तुत गरिएको छ । त्यस्ता कथाहरूमा 'मौनधारण' शीर्षकको लघु कथामा सत्तामा पुगी मोजमस्तीमा रमाउने, आफ्नो लागि सम्पत्ति जमाउने, इज्जत गुमाउने, जनताको चिच्याहट नसुने झैँ गरी मौनधारण गरी बस्ने नेताहरूदोस्रो पटकको चुनावको नतिजाले भङ्खारोमा पारेपछि मात्र भल्याँस्स हुन्छन् भन्ने व्यङ्ग्यत्मक शैलीमा आलोचना प्रस्तुत गरेका छन् । यसरी कथामा समकालीन वैयक्तिक र सामाजिक यथार्थलाई आलोचनात्मक रूपमा प्रस्तुत गर्नु कथाकार कपिल लामिछानेको कथागत प्रवृत्ति रहेको छ ।

### ३.४.७  भय, आतङ्क र सन्त्रास प्रस्तुत गर्ने प्रवृत्ति

कपिल लामिछानेका कथाका पात्रहरू प्रायः भय र सन्त्रासको जीवन गुजारी रहेका हुन्छन् । पचासको दशकमा लेखिएका कथा हुनाले पनि यो प्रवृत्तिलाई लामिछानेको प्रवृत्तिमा राख्न सकिन्छ । त्यसैले जताततै युद्ध भएको बेलामा मानिसहरू त्यसवाट डराएको अवस्थाको वर्णन यिनले आफ्ना कथामा गरेका छन् । आदर्श, अनुशासन र नीति नियमको उल्लङ्घन भएको कारण नै मानिसहरू भय मुक्त जीवन बाँच्न सकेका छैनन् । **जलमानव**

लघु कथा सङ्ग्रहका कथाहरूमा बढी मात्रामा भय प्रस्तुत भएका छन् । 'त्रासदी' लघु कथामा सुरक्षाकर्मीले पहाडवाट खेदिएका आफ्नै परिवारका सदस्यलाई आतङ्ककारी ठानेर गोली हानेको र जीवनलीला समाप्त गरेको कारुणिक दृश्यले गर्दा पनि कथा वास्तवमै त्रासदी देखिएको छ । त्यस्तै 'स्थिति परिवर्तन' लघु कथामा कोठामा बहाल खोज्न जाने एउटाले प्याच्च भन्छ- "सबै कुरा ठीक छ साहुजी, तर छेउमै प्रहरी कार्यालय रहेछ नत्र...." (जलमानव, २०६१ : ६०) भनेर डर सन्त्रास र भय देखाइएको छ । डर र त्रास देखिएका कथामा 'कुकुर, बौलाही र माओवादी'मा देशको सुरक्षा निकायका विशिष्ट पदमा रहेका व्यक्ति पनि माओवादीको क्रियाकलापवाट तर्सिएको भय यसमा डी.एस.पी. को क्रियाकलाप मार्फत् प्रकट भएको छ । यसरी लामिछानेका कतिपय कथाहरूमा भय, आतङ्क र सन्त्रास देखिएकाले पनि एउटा प्रवृत्ति मान्न सकिन्छ ।

### ३.४.८ पात्रको मनोविश्लेषण गर्ने प्रवृत्ति

पात्रका बाह्य सामाजिक यथार्थ भन्दा व्यक्तिको आन्तरिक मनलाई खोतलखातल गर्ने मनोविश्लेषण गर्ने मनोविश्लेषणात्मक प्रवृत्ति हो । मनोविश्लेषणात्मक प्रवृत्ति, लेखक र कृतिगत पात्रको मनस्थितिको अध्ययन र विश्लेषण हुन्छ (थापा, २०६६ : १९८) । पात्रको मनोविश्लेषण गर्ने प्रसङ्गमा कपिल लामिछाने सशक्त देखिन्छ । लामिछानेले आफ्ना कथामा सामाजिक जीवनको मात्र विश्लेषण नगरी पात्रहरूको आन्तरिक मनको पनि विश्लेषण गर्ने गरेका छन् । फ्रायडीय मनोविश्लेषणलाई प्रस्तुत गर्ने लामिछाने मूलतः सामाजिक जीवन यापन गर्दा घटने घटनाका दौरानमा देखा पर्ने पात्रको मनोवृत्ति उनका कथामा चित्रित भएका छन् । उनको 'भोटेकुकुर' कथामा म पात्रको मनमा युवतीप्रति रहेको सोच र युवतीको हेराइ कुकुरमा भएपछि म पात्रको मनमा चलेको द्वन्द्व देखाइएको पाइन्छ । यस्तै प्रवृत्ति अँगाली लेखिएको कथामा 'अन्तिम रात' पनि एक हो । यसमा परदेश जान लागेको लोग्ने स्वास्नीको मनोविश्लेषण गरिएको छ । लोग्ने र स्वास्नी एक अर्का देखि बिछोड हुँदा तिनीहरूको मनमा कस्ता विचार प्रकट हुन्छन् भन्ने कुरा यहाँ प्रस्तुत भएको छ । लामिछानेमा समाजका विकृति र विसङ्गतिको मात्र विषय नबनाएर मानिसका मनको पनि अध्ययन गर्ने सामर्थ्य रहेको देख्न सकिन्छ । यसैले आफ्ना कथामा पात्रहरूको मनोकाङ्क्षा तथा इच्छा र चाहनाको चित्रण तथा विश्लेषण गर्नु पनि उनको प्रवृत्ति रहेको छ ।

### ३.४.९ मानवतावादी स्वर

मानवले मानवलाई मानवताका दृष्टिले हेर्ने नै मानवतावादी प्रवृत्ति हो (आचार्य र बस्नेत, २०६३ : ९७) । यसमा मानवीय मूल्य र मान्यता, स्वतन्त्रता, स्वाभिमानता र विश्व भातृत्व जस्ता कुराहरू पर्दछन् । लामिछानेका **जलमानव** र **अन्यथा** लघु कथा सङ्ग्रहका कथाहरूमा मानवतावादी स्वर प्रशस्त मात्रमा झल्किन्छ । लामिछाने स्वयम्ले मानव जातिको सेवा गर्ने भएकोले र मानव दुःखलाई आफ्नै दुःख सम्झी सोही व्यवहार गर्ने व्यक्ति हुनाले यो प्रवृत्ति यिनका कथाहरूमा देख्न सकिन्छ । **अन्यथा** भित्रको कथा 'विषाक्त' मा सर्पभन्दा विषालु मानिस भएको र सर्पले विष फ्याँक्न डाक्टरकोमा जानुपरेको कुरा प्रस्तुत गरी मान्छेलाई राम्रो बन्न सचेत गराइएको छ । 'माग्ने' कथामा माग्नेलाई नयाँ लुगााको बदला खान चाहिन्छ । नयाँ लुगाले पेट भर्नु होइन की खानाले भरिन्छ त्यसकारण मानवताको नाताले गर्दा पनि पहिलो आवश्यकता हेरी माग्ने कुनै वस्तु दिनु पर्दछ । **जलमानव** लघु कथा सङ्ग्रहको लघु कथा 'हर्के र बन्दुक' कथामा निर्दोष हर्केको हत्या देखाई मानव माथि दया प्रकट प्रस्तुत गरिएको छ । उनका लघु कथामा सत्य मानवता नै ईश्वर हो भन्ने मानवतावादी स्वर कतै न कतै प्रस्तुत भएकै पाइन्छ । मानव भएर बाँच्न सिक, मानवले मानवको हत्या नगर भन्दै लामिछानेले कथाको माध्यमवाट विचार प्रस्तुत गरेका छन् ।

### ३.४.१० प्रतीकात्मकता

प्रतीक साहित्य रचनाका लागि नभई नहुने तफ्वका रूपमा पर्दछ । जसको प्रयोग लेखकको योग्यता माथि निर्भर गर्दछ । त्यसका लागि लेखकमा हुने मिथक, उखान, टुक्का आदिको ज्ञानको भण्डार र त्यसको स्वाभाविक प्रयोग प्रभावकारी हुन्छ । प्रतीकको प्रयोगले लघु कथालाई तीव्रगति र प्रभावकारी बनाउँछ । प्रतीकात्मकता लघु कथाको एउटा विशेषता पनि हो (अश्क, २०६५ : १७) । समाज सुधार गर्नको लागि वा विकास गर्ने ध्येयले पशुपंक्षी, निर्जीव, मानवेतर प्राणीलाई पात्रको रूपमा चित्रण गरेर तिनीहरूको क्रियाकलापको वर्णन गरेर कथाकारले कथाहरूलाई रोचक बनाइ प्रस्तुत गरेका छन् । जुनसुकै क्षेत्रमा देखिएका विकृति, विसङ्गतिप्रति मानवीय पात्रको उपस्थित नगराएर अमानवीय पात्रद्वारा त्यसलाई अघि बढाइएको पाइन्छ । सोझै प्रहार गर्न नमिल्ने स्थानमा व्यङ्ग्यात्मक बिम्ब र प्रतीकको प्रयोग गर्न उनी सफल रहेका छन् । 'राज्यसत्ता' लघु कथामा बाँदर र गधा जस्ताहरू राज्यसत्तामा रहनु र त्यस देशमा मान्छे प्रजाको रूपमा रहनु भन्दा बरु देश निकाला हुनु श्रेयष्कर हुने कुरा प्रस्तुत गरिएको छ । 'जलमानव' लघु कथामा नेपाललाई जलमग्न बनाई भारतले

नेपालमाथि अत्याचार गरेको यथार्थलाई प्रतीकात्मक शैली अपनाइ कथावस्तु प्रस्तुत गरिएको छ । लघु कथाको विशेषतामा पर्ने यस प्रवृत्ति लामिछानेको लघु कथागत प्रवृत्तिका रूपमा पनि रहेको छ ।

### ३.४.११ सामन्ती मनोवृत्तिको चित्रण

लामिछानेका लघु कथाहरूमा सामन्ती मनोवृत्तिको चित्रण पनि स्पष्ट देख्न सकिन्छ । उनले कथाहरूलेख्दा उच्च पदमा बसेका ठूलाबडा व्यक्ति तथा नेता, मन्त्री आदिको हुकुमी शासनवाट जनता दिक्क तितो सत्यलाई आफ्ना कथामा प्रस्तुत गरेका छन् । त्यही उच्च पदका व्यक्तिले गरिब, अशिक्षित, निमुखा जनतामाथि गरेको शोषण, अत्याचार, थिचोमिचो तथा दुर्व्यव्यवहार आदि पक्षलाई विभिन्न मानवीय तथा मानवेतर पात्रका माध्यमवाट प्रस्तुत गर्न कथाकार सफल देखिन्छन् । पूँजीपति वर्गहरूले सोझा, अशिक्षित र आर्थिक अवस्थाले कमजोर भएका जनताहरूको पीरमर्कालाई बेवास्ता गरी आफ्नो स्वार्थ पूर्तिका लागि कुनै पनि कार्य गर्न बाँकी नराखेको पाइन्छ । यी पक्षहरूलाई लामिछानेले कुनै न कुनै माध्यम अपनाइ आफ्ना कथामा समावेश गरेका छन् । त्यसमध्ये पनि 'माग्ने' कथामा गरिबको गरीबीको पीडालाई मूर्त रूप दिएको छ । 'टिकट' कथाले चुनावको टिकट बाँडफाँडमा के-कस्तो चाकडी प्रथा चल्छ भन्ने कुरालाई औँल्याएको छ । त्यस्तै 'भेदनीति' कथामा कथाकार लामिछानेले विवश व्यक्तिको आर्थिक शोषणका रूपमा कुकुर मार्ने अभियानको जागिरलाई सङ्केत गरेर व्यक्ति आफ्नो पेटका लागि कसरी मनले नस्वीकार्ने काम समेत गर्न बाध्य हुन्छ भन्ने कुरा प्रस्तुत गरेका छन् । यसरी लामिछानेका लघु कथामा सामन्ती मनोवृत्तिको चित्रण गरेको कारण प्रवृत्तिका रूपमा राख्न सकिन्छ ।

### ३.४.१२ भाषाशैलीगत प्रवृत्ति

कपिल लामिछानेका लघु कथामा भाषाशैलीगत प्रवृत्ति पनि आफ्नै सोच अनुरूप प्रयोग गरेको पाइन्छ । उनले सबै लघु कथाहरू रैखिक ढाँचामा रचेका छन् । आदि मध्य र अन्त्य सबै कथाहरूमा मिलेर रहेका छन् । समसामयिक समयमा देखा परेका कारणले पनि लामिछाने आधुनिकतातिर ढल्केको देखिन्छ । यिनका कथामा पाश्चात्य साहित्यको प्रभाव परेकोले अङ्ग्रेजी शब्दावली र आधुनिक युवावर्गले बोल्ने भाषाको प्रशस्त मात्रमा प्रयोग भएको पाइन्छ । शैक्षिक, प्रशासनिक, सामाजिक, राजनीतिक सबै क्षेत्रमा प्रयोग हुने भाषाको राम्रो ज्ञान भएकाले आफ्ना लघु कथामा सोही अनुसार भाषा प्रस्तुत गर्दछन् । उनका लघु कथामा अङ्ग्रेजी शब्दावलीको प्रयोग उल्लेख्य रूपमा भएको कथामा पाइन्छ । कथामा शब्द

मात्र नभई वाक्यको नै प्रयोग भएको उदाहरण 'भेरि गुड आइडिया, डेडी, यु आर राइट' (सभ्यता : २२) मा पनि भेटिन्छ ।

यिनका केही लघु कथामा अनुकरणात्मक शब्दको पनि प्रयोग भएको छ । जस्तैः 'माग्ने सङ्गठन'मा टक टक टक टक, जलमानव कथामा छप्ल्याङ्ग छुप्लुङग, 'गोलो गोलो वस्तु' कथामा गलल्ल, ट्याङ ट्याङ जस्ता अनुकरणात्मक शब्दको प्रयोगले कथा जीवन्त बनेको छ । लघु कथामा सूत्रात्मक भाषा हुनैपर्ने र सोही कुराको पालना कथाकारले गरेका पनि छन् । बिन्दुमा सिन्धु समेट्ने गरी स-साना शब्द प्रतीकवाट भाव गाम्भीर्य र विषयगत विशदतालाई समेट्नु कथाकारको आफ्नै खुबी रहेको छ । लामिछानेले आफ्ना कथामा सामान्य किसिमको भाषा चयन गर्दछन् । शब्दमा अनावश्यक रूपमा कृत्रिमताको प्रयोग नभए पनि शब्दलाई केलाएर रोचक बनाउने कार्य भने भएको छ । कतै कतै प्रकृति अनुसार अश्लील शब्द पनि प्रयोगमा आएका छन् ।

उनका छोटो आयामका लघु कथाहरू छोटो आयामका भए पनि कुनै कुनै कथामा संवादका माध्यमवाट सामाजिक, राजनीतिक, प्रशासनिक क्षेत्रमा देखिने विकृतिलाई चित्रण गर्ने काम गरेका छन् । लेखकले आफ्नो संलग्नता नदेखाएर कथाभित्रकै पात्रहरूका बिच हुने संवादको माध्यमवाट व्यक्त गर्दा रोचक बढी हुने र लघु कथात्मक स्वाद पाठकलाई मिल्ने हुनाले आफ्ना लघु कथामा दुई वा दुई भन्दा बढी पात्रको उपस्थिति गराइ संवादको प्रयोग गरेका छन् । उनका संवादमा मानव मानव बीच मात्रै नभएर मानवेतर प्राणी अथवा वस्तु वस्तु बीच, सजीव र निर्जीव बीच पनि रहेको पाइन्छ । जस्तो 'विकासको मुहान' लघु कथामा क, ख, ग, घ बीच संवाद देखाइएको छ । 'माटो' लघु कथामा १, २, ३, ४ बीच वार्तालाप गरिएको छ । 'राज्यसत्ता' लघु कथामा शिवसँग बाँदर, मान्छे, गधा को संवाद वाट राज्य सत्तामा बस्ने मानिस असल हुनुपर्ने कुरा प्रस्तुत गर्न खोजिएको छ । यसरी **अन्यथा** र **जलमानव** लघु कथा सङ्ग्रह भित्रका लघु कथामा संवादको प्रयोग गरेर विषयवस्तु रोचक बनाइएको पाइन्छ ।

लामिछानेका प्रायः सबै कथाहरू वर्णनात्मक शैली अपनाई लेखिएको देखिन्छ । लघु कथा थोरैमा धेरै भाव अटाउने हुनुपर्छ । उनले प्रथम पुरुष मा मात्र सीमित नरही द्वितीय, तृतीय पुरुष का साथै केन्द्रीय र परिधीय सबै पक्षसँग सम्बन्धित रही कथा सिर्जना गर्दछन् तर पनि उनी बाह्य सीमित दृष्टिबिन्दुलाई अपनाई कथा लेख्ने गरेका छन् । सामान्य उखान, टुक्का र चुट्किला आदिको प्रयोग गर्न पनि उनी सिपालु देखिन्छन् । यसरी

समष्टिमा उनका कथामा प्रयुक्त भाषाशैली सरल सहज सबै पाठकले बुझ्ने रहेको छ ।

**अन्यथा** र **जलमानव** लघु कथा सङ्ग्रहका प्रायः सबै लघु कथाहरू समसामयिक विषयमा केन्द्रित रहेका छन् । समाजमा देखापरेका विभिन्न विकृति, विसङ्गति आदि जस्ता प्रवृत्तिलाई व्यङ्ग्यात्मक पाराले प्रस्तुत गर्नु उनका यी दई लघु कथा सङ्ग्रहभित्रका कथाहरूको प्रवृत्ति रहेको पाइन्छ । यिनका लघु कथाहरूमा भाषा, शैली र शिल्पगत रूपमा पनि समाजमा बोलिने बोलीचालीको भाषाशैलीलाई नै कथामा स्थान दिएका छन् । वर्तमान समाजमा देखा परेका विभिन्न विकृति, विसङ्गतिहरूलाई केलाउन **अन्यथा** र **जलमानव** लघु कथा सङ्ग्रहभित्रका कथाहरू सक्षम रहेका छन् ।

चौथो परिच्छेद

# अन्यथा र जलमानव लघु कथा सङ्ग्रहको विश्लेषण

## ४.१ विषय प्रवेश

कपिल लामिछाने नेपाली लघु कथाको इतिहासमा वि.सं २०४० को अवधि वा तेस्रो चरणमा देखा परेका एक चर्चित साहित्यकार हुन् । नेपाली साहित्यिका क्षेत्रमा हेर्दा उनी आख्यान विधामा बढी सक्रिय भई लागिपरेको देखिन्छ । यिनी साहित्यमा स्रष्टाका रूपमा मात्र नभई द्रष्टाका रूपमा पनि सक्रिय रहेका छन् । उनका हालसम्मका लघु कथा सङ्ग्रहको रूपमा **अन्यथा** (२०५४) **जलमानव** (२०६१) र **बोन्साई** (२०६९) प्रकाशित गरेका छन् । यहाँ लामिछानेका **अन्यथा** र **जलमानव** लघु कथा सङ्ग्रहको अध्ययन गरिएको छ ।

## ४.२ अन्यथा लघु कथा सङ्ग्रहको लघु कथात्मक तफ्वको आधारमा विश्लेषण

### ४.२.१ पृष्ठभूमि

वि.सं. २०५४ मा प्रकाशित **अन्यथा** कपिल लामिछानेको पहिलो लघु कथा सङ्ग्रह हो । यसमा जम्मा उनान्चालिस वटा छोटा कथाहरू समावेश गरिएका छन् । यस सङ्ग्रहको आरम्भमा कथाकारले भनेका छन् "लघुफ्ांको कुनै सीमा हुदैन, बेग्लै रूपविन्यासका सूत्र कथालाई पनि मसिना कथाका हैसियतले एकै छातामुनि ओत दिएको छु" (अन्यथा : क) । त्यस्तै साहित्यकार मोदनाथ प्रश्रितले **अन्यथा** लघु कथा सङ्ग्रहको भूमिकामा भनेका छन् "सूत्रकथा कपिलको अर्को नयाँ प्रयोगको प्रयास हो । यसमा लघु कथालाई अझ सूत्रबद्ध गर्ने कोशिस भएको छ" (अन्यथ : ख) । यस सङ्ग्रहका लघु कथाहरूभित्र समाजका विसङ्गति र विकृतिलाई प्रष्ट पार्ने कोशिस गरिएको छ । यस सङ्ग्रहमा पचासको दशकको आरम्भमा नेपाली समाजमा भएका सामाजिक, राजनीति, समसामयिक विषयवस्तुलाई समावेश गरिएको छ ।

### ४.२.२ अन्यथा लघु कथा सङ्ग्रहको संरचना

वि.सं २०५४ मा प्रकाशित **अन्यथा** लघु कथा सङ्ग्रहमा त्रिसट्ठी पृष्ठभित्र उनान्चालिस वटा मसिना कथाहरू समविष्ट गरिएका छन । अटो साइजको आकारमा रहेको रहेको यस पुस्तकको प्रकाशन कलासदन, भैरहवावाट भएको हो । यस पुस्तकको मुद्रण भने बुटवल अफसेट प्रकाशन प्रा.लि.वाट भएको थियो । **अन्यथा** लघु कथा सङ्ग्रहको भूमिका साहित्यकार मोदनाथ प्रश्रितले लेखेका छन् । उनले यस सङ्ग्रहलाई सूत्र कथाको संज्ञा पनि

दिएका छन् । कथाकार स्वयम्ले भने यस सङ्ग्रहलाई मसिना कथाहरूको सगाँलो भनेको पाइन्छ । यस सङ्ग्रहको पहिलो कथा 'भेदनीति' र अन्तिम कथा 'हेडेक' हो । त्यस्तै सबभन्दा लामो कथामा 'अनिर्णित' र छाटो कथामा 'बाग्मती, पाप र पापी' आएका छन् । सूत्र कथामा चाँहि 'हेडेक', 'जिउँदो दुश्मन', 'कुप्राहरूको देश', 'चुनाउ र नेता' गरी पाँच वटा कथा रहेका छन् । यसमा समावेश भएका सम्पूर्ण लघु कथाहरूमा तत्कालीन समयमा देखिएका सामाजिक, राजनीति, प्रशासनिक, शैक्षिक आदि विविध क्षेत्रमा देखिइएका विकृति, विसङ्गतिप्रति तीव्र रूपमा व्यङ्ग्य गरी लेखिएका छन् ।

### ४.२.३ अन्यथा लघु कथा सङ्ग्रहको विश्लेषण

यहाँ **अन्यथा** (२०५४) लघु कथा सङ्ग्रहभित्रका कथाहरूको लघु कथात्मक तर्पुका आधारमा विश्लेषण गरिएको छ :

#### ४.२.३.१. कथानक

कपिल लामिछानेले **अन्यथा** (२०५४) लघु कथा सङ्ग्रहमा सङ्कलित गरेका लघु कथाहरूको कथानक छनौट गर्दा उनले जीवन जगत्मा घटेका चर्चित घटनाक्रमलाई मात्र समावेश गरेका छैनन् । त्यस भित्र यिनले हामीले महफ्व नदिएका तर हाम्रो जीवनमा घटिरहने घटना विशेषलाई पनि आख्यानीकरण गरी आलोचनात्मक यथार्थवादी विचारमा आधारित रही व्यङ्ग्यात्मक शैली अपनाई लघु कथाको सिर्जना गरेका छन् । यस सङ्ग्रह भित्रका लघु कथाहरूमा पचास दशकको आरम्भका दिनहरूमा नेपाली समाजको राजनैतिक, सामाजिक, सांस्कृतिक अवस्था, घटना, परिघटनाले मुख्य विषयको रूपमा स्थान पाएका छन् । **अन्यथा** सङ्ग्रहमा संकलित लघु कथाहरूलाई विषयवस्तुका आधारमा सामाजिक, राजनैतिक, पौराणिक, मनोवैज्ञानिक रहेका छन् । यिनै विषयवस्तुलाई नै आधार मानी कथा सङ्ग्रहको विश्लेषण गरिएको छ ।

प्रस्तुत कथा सङ्ग्रहमा सामाजिक विषयवस्तुलाई आधार बनाई लेखिएका कथाहरूमा समझदारी, भोक, सांस्कृतिक आदानप्रदान, ह्यालमेट, माग्ने, विषाक्त, भोटे कुकुर, अनिर्णित, कुप्राहरूको देश, गोलाप्रथा, अभियान, समस्या, स्वार्थ र सङगठन, चिकित्सा, सभा सुर्ती र ताली, योग्यता, अनुशरण, हाकिम सा'पको पङ्चुआलिटी, बाग्मती, पाप र पापी, शब्दयद्ध र उपकृत-अपकृत रहेका छन् ।

'सांस्कृतिक आदानप्रदान' लघु कथामा नेपालीहरूको ढिलासुस्ती गर्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । 'समझदारी'मा दुवै दम्पत्तीको बिहे पूर्व अरुसँगै हार्दिक प्रेम भएपनि

दुवैले विहे पछि आफनो दम्पत्ती जीवनमा समझदारी गरी बसेको कथानक छ । 'ह्यालमेट'मा ठूलाठालु र पहुँचवालाको मात्र काम गर्ने कर्मचारी प्रवृत्तिको चित्रण गरिएको छ । 'विषाक्त'मा मानिसहरूको परपीडक प्रवृत्तिप्रति तिखो व्यङ्ग्य गरिएको देखिन्छ । 'अनिर्णित'मा चाडपर्वका बेलामा पनि तलब नदिने बोडिङ्ग स्कुल सञ्चालकहरूको व्यवहारको चित्रण गरिएको छ । 'अनुशरण' कथा भित्र पुर्खाहरूले देखाएको वाटोको अनुशरण नगरी आफ्नै विचारको अनुशरण गर्ने तीन भाइहरूको चित्रण छ । त्यस्तै सामाजिक कथाभित्र कै अर्को कथा 'समस्या' र 'हाकिम सा'पको पङ्चुआलिटी' लघु कथामा ढिलासुस्ती गर्ने कर्मचारी वा नेपाली नागरिकप्रति व्यङ्ग्य गरी लेखिएको छ । 'समस्या' कथामा चाकडी गर्ने कर्मचारीको माध्यमवाट प्रशासनिक क्षेत्रमा हुने विकृति, विसङ्गतिप्रति व्यङ्ग्य गरिएको छ । सामाजिक विषयमा रहेका यी कथाहरूले सामाजिक जीवनमा देखा परेका नकरात्मक कुराहरूको पर्दा फास गर्ने प्रयास गरेका छन् ।

सामाजिक विषयवस्तुमा आधारित कथाहरूमध्ये 'सभ्यता' लघुकथाको कथानक प्रस्तुत गरिएको छ ।

'सभ्यता' सामाजिक विषयवस्तुमा आधारित रहेको लघु कथा हो । **अन्यथा** सङ्ग्रहमा भएका कथाहरू मध्ये चौधौं स्थानमा 'सभ्यता' कथा रहेको छ । 'सभ्यता' कथामा 'म' पात्रका आफ्ना मित्र के. शर्मा का ज्येष्ठ पुत्रको विवाहमा जाँदा मित्रको ज्येष्ठ पुत्रले आफ्नो काकालाई पाखे भनी जन्तीमा सामेल नगराउने कुरा गरेको के. शर्माले भाइलाई सिधै भन्दा दुःख लाग्ने भएकाले  कफीमा स्लिपिङ्ग ट्याबलेट राखी खुवाएको र जन्ती जाने बेलामा सुतेको छ भनेको 'म' पात्रले सुन्छन् । त्यसपछि कथाको अन्त्य भागमा 'सभ्यता' को वास्तविक अर्थ खोज्न थालिएको छ । यसरी सहरमा बस्ने मानिसहरूले गाउँमा बस्ने आफन्तलाई आफ्नो कुनै अपौचारिक कार्यक्रममा सामेल गराउँदा आफ्नो इज्जत जाने सम्झेर आफ्नो रगतको सम्बन्धलाई बिर्सी केवल सहरीया सभ्यतालाई अँगालेको कथानक यहाँ प्रस्तुत गरिएको छ ।

**अन्यथा** लघु कथा सङ्ग्रहभित्र नेपाली राजनीति क्षेत्रलाई विषयवस्तु बनाई लेखिएका कथाहरूमा एजेन्ट, कमनिष्ट, भेदनीति, झन्डाबाहक, समाजवादी नेता, इस्यु, चुनाव, सांसद मित्र, नेता, हेडेक, ढाल र सभा सुर्ती र ताली रहेका छन् । यी लघु कथाहरूले तत्कालीन नेपाली राजनीतिमा देखा परेका गलत प्रवृत्ति, धारण, सोच आदिमा देखिएको विकृति, विसङ्गतिको चिरफार गर्ने प्रयास गरेको पाइन्छ । 'एजेन्ट' कथा साम्राज्यवादको विरोध गर्ने

मान्छेको कथा हो । विरोधलाई शान्त पार्न खोज्ने व्यक्ति नै नाजवाफ भएर जानुपर्ने घटना यस लघु कथामा आएको देखिन्छ । 'कमनिस्ट'मा राजनैतिक पूर्वाग्रहका कारण योग्यताको अपहेलना गर्ने नेता प्रवृत्ति प्रस्तुत गरिएको पाइन्छ । 'झन्डाबाहक'मा चुनाव जितेपछि जनताको मान गर्ने नेताको व्यवहारप्रति तिखो रूपमा व्यङ्ग्य गरिएको छ । 'इस्यु' मा सत्ता पाउन आफ्नै कार्यकर्ता मारेर पनि अर्को संगठन माथि दोष थोपरेर लाभ लिनेहरूको व्यवहार माथि व्यङ्ग्य गरिएको छ । यसरी लामिछानेले राजनीतिक विषयवस्तुसँग सम्बन्धित रही पचासको दशकमा नेपालको राजनीतिमा देखापरेका विकृति, विसङ्गति एवम् नकारात्मक दृश्यहरूलाई यी कथा मार्फत प्रस्तुत गरेका छन् ।

राजनीतिक विषयलाई प्रतिनिधि गर्ने कथामा क्रम स्थान उनन्तीसमा 'कमिनिस्ट' लघु कथामा आएको छ । कथाकारले राजनीति क्षेत्रमा देखा परेका विकृति र विसङ्गतिलाई यस लघु कथा मार्फत व्यक्त गरेका छन् । यस कथामा प्रशासनमा हुने राजनीति कारणले भेदभाव निम्त्याउने प्रसङ्गलाई व्यङ्ग्य गरिएको छ । कमनिष्ट भएकाले जागिर नपाएको देखाइ अरु पार्टी प्रति तिखो आलोचनात्मक व्यङ्ग्य प्रहार गरिएको छ । जब कि यस्तो व्यवहार कुनै पार्टी भित्र देख्न सकिन्छ । यस कथामा व्यापारमा टाट पल्टेका व्यापारी नगरपालिकाको मेयर बनेपछि उनले नयाँ कार किनेका छन् । चालक पुरानै पञ्चायती व्यवस्थाको भएकाले नयाँ चालक नियुक्ति गर्न खोजेका छन् । अनुभवी खोसुवा चालकले निवेदन हाल्यो तर कमनिस्ट भएकाले नियुक्ति नपाएको प्रसङ्ग यसमा छ । यो कथाको आदि मध्य र अन्त्य मिलेको भएकाले कथानक रैखिक ढाँचा आएको छ ।

'स्यालको स्वर्गयात्रा' लघु कथा लौकिक विषयवस्तुमा रहेको छ । यो कथा **अन्यथा** लघु कथा सङ्ग्रहभित्रको छैटौँ स्थानमा अवस्थित छ । । यो कथा लोककथामा  आधारित रहि प्रस्तुत गरिएको छ । 'स्यालको स्वर्गयात्रा' लोककथात्मक शैलीको कथावस्तुलाई आत्मसात गरिएको कथा हो ।  यस कथाको आयम पनि लघुत्तम रहेको छ ।  सबभन्दा माथि चढेको स्यालले यो कल्पना मात्र हो जस्तो माने पनि एउटा घैँटो थपे स्वर्ग देखिन्छ, भनेपछि तल रहेको स्यालले हामीभन्दा पहिला उसले स्वर्ग देख्ने भयो भनी एउटा घैँटोमा लातले हान्छ । यसरी माथि रहेको एउटा स्याल मर्छ । त्यही स्वर्ग पुग्छ । यसरी समाजमा देखिने विकृति विसङ्गतिलाई यस लोक कथामा प्रस्तुत गरिएको छ ।  स्याल गाउँमा लुकेर कथा सुन्नु प्रारम्भ हो भने एउटा स्याल मर्नु अन्त्य हो । यस कथाको आदि, मध्य र अन्त्य मिलेको कारण पनि यो रैखिक ढाँचामा कथानक संरचित छ ।

पौराणिक विषयवस्तु अँगाली लेखिएको 'फटाहा राजकुमार' हो । 'फटाहा राजकुमार' तेह्रौं स्थानमा आएको छ । यसको कथावस्तु घाइते हाँस र बद्ध बीचको संवादवाट अघि बढ्छ । बुद्धले घाईते हासलाई हातमा सुम्सुम्याउन खोज्दा हाँसले तिमीले माया गर्न सक्दैनौं किनभने तिमी स्वयम् आफ्नो प्राण त्यागी पत्नी र मुटुको टुक्रा जस्तो छोरालाई छोडेका छौं, भनेपछि बुद्ध रुन थाल्छन् । यस कथाको कथानक यतिमा नै सीमित रहेको छ । यस कथाको कथानक पनि रैखिक ढाँचामा रहेको छ ।

मनोवैज्ञानिक विषयवस्तुलाई आधार मानी लेखिएका कथामा 'भोटे कुकुर' र 'चिन्ता' हो । 'भोटे कुकुर' मा युवतीले भोटे कुकुरलाई हेरेको तर म पात्र आफूलाई हेरेको सम्भेको पछि कुकुरलाई हेरेको थाहा भएको छ । यसरी भ्रमयुक्त मानसिकतालाई यस कथाको कथानक बनाई प्रस्तुत गरिएको छ । त्यस्तै 'चिन्ता' कथामा श्रीमान् श्रीमतीको संवाद रहेको छ । मानसिक रोगीको उपचार मनोवैज्ञानिक तरिकावाट भयो भने अन्तमा निको हुने कुरा यस कथामा प्रस्तुत भएको छ ।

मनावैज्ञानिक विषयमा रहेको 'भोटेकुकुर' लघु कथा नौ स्थान आएको छ । यस कथामा मुख्य पात्र 'म' को मनमा आएका कुरा प्रस्तुत गरिएको छ । म पात्रले भर्खर किनेको भोटे कुकुर साथमा लिई बिहानको भ्रमणमा निस्केको हुन्छ । त्यही समय वाटोमा एउटी राम्री युवती पनि बिहानी भ्रमण गर्दै हुन्छिन् । युवतीले पटक पटक 'म' पात्र तर्फ हेर्दा म पात्रलाई आफूलाई हेरेको सम्भी आँखा भिम्काउन खोज्दा युवतीले त 'म' पात्रको कुकुरलाई हेरेको कुरा थाहा हुन्छ । यसरी म पात्र भ्रममा परेकाले छिटो छिटो घर फर्किएको र उसको मनमा द्वन्द्व चलेको देखिन्छ । यो कथा पनि रैखिक ढाँचामा रचिएको छ । यस कथामा कुकुर किनि बिहानी भ्रमणमा म पात्र हिडनु आदि भाग हो भने युवतीले कुकुरलाई हेरको थाहा पाई घरतिर फर्कनु अन्त्य भाग हो । यसमा भ्रमले मानिस यथार्थलाई चिन्न सक्दैन त्यति बेला मानिसको मन कस्तो स्थितिमा हुन्छ भन्ने कुरा प्रस्तुत गर्न खोजिएको छ ।

अन्तमा राष्ट्रप्रेमको भावनामा ओतप्रोत भएका कथामा 'विकासको मुहान' र 'माटो' रहेका छन् । माटो कथामा देशको माटो प्रति जनताले देखाउने माया प्रस्तुत गरिएको छ भने 'विकासको मुहान' कथामा चाहिँ महाकाली सन्धिलाई विषयवस्तु बनाएर देशप्रतिको माया जगाइएको छ ।

राष्ट्रिय भावनाले ओतप्रोत रहेको लघु कथा 'माटो' हो । यस कथाको क्रम स्थान अठाइसौँमा आएको छ । यस कथामा राष्ट्र प्रेमको भावना प्रशस्त मात्रामा प्रकट भएको छ । 'माटो' कथामा नागरिक एकले कसको मुटुमा के छ ? भनी प्रश्न गर्नु त्यसको उत्तरमा क्रमश दुईले रगत, तीनले कान्छीको माया, चारले उच्च विचार, पाँचले उद्देश्य, छ ले आमाको माया छ भन्छन् तर सातले चाँहि मेरो मुटुमा अलिकति माटो छ भनेपछि शिर निहुराउनुले यस कथा राष्ट्रियताको भाव झल्केको देखिन्छ । यस कथालाई नाटकीय शैलीमा अगाडि बढाइएको छ । यो कथा पनि रैखिक ढाँचामा नै संरचित छ । यसको प्रारम्भमा नागरिक गफ गर्दा अन्त्य चाहिँ सबै पात्रले आफ्ना मनको विचार प्रस्तुत गरी सकेर मौन बस्दा भएको छ ।

यसरी **अन्यथा** लघु कथा सङ्ग्रहका लघु कथाहरू वर्तमान समयको परिप्रेक्ष्यमा हेर्दा सामाजिक, राजनीतिक क्षेत्रमा देखिने यथार्थलाई प्रस्तुत गरेर लेखिएका छन् । सूत्र कथा लेखन लामिछानेको एउटा नयाँ प्रयोग हो । यस सङ्ग्रहलाई सूत्र कथा, मसिना कथाको सँगालो भनिए पनि यो लघु कथा नै हो । यसका विषयवस्तु ज्यादै मार्मिक रहेका छन् । राजनीतिक, सामाजिक, पौराणिक, मनोवैज्ञानिक आदि विविध विषयलाई आधार बनाएर व्यङ्ग्यात्मक शैलीमा समाज सुधारको वाटो पनि यी कथा मार्फत् देखाइएका छन् । जसले गर्दा यसका कथाहरूसुन्दर, राम्रा हुनुका साथै सन्देश मूलक पनि रहेका छन् ।

**४.२.३.२ चरित्रचित्रण**

लघु कथा पनि आख्यान साहित्यको स्वतन्त्र उपविधा हो । यस विधामा कथा र उपन्यासमा हुनुपर्ने विशेषता वा तत्वहरू रहनु नौलो होइन तर उपन्यासमा जस्तो धेरै पात्र लघु कथामा हुँदैन । यसमा थोरै भन्दा थोरै (सीमित) पात्रहरूको प्रयोग गरी लघु कथा लेखे त्यो अझ उत्कृष्ट मानिन्छ (अश्क, २०६५ : २८) । त्यसैले लघु कथाका लागि बढीमा तीन पात्र हुनु ज्यादै राम्रो मानिन्छ । **अन्यथा** लघु कथा सङ्ग्रहका सम्पूर्ण कथामा कम पात्रहरूको प्रयोग गरिएका छन् । लघु कथा सङ्ग्रहका प्रायः प्रयोग भएका सबै पात्रहरू, साङ्केतिक, प्रतीकात्मक र वैयक्तिक स्वभावको प्रतिनिधित्व गर्ने खालका छन् । त्यस्तै मानवीय, मानवेतर दुवै खालका पात्रहरूको प्रयोगले पनि लघु कथालाई थप सशक्त र प्रतीकात्मक बनाएका देखिन्छ । मानव समाजमा घटने घटनाहरू र घटना घटाउने पात्रहरूको स्वभाव र अनुभवलाई जीवन्त रूपमा चित्रण गर्न सक्ने पात्रहरूको प्रयोग यी लघु कथामा रहेको पाइन्छ । यसमा सामाजिक, राजनीतिक, पौराणिक, मनोवैज्ञानिक आदि विविध क्षेत्रको

विषयमा आधारित भएका कथाहरू मध्ये सभ्यता, कमनिस्ट, स्यालको स्वर्गयात्रा, फटाहा राजकुमार, भोटेकुकुर र माटो कथाको चरित्रचित्रणलाई यहाँ प्रस्तुत गरिएको छ । यी कथाहरूमा प्रयुक्त पात्रहरूको यहाँ चरित्रचित्रण गरिएको छ ।

सामाजिक विषयवस्तुमा लेखिएको 'सभ्यता' लघु कथाका मुख्य पात्र म, मित्र के. शर्मा र ज्येष्ठ पुत्र हुन् । मित्रका भाइ सहायक पात्र हुन् । म पात्रका मित्र के. शर्मा र ज्येष्ठ पुत्र प्रतिकूल पात्र हुन् भने म र मित्रका भाइ अनुकूल पात्रका रूपमा उपस्थित भएका छन् । मित्र के. शर्मा र ज्येष्ठ पुत्रले आफ्नो सभ्यता उच्च राख्न आफ्नो भाइलाई स्लिपिङ्ग ट्याब्लेट कफीमा खुवाएर जन्त जानवाट वञ्चित गर्दछन् । यसरी आफ्नो पहिलेको गाउँको संस्कार र गाउँका मानिसलाई पाखे देख्ने मित्र के. शर्मा र उनको ज्येष्ठ पुत्रलाई खल पात्रका रूपमा चित्रण गरिएको छ । के. शर्माको भाइ गाउँघरको साधारण मानिसको प्रतिनिधित्व गर्ने पात्र हुन् । उनी रगतको नातालाई  ठूलो नाता सम्झी दाजुको छोराको विहेमा आउँछन् तर स्वयम् जन्त जानवाट वञ्चित हुन्छन् । यसरी यस लघु कथामा कसरी सहरिय मानिसहरूगाउँमा बस्ने साधारण जीवन  बिताउने मान्छेलाई हेप्छन् र आफू भन्दा सानो निच र पाखे सम्झन्छन् भन्ने कुराको यथार्थ चित्रण यहाँ उपस्थित भएका पात्र मार्फत प्रष्ट गराइएको छ ।

राजनीतिक विषयलाई अगाँली लेखिएको कथा 'कमनिस्ट'मा मूख्य पात्र नगर पालिकाका मेयर र सहायक अनुकूल पात्रका रूपमा कार्यरत व्यक्ति र खोसुवा चालक रहेका छन् । यस कथाका सबै पाात्रहरू मञ्चीय छन् । यस कथामा सबै क्षमता भए पनि खोसुवा चालक कमिनिस्ट भएकाले जागीर नपाएको, मेयरले पनि नदिएको यथार्थ देखिन्छ । पाटीगत सोच अनुसार मेयरले खोसुवा चालकलाई जागीरवाट वञ्चित गराएको कारण गर्दा पनि प्रतिकूल पात्र तथा खल पात्रका रूपमा मेयर आएका छन् । खोसुवा चालकलाई भने अनुकूल पात्रको स्थान दिइएको छ ।

लोक कथात्मक शैलीमा लेखिएको कथामा 'स्यालको स्वर्गयात्रा' आवश्यक भन्दा बढी पात्रको प्रयोग गरिएको छ । यसमा पनि मानवेतर प्राणी मुख्य पात्रका रूपमा आएका छन् भने मानवीय वा गाउँलेहरू गौण पात्रका रूपमा आएका छन् । स्यालले गाउँमा स्वर्गको कथा सुनेपछि आफूहरू पनि स्वर्ग जाने प्रयासमा जुट्छन् । यही स्वर्ग जाने सन्दर्भमा स्यालको कथा मार्फत कथा अघि बढेको छ । यसमा एउटा तल बस्ने स्याल प्रतिकूल पात्र हो भने अरु बाँकी सबै स्यालहरू अनुकूल पात्रका रूपमा आएका छन् । सबै पात्रहरूले

मञ्चीय भूमिका निर्वाह गरेका छन् । लोक कथात्मक विषयमा रहेर कथानक अनुसार नै यहाँ मानववेतर पात्रको उपस्थित गराई कथा उत्कृष्ट बनाइएको देखिन्छ ।

पौराणिक विषयमा आधारित 'फटाहा राजकुमार' कथामा पनि मानवीय तथा मानवेतर प्राणी को माध्यमवाट कथा प्रस्तुत गरिएको छ । मानवेतर पात्रमा हाँस र मानवीय पात्रमा बुद्ध नै  यस कथाका मुख्य पात्र हुन् । यिनैको केन्द्रीयतामा यस कथाको कथावस्तु अघि बढेको छ । यस कथाम रहेका सबै पात्र मञ्चीय हुन् । यस भित्र नेपथ्य अथवा गौण पात्रका रूपमा देवदत्त, बुद्धकी पत्नी र छोरा राहुललाई उपस्थित गराइएको छ । यस कथाको कथानकमा बुद्ध र हाँसको संवाद रहेको र सम्पूर्ण कथावस्तु यिनै दुईको संवादवाट अघि बढेको छ । यहाँ सुरु देखि अन्त्यसम्म बुद्ध र हाँस सक्रिय देखिन्छन् । त्यसै कारण यी मञ्चीय पात्रका रूपमा रहेका छन् ।

मनोवैज्ञानिक विषयवस्तुमा लेखिएका 'भोटेकुकुर' कथाको विन्यास रैखिक ढाँचामा रहेको छ । यो कथा मनोवैज्ञानिक भएपनि यसमा मानवीय पात्रका साथै मानवेतर प्राणीलाई पनि पात्रको रुपमा उपस्थित गराइएको छ । यस कथामा म पात्र र मानवेतर भोटेकुकुर मुख्य पात्र हुन् भने युवती सहायक पात्रका रूपमा उपस्थित भएकी छन् । भोटेकुकुर र म पात्र बिहानीको भ्रमण गर्ने समयमा युवती पनि बिहानी भ्रमणमा आएकी हुन्छिन् । त्यही समयमा उनीहरूको आमुने परस्परमा देखादेख हुन्छ । म पात्रले ती युवतीले आफूलाई हेरेको ठान्छन् तर वास्तवमा युवतीले भोटेकुकुरलाई हेरेकी हुन्छिन् । कुकुरलाई हेरेको थाहा पाएपछि म पात्रको मनमा द्वन्द्व चल्छ ।  चरित्रको मनोविश्लेषण यस कथामा मार्मिक रूपमा गरिएको छ । यसरी सीमित पात्रको प्रयोगले पनि यो कथा पात्र चयनमा सफल नै रहेको छ ।

यसै सङ्ग्रह भित्र राष्ट्रप्रेमको भावना बोकेको 'माटो' लघु कथामा आयाम सीमित भए पनि पात्र धेरै उपस्थिति गराएको देख्न सकिन्छ । यस लघु कथामा संवादात्मक शैली अवलम्बन गरी एक, दुई, तीन, चार, पाँच, छ, सात, र म पात्रहरू आएको देखिन्छ । यिनीहरूको भूमिका एक/एक ठाउँमा र एक/एक वाक्य भनेपछि समाप्त भएको छ । एक, दुई, तीन, चार, पाँच, छ, र सात मुख्य पात्र हुन् भने म पात्र चाहिँ सहायक पात्रका रूपमा आएको छ । सात नागिरकहरूले एक एक वाक्यमा आफ्ना कुरा प्रस्तुत गरेका छन् भने म पात्र मौन बसी सात जनाका कुरा सुनिरहेका छन् । यस लघु कथामा आठ जना पात्रलाई

उपस्थित गराइएको छ । धेरै पात्रको उपस्थित भए पनि कथानक अनुरूप पात्रहरु सान्दिर्भक नै रहेका छन् ।

यसरी यस **अन्यथा** लघु कथा सङ्ग्रह भित्रका धेरै लघु कथाहरूमा पात्र सीमित छन् । कुनै कुनै कथामा केही मात्रामा बढी पात्रलाई पनि उपस्थिति गराइएको छ । यस्ता पात्रहरूमा केही साङ्केतिक, प्रतीकात्मक र वैयक्तिक स्वभावको प्रतिनिधित्व गर्ने खालका पनि आएका छन् । यसका साथै मानवीय तथा मानवेतर दुवै खाले पात्रहरूको प्रयोगले गर्दा पनि लघु कथालाई थप सशक्त र प्रतीकात्मक बनाइको पाइन्छ । मानव समाजमा घट्ने घटनाहरूर घटना घटाउने पात्रहरूको स्वभाव र अनुभवलाई जीवन्त रूपमा चित्रण गर्न सक्ने पात्रहरूको समुचित प्रयोग गरी कथाको विषयवस्तु अनुरूप नै पात्रको चयन गरेको देखिन्छ ।

### ४.२.३.३ परिवेश

**अन्यथा** लघु कथा सङ्ग्रहको समग्र परिवेश वर्तमानको समसामायिक बहुलवादी र विविधतापूर्ण परिवेशवाट टाढा छैन कि बरु त्यसको नजिक रही लघु कथा लेखिएको छ । लघु कथा भएको कारणले गर्दा पनि सानो परिवेशलाई समावेश गरी कथा लेखिएको छ । सीमित परिवेशमा रहेर पनि लघु कथाहरू ज्यादै रोचक, मार्मिक, सबै पाठकको मन छुने खालका रहेका छन् ।

सामाजिक विषयलाई प्रतिनिधित्व गरेको लघु कथा 'सभ्यता'मा सहरिया परिवेश रही एउटा घर परिवारको मात्र चित्रण गरिएको छ । सहरिया परिवेशमा घटने घटनामा केन्द्रीत भई यस कथामा परिवेशको चित्रण भएको छ । घरमा काम गर्ने केटा रामेको सुत्ने कोठाको परिवेशलाई पनि यहाँ उपस्थित गराइएको छ । बिहेको चर्चा गर्ने क्रममा सहरिया परिवेशमा बहुदल प्राप्ति पछिको समयलाई आधार मानी त्यही समयमा बसी कथा रचिएको हुन सक्ने देखिन्छन् । यसमा सामान्य गाउँको पनि चर्चा आएको हो, तर सम्पूर्ण घटना सहरिया परिवेशमा नै घटेका छन् । वर्णनात्मक शैली भएकोले रामेको कोठामा बाबु र छोरा छलफल गरेको सीमित परिवेश कथामा आएको छ ।

'कमनिस्ट' राजनीतिक विषयवस्तु भएको कथामा पनि नगर पालिकाका मेयरको चरित्रसँग सम्बन्धित भएको कारण सहरिया परिवेशको नै चित्रण गरिएको छ । वि.सं २०४६ पछिको समयमा नेपालमा राजनीतिक क्षेत्रले नयाँ गोरेटो फेरेको थियो । त्यही समय बिन्दुमा रही यस कथाको चित्रण भएको छ । प्रजातन्त्रको पुनर्प्राप्ति पछि नेपालमा राजनीति

भित्र हुने गरेको विकृति, विसङ्गतिलाई देख्न पाइन्छ । यस कथामा नगर पालिकाको दृश्य चित्रित छ । परिवेशको हिसाबमा यो कथा एउटा काठोभित्र संरचित भएको र सोही कोठामा रही कथानक अघि बढेको छ ।

त्यस्तै लोक कथात्मक शैली अपनाई लेखिएको 'स्यालको स्वर्गयात्रा' कथामा गाउँलाई परिवेश बनाई लेखिएको छ । यो दृश्यात्मक परिवेश चित्रित गरिएकाले यसमा अग्लो डाँडामा घैँटाहरू राखिएको पाइन्छ । यो लोक कथात्मक शैलीमा रचिएको कारण पनि यस कथामा कथानक सुहाउँदो परिवेश प्रस्तुत गरिएको छ । परिवेश लघु कथाले मागे भन्दा केही बढी पनि देख्न सकिन्छ ।

'फटाहा राजकुमार' एक पौराणिक लघु कथा भएकोले परिवेश पनि त्यही अनुकूल ल्याइएको छ । यस लघु कथाम गाउँले परिवेशको चित्रण भएको देखिन्छ । गाउँको दृश्यात्मक परिवेशको उपस्थिति यसमा गराइएको छ । सीमित झिनो कथानक भएकाले परिवेश पनि झिनो आएको छ ।  ठाउँ र स्थानलाई मध्य नजर गरी हर्दा यो कथा पौराणिक समयलाई आधार मानिएकोले कथानक अनुरूप अनुकूल नै रहेको देखिन्छ ।

'भोटेकुकुर' कथामा आएको परिवेशलाई हेदा यो एउटा उच्च वर्गीय परिवार त्यस भित्र पनि सहरिया परिवेशको परिवेशलाई चित्रण गरिएको छ । यहाँको समय हेर्दा बिहानीको भ्रमण गर्ने र कुकुर पाल्ने शोक बढी सहरका मानिसमा नै हुन्छ । बगैँचा वा पार्कमा 'म' पात्र, कुकुर र युवती बिहानी भ्रमण गर्न गएको देखाइएको छ भने सम्पूर्ण घटना म पात्रको मनमा नै घटेको छ । यस लघु कथामा ज्यादै सीमित परिवेश भित्र रही कथानक अघि बढे पनि परिवेश कथानक अनुकूल नै रहेको छ ।

राष्ट्रिय भावनामा सिर्जित लघु कथा मध्ये 'माटो' पनि एउटा हो । यसमा यस्तो कुनै समय, ठाउँ विशेषको प्रत्यक्ष किटान गरिएको देखिदैन । एउटा सानो चिया पसलमा बसी सात जना पात्रको छलफल मात्र यसमा आएको छ । यहाँ आएका प्रसङ्गमा नागरिकहरूको मनमा रहेका कुरा प्रस्तुत गरिएकोले यो प्रजातन्त्रको पुनर्प्राप्तिको समयको परिवेश चित्रित गरिएको छ । यस कथामा दृश्य चित्र पनि आएको छ । माटो कथामा शान्त परिवेशको चयन गरी त्यही सम्पूर्ण घटनाहरूघटेका छन् । यसरी यो कथाको परिवेश नगन्य मात्रामा आए पनि कथानक अनुसार उत्कृष्ट भएको देखिन्छ ।

यसरी हेर्दा लामिछानेका **अन्यथा** भित्रका सम्पूर्ण लघु कथाहरूको परिवेश सीमित रहेको छ । सानो परिवेशलाई समेटी लेखिएका उनका लघु कथाका घटना र विषयको छनोट

फरक फरक भए पनि उत्कृष्ट रहेका छन् । कथावस्तु सीमित भए पछि स्वतः परिवेश पनि सानो हुन्छन् । यस भित्रको परिवेशमा लामिछानेले जो कोही साथी भाइसँग हिडँदा डुल्दा, बजारमा यताउता जाँदा, गाउँघर वरपर देखिने सामान्य ठाउँलाई पनि परिवेश बनाई कथामा उतारेको देखिन्छ । सानो, झिनो कथावस्तु र छोटो समयमा नै पढन् सकिने हुनाले उस कथा सङ्ग्रह भित्रका कथाहरूमा प्रयुक्त परिवेश सीमित नै रहेको देखिन्छ ।

**४.२.३.४ भाषाशैली**

भाषा मानवीय विचार विनिमयको साधन हो । कुनै पनि भाव या विचार अभिव्यक्त गर्ने माध्यम भाषा हो । भाषालाई अभिव्यक्ति गर्ने विभिन्न ढङ्ग र तरिका शैली हो (थापा, २०६६ : १५९) । लघु कथामा कथावस्तुको विस्तार तथा विचारको प्रस्तुति समेत भाषाका माध्यमवाट गरिन्छ । **अन्यथा** लघु कथा सङ्ग्रहका सबै कथाहरूको कथानक रैखिक ढाँचामा नै संरचित भएकाले पनि भाषाशैली सबैले बुझ्ने स्पष्ट खालको रहेको छ । **अन्यथा** लघु कथा सङ्ग्रहका लघु कथामा रहेका उन्चालीस वाटै कथाका कथानक आदि मध्य र अन्त्यको क्रममा रहेका छन् । यी कथाहरूमा व्यङ्ग्यात्मक र प्रतीकात्मक रूपमा शब्दहरूको प्रयोग गरी समाजमा देखा पर्ने विकृति-विसङ्गति र विडम्बनाको भण्डाफोर गरेका छन् । जुनसुकै परिवेशमा बसे पनि कथा भित्रको भाषा ज्यादै सरल, सबैले बुझ्ने स्पष्ट र सहज किसिमको रहेको छ । व्यङ्ग्य र प्रतीकात्मक रूपमा कथा लेखे पनि स्पष्ट सरल र सबैले बुझ्ने खालको भाषालाई कथाकारले खोजी खोजी प्रयोग गरेको देखिन्छ । यस सङ्ग्रहका लघु कथाहरूमा कथ्य निकट भाषाले बढी मात्रामा स्थान लिएका छन् । सूक्ष्म, झिनो र सीमित कथानकका कथा भए पनि यसमा संवादात्मक, वर्णनात्मक, नाटकीय साथै फिल्मी शैलीको समेत प्रयोग गरिएको पाइन्छ । यहाँ सभ्यता, कमनिस्ट, फटाहा राजकुमार, स्यालको स्वर्ग यात्रा र भोटेकुकुर लघु कथामा केन्द्रीत रही अन्यथा लघु कथा सङ्ग्रहमा प्रयोग भएका भाषाशैलीको जानकारी हुन्छ ।

'सभ्यता' कथामा भाषाशैली सरल, सहज हुनाका साथै अभिव्यक्ति शैली वर्णनात्मक रहेको छ । रैखिक ढाँचामा संरचित यस कथामा समास शैलीको साथै व्यङ्ग्यात्मक र प्रतीकात्मक भाषाशैलीको प्रयोग गरिएको छ । समाजमा देखा परेका विकृति विसङ्गति र विडम्बनाको भण्डाफोर गर्न सक्ने भाषाको चयन यहाँ भएको छ । आधुनिक समयका युवावर्गका बोलीचालीमा पश्चिमी संस्कारको छाप परेको कारण सोही अनुरूप अङ्ग्रेजी

भाषाको ठाउँ ठाउँमा प्रयोग गरिएको देखिन्छ । यस्तो संस्कारलाई कथाकारले आफ्नो कथा 'सभ्यता'मा यसरी प्रस्तुत गरेका छन् :-

सुन (कानमा) मैले कफीमा स्लिपिङ्ग ट्याब्लेट हालेर दिइसके । अब त्यो गएर रामेको कोठामा सुत्छ ।

भेरी गुड आइडिया डेडी, यु आर राइट, (अन्यथाः २३)

यसरी आधुनिकता अनुसार व्यवहारिक जीवनमा प्रयोग हुने भाषाहरूयसमा समावेश गरिएका छन् । त्यसैले गर्दा पनि यो कथा अझ सरल, सहज भएको हो ।

यसै सङ्ग्रह भित्रको 'कमिनिस्ट' कथामा राजनीति विषयवस्तुलाई आधार मानी लेखिएको हो त्यसकारण पनि यसमा सोही क्षेत्र अनुकूलको भाषाशैलाी आउने गर्दछ । अगाँली लेखिएको छ । यस कथाको भाषाशैलीमा पनि सरल, सहजता भित्र व्यङ्ग्य घुसेको छ । जसले गर्दा यो कथा सबैले बुझ्न सक्नेको साथै नेता वा पार्टी भित्र हुने गरेका विकृतिलाई भाषाशैलीका माध्यमवाट प्रस्ट पारिएको छ । 'सभ्यता' कथामा जस्तै यस कथामा पनि ठाउँ ठाउँमा अङ्ग्रेजी शब्दको प्रयोग भएको छ । त्यस्तै प्रशासनिक क्षेत्रमा बोलिने भाषाशैली पनि यहाँ प्रस्तुत गराइएको छ । यस कथामा प्रयोग भएका वाक्य यस्ता पनि छन् : विकास कार्यमा पनि सफल हुन होला वहाँले पदभार ग्रहण गर्ने बित्तिकै रहलपहल बजेट लगाएर विदेशवाट नयाँ कार झिकाउनु भयो । राता राता कति गर्दा बल्ल कार कार्यालयमा आइपुग्यो । तर त्यसले अर्को समस्या 'क्रिएट' गऱ्यो (अन्यथा : ४२) ।

यसरी यस कथामा आधुनिक समयको बोलचालको भाषामा आउने शब्दको प्रयोगले यो कथा अझ सहज बनेको छ । वर्तमान समयमा नयाँ सन्ततिले यस्तै भाषाको प्रयोग गर्ने भएकाले पनि आधुनिकता अपनाई भाषा चयन गरिएको छ ।

यस्तै 'भोटेकुकुर' लघु कथामा व्यक्तिको आन्तरिक मनको विश्लेषण गरिएका भए पनि त्यसमा सरल, सहज र सबैले बुझ्न सक्ने खालको भाषाको प्रयोग भएको पाइन्छ । यस लघु कथामा एउटा युवकको मनको विश्लेषण गरिएको कारण शैली वर्णनात्मक रहेको छ, जस्तैः- म आफ्नै सुरमा घुम्दै थिएँ र म उसकै सुरमा तर अब दुवैको सुर बेसुर भए झैं लाग्न थाल्यो । एकाएक उसले मतिर पुलुक्क हेरी । मलाई लाग्यो, ऊ लाजले भुतुक्क भइरहेकी छे, (अन्यथा : १५) । म पात्रले आफैं आफ्नो र अर्कोको मनका कुरा वर्णन गरेको छ ।

त्यसैले यो मनोवैज्ञानिक कथा हो । बोलीचालीको भाषामा 'म' पात्रको मनोविश्लेषण यो कथाभित्र उत्कृष्ट रूपमा गरिएको पाइन्छ । भाषा सरल र सहज हुदाहुदैं पनि शैली वर्णनात्मक भएकोले गर्दा केही असहजता देखिन्छ तर प्रस्तुतीकरणको शैली उत्कृष्ट नै रहेको छ ।

'माटो' कथामा राष्ट्र प्रेम झल्कने भाषाको प्रयोग गरिएको पाइन्छ । यस कथाको भाषाशैली ज्यादै सरल रहेको पाइन्छ । भाषा मानिसको विनिमयको साधन पनि हो । यस भित्र एउटा पात्रले एक वाक्य भन्दा बढी बोलेको पाइदैन । त्यही एक वाक्यवाट धेरै कुरा प्रष्ट बुझ्न सकिन्छ । यसमा कथाकारले प्रयोग गरेको संवाद यस प्रकार रहेको छ :

१ : कसको मुटुमा के छ ?

२ : के हुनु ? रगत छ, फगत चलायमान रगत ? (चल्छ)

३ : मेरो मुटुमा त कान्छीको मया छ । (मस्किन्छ)

७ : मेरो मुटुमा त्यस्तो केही छैन, फगत अलिकति माटो छ । (शिर निहुराउँछ),

गफ जारी थियो सायद, तर मेरो मन रोकिइहाल्यो (अन्यथा : ४१) ।

यस कथामा सात जना पात्रका आफ्नै मनमा रहेका कुरा प्रस्तुत गर्दा सात नं. को पात्रको संवादमा देशको माया रहेको माटोको सर्न्दभवाट आएको छ । यसमा शिक्षित वर्गले प्रयोग गर्ने भाषा आएको छ । यस कथामा नेपाली भाषाको मात्र प्रयोग गरिएको पाइन्छ । शब्द तथा वाक्यहरूपनि सानो र प्रतीकात्मक रहेको पाइन्छ, भने देशको माया दर्शाउन मुटुमा माटोको माया छ भनिएको छ । यसरी यो कथामा सहज सरल किसिमको संवादको माध्यमवाट यथार्थलाई नाटकीकरण गरी देशको माया प्रकट गरिएको पाइन्छ ।

'फटाहा राजकुमार' कथाको भाषा सरल, सहज हुनाका साथै अभिव्यक्ति शैली संवादात्मक र प्रतीकात्मक रहेको छ । संवाद कथनमा ज्यादै मार्मिकता झल्किन्छ । यसमा प्रस्तुत भएको भाषाशैली यस्तो रहेको छ :-

बुद्ध स्नेहसिक्त शब्दमा भन्छन् - म देवदत्त यस्तो होइन । मलाई त्यस्तो निर्दयी नसम्झ म त तिमीलाई माया गर्छु, माया त्यसैले फुत्कन नखोज ।

माया मार्नेले पनि अरुको माया गर्न सक्छ ? आश्चर्य ...............

मरेको सिकार पोलिखाउँला भन्ठान्या, फटाहा राजकुमार ! (अन्यथा, २०)

यसमा आश्चर्य चकित कुरा पनि आएका छन् । वाक्य अपूर्ण रहेकाले पनि के भन्न खोजिएको होला भन्ने जिज्ञासा भाषावाट देख्न सकिन्छ । पौराणिक विषयलाई आधार मानी

आधुनिक समयमा हुने सामाजिक विकृतिलाई यसमा प्रयोग भएका भाषावाट खुलस्त पार्न खोजिएको छ । कारुणिक शैलीलाई अवलम्ब गरी कथानक प्रस्तुत भएको पाइन्छ भाषाशैलीका माध्यमवाट हेर्दा पनि यो कथा असहज छैन । पौराणिक विषयवस्तुमा संरचित यस कथामा सोही अनुरूप भाषाशैली आएकाले आधुनिक समयका पाठकलाई बुझ्न केही अप्ठायारो देखिन्छ ।

**अन्यथा** सङ्गह भित्रका लघु कथाहरूमा कथानक सुत्रात्मक भए जस्तै भाषा पनि सूत्रात्मक नै रहेको छन् । बिन्दुमा सिन्धु समेट्ने गरी स-साना शब्द प्रकृतिअनुसार साले, माटोक्ने जस्ता शब्द प्रयोगमा आए पनि त्यो विषयवस्तु सुहाँउदो रहेको छ । लघु कथाको शैली पहिल्याउन गाह्रो भएपनि **अन्यथा** भित्रका लघु कथाहरूमा प्रायः वर्णनात्मक शैलीका माध्यमवाट कथाका घटनाहरू बुनिएको देखिन्छ । कही आफू स्वयम् भोक्ता बनेका छन् त कही अनुभवकर्ता र पर्यवेक्षकका रूपमा पनि देखा परेका छन् । कथाभित्र प्रस्तुत भएका विषयवस्तु, पात्र, परिवेश अनुरूप वर्णन विवरणका माध्यमवाट कथा अघि बढेका छन् । यसो हेर्दा केही कथा नाटक जस्ता पनि लाग्छन् । अनावश्यक शब्दजाल र कृत्रिमता भाषा भने कथाकारले प्रयोग गरेको पाइदैन् । यस कथामा आन्तरिक र बाह्य दृष्टिबिन्दुको मात्र प्रयोग छैन कि आन्तरिक र बाह्य दुवै प्रयोग पनि भएको छ । कहीँ कहीँ सामान्य उखान, टुक्का, चुट्किला, तथा केही नाम सर्वनाम र विशेषण आदिको प्रयोगले पनि यो सङ्ग्रहका लघु कथाहरूभाषाशैलीका दृष्टिवाट हेर्दा पनि अत्यन्त सफल र सशक्त रहेको पाइन्छ ।

### ४.३.३.५ दृष्टिबिन्दु

आख्यान विधाको मह**पां**पूर्ण तफ्वमा दृष्टिबिन्दु पर्ने गर्दछ । प्रस्तुतीकरणसँग सम्बद्ध हुने यस तत्फ्वलाई अङ्ग्रजीमा 'प्वाइन्ट अफ भ्यु' भनिन्छ । यसको समानार्थी शब्द दृष्टिकोण वा परिपेक्ष्य हो । कथा वाचकले कथा सुनाउनका लागि उभिन वा बस्नलाई रोजेको ठाउँ विशेषलाई दृष्टिकोण वा दृष्टिबिन्दु भनिन्छ (नेपाल, २००५ : ९८) । कुन आख्यान कसको कथा हो र त्यस कथालाई भन्ने समाख्याताको हो भन्नु नै दृष्टिबिन्दु हो (शर्मा, २०५५ : ३८५) । दृष्टिबिन्दु प्रथम र तृतीय पुरुष गरी दुई प्रकारका हुन्छन् ।

कपिल लामिछानेको **अन्यथा** (२०५४) लघु कथा सङ्ग्रहमा आन्तरिक र बाह्य दुवै दृष्टिबिन्दुको प्रयोग गरेका छन् । उनले प्रकृति, मानव, मानवेतर प्राणी साथमा मूर्त, अमूर्त सबै पात्रलाई समावेश गरी कथालाई अघि बढाएका छन् । कथाकारले यस सङ्ग्रहका प्रायः जसो लघु कथाहरूमा आन्तरिक भन्दा बाह्य दृष्टिबिन्दुको बढी प्रयोग गरिएको छ भने केही

लघु कथामा आन्तरिक र बाह्य दृष्टिबिन्दुको पनि मिश्रण गरी कथानक सिर्जित गरिएको छ ।

'सभ्यता' लघु कथाको म, मित्र के. शर्मा र ज्येष्ठ पुत्रको माध्यमवाट कथा अघि बढेको छ । यस कथामा सभ्यताको वास्तविक अर्थ के हो ? भनेर कौतुहलतामा कथा टुङ्गिएको छ । आदि मध्य र अन्त्य मिलेको यस कथामा बाह्य दृष्टिबिन्दुको प्रयोग भएको छ ।

'कमिनिस्ट' लघु कथामा पनि बाह्य दृष्टिबिन्दुको प्रयोग भएको छ । 'नगरपालिका'का मेयर, उम्मेदवार, कार्यरत कर्मचारी र खोसुवा ड्राइभरका माध्यमवाट कथा अघि बढेको छ । यसमा सबै पात्रको विचार र प्रतिक्रिया समावेश गरेकाले यो सर्वदर्शी दृष्टिबिन्दुमा रहेको छ ।

'भोटेकुकुर' लघु कथाको विन्यास रैखिक ढाँचामा गरिएको छ । मनोवैज्ञानिक विषय अँगाले पनि यसमा बाह्य दृष्टिबिन्दु प्रयोग गरिएको छ । यस लघु कथामा आन्तरिक र बाह्य दुवै दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ । यसको प्रस्तुति शैली वर्णनात्मक रहेको पाइन्छ ।

राष्ट्रिय भावनामा समर्पित भएको 'माटो' लघु कथा नाटकीय शैलीमा संरचित छ । यसमा सात जना नागरिकको एक एक वाक्यको संवादमा कथा प्रस्तुत गरिएको छ । सानो कथामा पनि छुटाछुट्टै पात्र राखिएकाले कथामा बाह्य दृष्टिबिन्दु रहेको छ । १, २, ३, ४, ५, ६ र ७ गरी यी पात्रको आफ्नै भावना प्रस्तुत भएकाले पनि प्रस्तुत कथामा कथानक सुहाउँदो दृष्टिबिन्दु रहेको छ ।

'फटाहा राजकुमार' पौराणिक विषयमा आधारित भए पनि यसमा मानवीय पात्र र मानवेतर पात्र हाँस बीचको संवादमा कथा केन्द्रीत छ । दृश्यात्मक परिवेश रहेको यस कथामा बाह्य सीमित दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

'स्यालको स्वर्गयात्रा' कथामा मानवेतर प्राणीलाई प्रमुख पात्र र मानवीय पात्रमा गाउँका मानिस अप्रत्यक्ष रूपमा कथानकमा आएका छन् । यसरी स्यालको स्वर्ग जाने कुरालाई यहाँ प्रस्तुत गरिएको छ । त्यसैले यो कथा पनि बाह्य दृष्टिबिन्दुमा रचिएको छ ।

यसरी हेर्दा लामिछानेका सम्पूर्ण लुघ कथाहरूमा बाह्य दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ । विषयवस्तु सुहाउँदो पात्रको प्रस्तुतले गर्दा पनि दृष्टिबिन्दु सबै कथाहरूमा अनुकूल रहेको छ ।

### ४.३.३.६ उद्देश्य

हाम्रो समाज खण्डीकृत हुँदै गएकोले मानव सभ्यता, संस्कृति, संस्कार, सोचाइ, मूल्य मान्यता, विचार तथा दृष्टिकोणमा पनि महानगरीय सभ्यताको प्रवेश भएको छ । यसै सभ्यता भित्रका घटनाले हाम्रो जीवनलाई प्रत्यक्ष अप्रत्यक्ष रूपमा प्रभाव पारेको हुन्छ । आजको व्यस्त समाजका मानिसहरूलाई छोटो समय मै पढेर आख्यानात्मक स्वाद दिँदै जीवन र जगतको मूल्यको बोध गराउन सक्ने कथाहरू यस **अन्यथा** लघु कथा सङ्ग्रह भित्र समावेश गरिएका छन् । यस सङ्ग्रहका लघु कथाहरुले समाजमा देखिएका राजनीति, सामाजिक, धार्मिक तथा प्रशासनिक र समसामयिक क्षेत्रको यथार्थ चित्रण गर्नुका साथै यदि समाजमा देखिएका विकृति विङ्गतिप्रति प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा भए पनि सन्देश दिने काम गरेका छन् । यसरी यी कथाहरूले मानवसित सम्बन्ध राख्ने, सामाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक, शैक्षिक, राजनीति, वैयक्तिक, प्रशासनिक विविध क्षेत्रमा देखिने विकृति र विसङ्गतिप्रति व्यङ्ग्य पनि गरेको देखिन्छ । समाजका असङ्गतिहरूलाई विभिन्न किसिमका सूक्ष्म बिम्ब र प्रतीकहरू मार्फत चित्रण गरी सुमार्गमा अभिमुख गराउनुका साथ पाठकलाई आनन्द मिल्ने र समाज परिवर्तन गर्न शिक्षा पाइने हुनाले पनि यस **अन्यथा** लघु कथा सङ्ग्रह भित्र रहेका कथाहरूको मुख्य उद्देश्य रहेको छ ।

कपिल लामिछानेले आकारमा छोटा र साना कथा लेखे पनि त्यसको प्रभाव र त्यसले दिने शिक्षा दिगो र कालजयी नै रहेका छन् । युद्धको त्रास, सत्तामा पुग्ने व्यक्तिको आचरणमा परिवर्तन नदेखिने, राष्ट्रियता ओझेलमा परेका प्रशासनिक क्षेत्रमा हुने चाकडीपन, राजनीतिमा देखिएका विकृतिहरूआदि समाजका खराब पक्षको चित्रण गरी समाज सुधारको वाटो देखाउने उद्देश्य **अन्यथा**भित्रका लघु कथाहरूको रहेको छ ।

'सभ्यता' लघु कथामा पनि यस्तै समाज सुधारको अपेक्षा गरिएको देखिन्छ । यसको मुख्य उद्देश्य सहरिया वा आधुनिक सभ्यताले मान्छेलाई स्वार्थी बनाएको कुरामा आलोचना गरिएको छ । आधुनिक सभ्यतामा रम्न पुगेका के.शर्मा र उनका ज्येष्ठ पुत्रले आफ्नो परम्परालाई भुलेको र रगतको नातालाई त्यागी सहरीया सभ्यतामा रमाएका छन् । यसरी सभ्यताको नाममा आफ्नो पहिलेका रीतिरिवाज र मान्यतालाई नबिर्सन आग्रह गर्नु नै यस कथाको उद्देश्य रहेको हो । व्यङ्ग्यात्मक रूपमा आजको विकृति, विसङ्गतिले झेलिएको समाजको सुधार गर्नु तथा सहरमा बसेर आफूलाई सभ्य भएको ठान्ने मानिसको मानसिकतामा परिवर्तन ल्याउनु सन्देश यस कथाको रहेको छ ।

'कमनिस्ट' लघु कथामा कुनै पनि कर्मचारी राख्नको लागि सो कर्मचारी आफ्नै पार्टीको हुनु पर्ने देखाई पार्टी भित्र देखिने विकृति प्रति आलोचना गरिएको छ । यस कथामा बहुदलीय प्रजातन्त्रको आगमनपछि पनि राजनीतिक क्षेत्रमा हुने नातावाद र कृपावाद सम्बन्धी परम्परा यथावत् नै रहेको देखाइएको पाइन्छ । यसको मुख्य उद्देश्य एउटा राजनीतिक दलका व्यक्तिले अर्को दलका व्यक्तिलाई योग्य हुँदाहुँदै पनि योग्य नठान्नु, अयोग्य देखाउनु रहेको छ । यस कथामा पनि नगर पालिकाको मेयरले आफूलाई ड्राइभरको आवश्यकता हुँदाहुँदै पनि अर्को पार्टीको भनी सक्षम व्यक्तिलाई पनि असक्षम देखाइ जागीर दिन अस्वीकार गरेका छन् । सो ड्राइभर कमनिस्ट भएको कारणले जागिरवाट वञ्चित भएको छ । यसरी यस कथामा नाता सम्बन्ध, पार्टी सम्बन्धप्रति तीव्र रूपमा व्यङ्ग्य गरिएको पाइन्छ, र त्यस्तो नगरी एउटा सक्षम व्यक्तिलाई नै जागिर दिनु पर्ने अर्थात् भेदभावको भावना हटाई सक्षम व्यक्तिलाई चुन्न सक्नुपर्छ भन्ने कुरा देखाइएको छ ।

अर्को कथा 'स्यालको स्वर्गयात्रा' मा मानवेतर प्राणी स्यालको मार्फत समाजमा देखिएको विकृतिलाई चित्रण गरिएको छ । हाम्रो समाजमा  अगाडि बढ्न खोज्ने, केही राम्रो काम गर्ने व्यक्तिको एक अर्कोले खुट्टा तानातान गर्ने प्रवृत्ति अझै यथावत् नै रहेको छ । यस्तो नकरात्मक प्रवृत्तिलाई त्यागी स्वच्छ, सफा र उच्च विचारको भावना अँगाल्न यस कथाले आग्रह गरेको छ ।

त्यस्तै पौराणिक विषयवस्तुमा रहेको लघु कथा 'फटाहा राजकुमार' को उद्देश्य आफू आदर्श भएमात्र अरुलाई आदर्शका कुरा गर्न मिल्ने नत्र नमिल्ने सन्देश दिएको छ । यस कथामा पनि बुद्धका मार्फत आजका उच्च वर्गका व्यक्ति, नेता र समाजका ठूलाबडाको व्यवहारको चित्रण गरिएको छ । जो कोही पहिले आफू सक्षम बन्ने अनि मात्रा अरुलाई उपदेश दिए त्यसको ठीक प्रयोग हुन्छ नत्र त्यो उपदेश खेर जान्छ ।

'भोटेकुकुर' लघु कथा मनोवैज्ञानिक विषयमा रहेकाले यसको उद्देश्य पनि त्यही प्रकारको देखिन्छ । यस लघु कथामा 'म' पात्रको मनोविश्लेषण गरिएको छ । मनका कुरा बाहिर प्रकट गर्न समय लगाउनु हुदैन अझ आफू भ्रममा बस्ने कार्य त गर्नु नै हुँदैन भन्ने सन्देश यस कथामा रहेको छ । यदि भ्रममा कोही बस्छ भने ऊ कहिलै सुखी रहन सक्दैन । भ्रमवाट मुक्त भई यथार्थमा जिउन सके मात्र आनन्द प्राप्त गर्न सकिन्छ भन्ने आशय यस कथाको रहेको छ ।

'माटो' लघु कथामा राष्ट्रियता प्रति सदैव श्रद्धा राख्नु पर्ने भाव प्रस्तुत गरिएको छ । यसमा राष्ट्रियताप्रति माया गर्नुपुर्ने प्रत्येक नागरिकको कर्तव्य हो । हरेक नागरिकले आफ्नो राष्ट्रप्रतिको जिम्मेवारी बुझी कार्य गर्नुपर्दछ । नाटकीय रूपमा देशको माटोप्रति सबैको माया हुनु पर्ने सन्देश यस कथाले दिएको छ ।

समिष्टमा कपिल लामिछानेको लघु कथाहरूका मुख्य उद्देश्य भनेको नै स्वच्छ, शोषणरहित समाजको निर्माण गर्नु रहेको छ । सामाजिक र राजनैतिक जीवनमा देखिएका विकृति, विसङ्गति, अन्याय, अत्यचार, दमन र शोषणको चित्रण गर्दै त्यसप्रति व्यङ्ग्य प्रहार गर्नु **अन्यथा** लघु कथा सङ्ग्रहका लघु कथाहरूको उद्देश्य रहेका छन् ।

### ४.२.४ शीर्षक

कथाकार लामिछानेले **अन्यथा** लघु कथा सङ्ग्रहमा उन्नचालीस वटा कथाहरू समावेश गरेका छन् । **अन्यथा** लघु कथा सङ्ग्रहभित्र यस शीर्षकको कुनै कथा छैन । जीवन जगत्मा हुने गरेका यावत् विसङ्गति नभई दिएको भए यो समाज कति सुन्दर र स्वस्थ हुन्थ्यो होला भन्नु नै अन्यथाको अभिप्राय रहेको हुनुपर्छ । यस सङ्ग्रह भित्रका कथाहरूकथाका शीर्षक अनुरूप छोटा छरिता कुनै प्रतीकात्मक छन् भने कुनै घटना वा चरित्रलाई सङ्केत गर्ने खालका छन् । यसमा मसिना कथा र सुत्रकथा सबैको मिश्रण भएको हुनाले पनि यस कथा सङ्ग्रहको शीर्षक **अन्यथा** राखिएको देखिन्छ । यस आधारमा हेर्दा **अन्यथा** शीर्षक कथा सङ्ग्रहभित्रका कथाहरूमा चयन गरिएको विषयवस्तु र पात्र अनुरूप उपयुक्त र सार्थक नै रहेको छ ।

## ४.३ जलमानव लघु कथा सङ्ग्रहको विश्लेषण

### ४.३.१ पृष्ठभूमि

कपिल लामिछानेको दोस्रो लघु कथा सङ्ग्रह **जलमानव** वि.सं २०६१ मा विवेक सिर्जनशील प्रकाशनले प्रकाशित गरेको हो । यस सङ्ग्रहमा एकाउन्न बटा लघु कथाहरू समावेश गरिएका छन् । यस सङ्ग्रहको भूमिका कथाकार स्वयम्ले लेखेका छन् । भूमिकामा लामिछानेले लघु कथाले छुट्टै विधागत मान्यता नपाएको भएपनि लघु कथालाई परिभाषित गरेका छन् (लामिछाने, २०६१ : ३) । यी लघु कथाहरू **अन्यथा**मा जस्तै छोटा छरिता र चोटिला छन् । यी कथाहरूमा समकालीन विकृति, विसङ्गति र खराबीलाई देखाई त्यसको आलोचना गरिएका छन् । ती कथाहरूमा राजनीतिक, प्रशासनिक, शैक्षिक, सामाजिक/पारिवारिक, आर्थिक जगत्सँग सम्बन्धित विषयले कथानकको स्थान पाएका

छन् । पचासको दशकको अन्त्य कालमा नेपाली समाज एवम् राष्ट्रले भोगेका दु:ख, पीडा र कष्टमय जीवन यापन आदिको यथार्थ चित्रण **जलमानव** लघु कथा सङ्ग्रहभित्र समावेश गरिएका लघु कथाहरूमा देखिन्छ ।

### ४.३.२ जलमानव लघु कथा सङ्ग्रहको संरचना

संरचित **जलमानव** लघु कथा सङ्ग्रहमा बयासी पृष्ठभित्र एकाउन्न वटा लघु कथाहरू समावेश गरिएका छन् । अटो साइजमा संरचित यस पुस्तकको प्रकाशन विवेक सिर्जनशील प्रा.लि. ले गरेको हो । त्यस्तै यस पुस्तकको मुद्रण चाहिँ देउराली अफसेट प्रेस पुतली सडक, काठमाडौँवाट गरिएको छ । यस पुस्तकको अगाडिको आवरण पृष्ठमा मानिसहरूको चित्र तथा पछाडिको आवरण पृष्ठमा लेखकको छायाँचित्र र सङ्क्षिप्त परिचय दिइएको छ ।

**जलमानव** लघु कथा सङ्ग्रहभित्र समाजमा घटेका वर्तमानकालीन घटना, चरित्र अनि तिनका विद्रूप पक्षहरूको कथात्मक सङ्ग्रह हो । यस सङ्ग्रहभित्र सबै जसो कथाहरू लघु आकारका नै छन् । यस सङ्ग्रहमा जलमानव, स्वामीभक्ति र गोलोगोलो वस्तु कथाहरू तीन पृष्ठमा छन्, भने ऋणमोचन, राष्ट्रिया, त्रासदी, मौनधारण, सुराकी, धाक, नकाम, चेकिङ्ग, सुरक्षा, स्वतन्त्र धर्ती, आदर्शपुरुष-१, प्रधानमन्त्रीको छनोट, सग्लो घर, छवि, मानिसहरू र मानिसहरू, असल मान्छे, अभिभावक, चोर र कामदार कथाहरू दुई पृष्ठमा र बाँकी कथाहरू एक पृष्ठमा नै संरचित छन् । पङ्क्ति योजनाका आधारमा सबै भन्दा बढी पङ्क्ति भएको कथा 'जलमानव' बैसट्ठी पङ्क्ति र सबैभन्दा कम आठ पङ्क्तिमा 'घर' कथा संरचित छ । यस सङ्ग्रह भित्र यस्ता कथाहरूपनि रहेका छन्, जसको एउटै शीर्षक भित्र उपशीर्षक १, २, ३ गरी राखिएका भए पनि कथानकमा फरक गरी लेखिएका छन् । त्यस्ता कथामा अभिभावक १, २, ३, आदर्ष पुरुष १, २ र व्यवसाय शीर्षकमा पनि १, २, ३ गरी कथा संरचित छन् । यस भित्रको पहिलो कथा 'कर्मचारी' र अन्तिम चाहिँ 'व्यवसाय-३' रहेको छ । त्यस्तै यस सङ्ग्रह भित्रकै एउटा लघु कथा 'जलमानव'को नामवाट प्रस्तुत कथा सङ्ग्रहको शीर्षक राखिएको छ ।

यसमा समावेश भएका एकाउन्न वटा लघु कथाहरूमा तत्कालीन समय वा पचासको दशकमा देखिएका सामाजिक, राजनीतिक, प्रशासनिक, शैक्षिक तथा आर्थिक क्षेत्रसँग सम्बन्धित रहेका छन् ।

### ४.३.३ जलमानव लघु कथा सङ्ग्रहको विश्लेषण

यहाँ **जलमानव** लघु कथा सङ्ग्रहभित्रका एकाउन्न वटा कथाहरू लघु कथा तफ्वका आधारमा विश्लेषण गरिएको छ ।

### ३.३.१ कथानक

**जलमानव** लघु कथा सङ्ग्रह भित्र समसामयिक विषय क्षेत्रसँग सम्बन्धित एकाउन्न बटा लघु कथाहरू सङ्गृहित छन् । वि.सं २०५० को दशकमा नेपाली समाजमा देखिएका राजनीतिक असहिष्णुता, प्रशासनिक अनियमितता, भ्रष्टाचार, चाकडीपन, अराजकता, सामाजिक, सांस्कृतिक, वैयक्तिक तथा आर्थिक क्षेत्रमा विद्यमान भय, त्रास, र विध्वंशपूर्ण विषयलाई कथानक वा विषयवस्तु बनाई व्यङ्ग्यात्मक शैली अपनाई लेखिएका लघु कथाहरू यस **जलमानव** लघु कथा सङ्ग्रहभित्र सङ्गृहीत छन् । अर्कोतिर जनयद्धको नाममा वि.सं २०५२ सालदेखि सुरु भएको माओवादीका आतङ्ककारी व्यवहारले मानव समाजमा ल्याएको अराजकता र त्रासदीलाई पनि मुख्य विषय बनाइएको कथाहरू लेखिएका छन् । त्यस्तै सामाजिक, सांस्कृतिक तथा राजनीति क्षेत्रमा हुने रुढि, अन्धविश्वास, आधुनिक समयमा शैक्षिक क्षेत्रमा देखिएको विकृति, मनपरी गर्ने प्रवृत्ति, शैक्षिक शोषण, आर्थिक शोषण, अन्याय, अत्याचार जस्ता कुकृत्य आदिलाई पनि विषयवस्तु बनाई कथाहरू लेखिएका छन् ।

**जलमानव** लघु कथा सङ्ग्रहका लघु कथाहरूको विषयवस्तु **अन्यथा** लघु कथा सङ्ग्रहका लघु कथाका विषयवस्तुसित केही हदसम्म मिल्छन् । यसमा पनि जीवन र जग्तमा घटेका घटनाका साथै हाम्रो जीवनमा घटने तर महफ्व नदिइने सूक्ष्म तथा प्रभावकारी घटना विशेषले पनि स्थान पाएका छन् । यस सङ्ग्रहका लघु कथाहरू प्रजातन्त्रको प्राप्ति पश्चात् देशमा उत्पन्न समस्या, भ्रष्टाचार सत्ताको दुरूपयोग, माओवादीका नाममा भएका उदण्डता र विध्वंशता, बोर्डिङ्ग स्कुलमा सिर्जित विकृति, विसङ्गति, राज्य तथा माओवादी दुबै पक्षवाट सर्वसाधारण माथि गरिएको ज्यादती अल्प ज्ञानको अभावमा पाइने दुःख, राजदरबार हत्याकाण्ड तथा समकालीन पारिवारिक सामाजिक, राजनीतिक, प्रशासनिक क्षेत्रमा व्याप्त विकृति, विसङ्गति, कर्तव्य विमुढतालाई मुख्य विषयवस्तु बनाई लघु कथा रचना गरिएका छन् । यस सङ्ग्रह भित्रका लघु कथाहरूले पनि समकालीन अवस्थाको यथार्थ र वास्तविक तस्बिर खिच्ने प्रयास गरेका छन् ।

**अन्यथा** लघु कथा सङ्ग्रह छापिए पछिको छ, सात वर्षको अवधिमा तथा लामिछानेको कथा लेखनको अत्यन्त उर्वर रहेको २०५० को दशकमा लेखिएका लघु

कथाहरू यस सङ्ग्रह भित्र समावेश गरिएका छन् (भुसाल,२०६२ : ४१६) । यस **जलमानव** सङ्ग्रह भित्रका सब कथाहरूको कथानकका आदि मध्य र अन्त्यको क्रममा मिलेका छन् । त्यसैले सबै कथाहरू रैखिक ढाँचामा रहेका छन् । प्रस्तुत सङ्ग्रहमा सामाजिक, आर्थिक/शैक्षिक, मनोवैज्ञानिक प्रशासनिक वा कर्मचारीतन्त्र, राजनीतिक, समसामायिक र विविध विषयवस्तुको मिश्रण गरी लेखिएको कथाहरुका आधारमा छुटाई अध्ययन गरिएको छ ।

**जलमानव** लघु कथा सङ्ग्रहभित्र समाजिक/पारिवारिक तथा धार्मिक क्षेत्रलाई विषयवस्तु बनाई लेखिएका लघु कथाहरूमा घण्टाचोर, माग्ने सङ्गठन, स्वतन्त्र धर्ती, धाक, चोरी, चोर, घर, ऋणमोचन, अन्तिमरात, जलमानव, स्यालको सिकार, कसाई, आदर्श पुरुष १, आदर्श २, र कथाको प्लट कथाहरूले समाजिक, पारिवारिक तथा धार्मिक क्षेत्रमा देखिएका विकृति विसङ्गति प्रति तीव्र रूपमा व्यङ्ग्य प्रस्तुत गरिएका छन् ।

'आदर्श पुरुष -१'मा छोरालाई असल बन्न आदर्श पुरुष रामजस्तै बन्नुपर्छ भनी बारम्बार भन्नु, तर छोरा भने आजको एक्काइसौँ शताब्दीमा कसरी आदर्श पुरुष  बन्ने ? भनी सोच्नु । त्यही बेलामा बाबुले राम जस्तै आदर्श पुरुष बनेस् भनी आशीर्वाद दिदाँ छोराले ठयाक्कै त्यही त्रेता युग उपलब्ध गराइदिनु भनेपछि बाबु आश्चर्य चकित भई नजवाफ हुन्छन् । यसरी आदर्श पुरुष को अपेक्षा राख्ने पितालाई आजको युगको पुत्रले त्रेता युगको माग गर्नु स्वाभाविक नै देखिन्छ । 'आदर्श पुरुष -२' मा बाबुको आज्ञा अनुसार छोराले आदर्श पुरुष राम जस्तै बन्ने प्रयास गरिरहेको थियो । स्कुलमा शुद्र बालक कक्षाकोठामा आएपछि श्रीरामले झैँ टाउको काटी दिन चाहन्थ्यो तर शुद्र बालकलाई छुन नभएकोले कुर्सी पछाडि हान्यो र पल्टायो । उसलाई समातेर बयान लिदाँ आदर्श पुरुष राम बन्नको लागि यस्तो गरेको भनेपछि बुबाले छोरो आदर्श पुरुष बन्न त यदि काम गर्नै पर्छ भनी गमक्क परी, पिताले छोरो आदर्श बन्न पालन गरेको नियामा गर्वित भएको आशय यो कथामा प्रस्तुत भएको छ ।

'माग्ने सङ्गठन' कथा पनि सामाजिक विषयवस्तु अँगाली लेखिएको हो । यस कथामा बिर्खेले एकजना व्यक्तिलाई  १००, ५०, २५, १० गर्दै माग्दा पनि नदिएपछि उसले कि माग्नु पर्‍यो कि दिनु पर्‍यो भन्दै उसलाई आफूसँगै लगी रु. १०० दिनको दिने र तालिम भत्ता ५० भन्दै बिर्खेले तान्दै ऊ तानिँदै जानु यसको कथानक रहेको छ । यसमा माग्नेहरू पनि हैसियत बुझ्ने हुन्छन् । आडम्बरीहरूको हैसियत हुँदैन बरु तिनले माग्ने गर्नु राम्रो

हुन्छ, त्यही सङ्गठित हुनु राम्रो हो भन्ने धारणा यसमा छ । 'स्वतन्त्र धर्ती' स्वैरकल्पनात्मक शैलीद्वारा कथानक प्रस्तुत भएको छ । यसमा जन्मदै नजन्मेको शिशु बोलेको र आफू स्वतन्त्र र पवित्र धर्तीमा मात्र जन्मन चाहेको तर त्यो ठाउँ नपाएर पुनः आमाकै गर्भभित्र फर्किएको स्थितिलाई देखाएर वर्तमान जीवनको विसङ्गतिलाई उजागर गरिएको छ । 'ऋणमोचन' कथामा पिता माताहरूले युवक भएपछि आफ्ना पुत्रलाई पितृऋण तिर्नुपर्ने वचनले घोच्ने गर्छन । त्यसका बदलामा पुत्रहरूले पनि पिता मातालाई बाल्यकालको मधुर हाँसो फिर्ता ल्याउनुभयो भने 'ऋणमोचन' भएर सापोनापो भन्दा पनि पितामाता बढी ऋणी हुनु पर्ने तितो यथार्थलाई यस कथामा प्रस्ट पारिएको छ ।

'कथाको प्लट' कथामा पनि सामाजिक विषयलाई नै विषयवस्तु बनाई कथा सिर्जना भएको छ । यसमा आफ्नो ज्ञान नभई साहित्यकार बन्नेहरू आफूले केही लेख्न नसकेपछि परिवारमाथि रिस देखाउने झर्किने गर्ने स्वभावप्रति व्यङ्ग्यात्मक शैली मार्फत प्रस्तुत गरिएको छ । 'घर' कथामा वृद्ध अवस्थामा छोराछोरी हेप्ने, घृणा गर्ने र नहेर्ने प्रायः समाजमा घट्ने गरेको घटनालाई प्रस्तुत गरिएको छ । ऊ पात्रले घर बनाउँदा भित्रका कोठा भन्दा बाहिरको पिँढी ज्यादै राम्रो बनाएका छन् । छोराले सोध्दा पछि तिमीहरूले बुढाबुढीलाई यही राख्छौँ । भविष्यमा काम गर्न नसक्ने भए पछि जो कोहीको पनि हेला हुने कुरा प्रस्तुत गरिएको छ । 'अन्तिम रात' बिर्खे र सुन्तलीको प्रेमलाई सङ्केत गरिएको छ । भोलि बिर्खे विदेश जाने कुराले बिर्खे सुन्तली एक अर्काका मनमा प्रश्न उब्जेका हुन्छन् । त्यसैले सुन्तलीले बिर्खे भोलिदेखि सुत्न पाउँछ कि पाउँदैन सुतोस् भनी कुराकानी नै गर्दैन ठीक त्यही भनी बिर्खे चुप सुत्छ तर दुबै आँखामा भोलिपल्ट अनिदो प्रस्ट देखिन्थ्यो । दुवैको अन्तिम रात ननिदाईकन खेरा गयो । 'घन्टाचोर'मा नगरको बीचमा रहेको शिवमन्दिरमा एउटा मान्छे पस्नु शिवको दर्शन गर्ने बहानामा घन्टा लगी बेलायतमा बेच्ने सुरमा हुनु । त्यसैबखत अर्को शिवभक्त आएको देखेर उसले तिमीहरू दरिद्रव छौ उसले तिमीहरू दरिद्र भएका फूलप्रसाद चढाउँछौ तर म आफूलाई नै शिवमा समर्पण गर्दैछु भनेपछि शिवभक्त अक्कमक्क पर्दछ । यसरी घन्टा चोरको चलाखी यस कथामा दखाइएको छ ।

'स्यालको सिकार'मा पनि स्वैरकल्पनात्मक शैलीलाई अबलम्वन गरी समाजमा हुने विकृतिप्रति व्यङ्ग्य गरिएको छ । यस कथामा बाघले मारेर खाई बचेको मासु स्यालले खान्थ्यो । स्याल पनि मोटो बन्दै गएको थियो । स्याल मोटो भएपछि आफैँ सिकार गर्ने विचार गर्‍यो र एउटा जेब्रालाई समात्न खोज्दा जेब्राको लात्ताको प्रहारले स्याल बेहोस् हन्छ

पछि  होसमा आउँदा उसका शुभचिन्तकहरू त्यहाँ कोही हुँदैनन् । यसरी पशु मार्फत मानवीय प्रवृत्तिप्रति यस कथामा खिल्ली उडाइएको छ । 'कसाइ' कथा पनि सामाजिक विषयवस्तु समेटिएको लघु कथा हो । यसमा दशैं आएको बेला अष्टमीको दिन बोको कालिका मन्दिरमा बली चढाउन गए । त्यहाँ कसाईको काट्ने काम हो, भन्दैमा उसले पशुलाई मात्र काट्छ भन्ने केही छैन । त्यसले नरबली दिन पनिसक्छ । यही कथन यो कथा आएको छ । 'धाक' कथामा साथी साथीका बीच लगाइने अनावश्यक धाक रवाफले विकृति पनि निम्त्याउन सक्ने यथार्थ व्यङ्ग्यात्मक शैलीद्वारा प्रस्ट गरिएको छ । 'चोरी' कथा सामाजिक विषयवस्तुमा आधारित कथा हो । यसमा गाउँ-सहर र समाजवाट कसरी शान्ति, सद्भाव र सदाचार चोरी भएर गएको यथार्थलाई देखाइएको छ । 'चोर' कथामा बाबुआमा र समाजको लाडप्यारले कसरी मानिसलाई गलत बाटोतर्फ लाग्न प्रेरणा मिल्छ भन्ने देखाइएको छ । सामाजिक विषयवस्तु भएको कथामा 'जलमानव'को कथानकको विश्लेषण यहाँ गरिएको छ ।

'जलमानव' सङ्ग्रहको नामवाट नाम राखिएको सामाजिक कथा हो । **जलमानव** सङ्ग्रह भित्र तेत्तिसौं स्थानमा यो कथा प्रस्तुत गरिएको छ । यसको कथानक काल्पनिकझैं लागे पनि नेपालको दक्षिणी राष्ट्र भारतले नेपालको भूमि जलमग्न पारी नेपालमा गरेको अत्याचारलाई प्रतीकात्मक शैली अपनाई वर्णन गरिएको छ । गाउँघर, सडक सबैतिर बाढी आएपछि कोलाहल र आतङ्क मच्चिएको छ । सबै मानिसहरू गाउँवाट निस्कन चाहन्थे । तर धनबहादुर त्यही पानीमा खेलीखेली पानीभित्र बाँच्न सक्ने प्राणी हुन र नयाँ युग जन्माउन चाहन्छ । धने गाउँवाट कतै पनि गएन् । अचेल पानीभित्र मान्छे आकृतिका बडाबडा माछाहरू देखिन्छन् । यसरी नेपाली समाजमा विद्यमान रहेका थुप्रै विसङ्गति र विकृतिका कुराहरू यसरी नै बाढीमा चुर्लुम्म डुबेको प्रसङ्ग यहाँ प्रस्तुत गरिएको छ ।

**जलमानव** लघु कथा सङ्ग्रहभित्र शैक्षिक तथा आर्थिक क्षेत्रलाई विषयवस्तु बनाई लेखिएका कथाहरूमा स्कुल, ट्युसन फिस, मिसकिस, अभिभावक, कुम्भकर्णको अभिनय, व्यवसाय १, व्यवसाय २, व्यवसाय ३ र छुट्टी रहेका छन् ।

'स्कुल' लघु कथामा आजका समयका बोर्डिङ्ग स्कुलका लागि शिक्षा भन्दा पनि बढी पैसालाई महफ्व दिएका हुन्छन् । त्यसै कारणले गर्दा पनि जे जसरी भए पनि बच्चा खोज्नुपर्ने जिम्मेवारी बोर्डिङ्ग स्कुलमा रहेको देखाइएको छ । त्यसका लागि नवजात शिशुको आवाज सुन्न नपाउँदै शिक्षकहरूले सो शिशुलाई बुर्डिङ्गमा आगामी नै भर्ना सूचीमा राख्ने

प्रवृत्ति यस कथा मार्फत प्रस्तुत गरिएको छ । त्यस्तै अर्को कथा 'ट्युसन फिस' मा पनि आजका शिक्षकले शिक्षालाई व्यापारीकरण गरेका छन् । स्कुलमा नपढाईकन ट्युसन पढाउने र फिस माग्ने शिक्षकप्रति यस कथाले व्यङ्ग्य गरेको छ । ट्युसनको बहान गरी विद्यार्थी शोषण गर्ने प्रवृत्ति यसमा देखाइएको छ । 'मिसकिस' लघु कथामा चरित्रहीन विद्यार्थीको व्यवहारलाई विषय बनाई कथा प्रस्तुत गराइएको छ । विदेशी संस्कृतिले आजको नेपाली संस्कृतिमा कसरी प्रभाव परेको छ सो यहाँ प्रस्तुत गरिएको छ । 'कुम्भकर्णको अभिनय' कथामा वि.नि.लाई झुक्याउन खोज्ने अल्छी शिक्षकको मध्यमवाट शैक्षिक क्षेत्रमा देखिएको विकृतिलाई प्रस्टाइएको छ । कक्षामा कुम्भकर्णको पाठ पढाउन शिक्षकलाई जति सजिलो हुन्छ, अरु पाठ पढाउँदा हुदैन । किनकि आफू मजाले पङ्खा चलाई सुतिदिए हुने यदि वि.नि आएर सोधे भने प्रायोगिक कक्षा चालू भने पुग्ने । यसमा ठगी व्यक्तिको चित्रण गरिएको छ ।

शैक्षिक तथा आर्थिक क्षेत्र तथा केही मात्रामा समाजसँग सम्बद्ध रही लेखिएको कथा अभिभावक १, २, र ३ हुन । 'अभिभावक १' मा बोर्डिङग स्कुलका प्रिन्सिपलले आफ्नो स्कुलमा पढ्ने विद्यार्थी भट्टीमा पसेको देखेपछि अभिभावकलाई बताउन घर जाँदा घर भट्टी भन्दा पनि खराब देख्छन । यसपछि केही नभनी फर्कन्छन् । यहाँ बालबालिकालाई हुर्काउने वातावरण राम्रो हुनुपर्ने र उनीहरू बस्ने खेल्ने ठाउँ बाहिर र भित्र सबैतिरको वातावरण बच्चाको अनुकूल बनाई उनीहरूको पालन पोषण गर्नुपर्दछ । 'अभिभावक २' को कथानकमा हर्केले बाटोमा नागबेली पारेर मुत्दै हिड्दै गरेको हुन्छ । सरकारी स्कुलका हेड सरले त्यो देखेपछि घर भन्न जान्छन् । हर्केको घरमा जाँदा उसका बाबुले पनि त्यस्तै गरी मुत्दै गरेको देखी केही नभनी फर्कन्छन् । यस कथामा ठूलाबडाले जस्तो कार्य गर्छन, त्यस्तै कार्य साना बालबालिकाले पनि सिक्ने गर्छन् । सही बाटो देखाउने पहिलो जिम्मेवारी अभिभावकको नै हुने गर्छन् भन्नेकुरा यस कथाको कथानकवाट स्पष्ट हुन्छ । 'अभिभावक ३' मा अबुझ, अनपढ अभिभावकका छोराछोरीलाई पढाउन शिक्षकहरूलाई ज्यादै कठिनाई पर्ने कुरा प्रस्तुत गरिएको छ । यस लघु कथामा छोरालाई डाक्टर बनाउने लक्ष्य लिइएका अभिभावकले छोराले डक्टरी अभ्यास गर्दा भ्यागुत चिरफार गरेको भनी डाक्टर बन्न नदिएको यथार्थ चित्रण गरिएको छ । छोरालाई पनि भ्यागुतो चिरेको भनी गाली गर्छन्, किताबी किरा बनेर मात्र डाक्टर बनिन्छ भन्ने मानसिकता बोकेका अभिभावकको उपस्थिति यस कथामा गरिएको छ ।

मुख्य शीर्षक 'व्यवसाय' र उपशीर्षकमा व्यवसाय १, व्यवसाय २ र व्यवसाय ३ रहेका छन् । यी तिनै कथाहरूभित्र आर्थिक तथा शैक्षिक क्षेत्रलाई विषयवस्तु बनाई लेखिएका हुन् । 'व्यवसाय' शीर्षकमा भएका कथामा तीन उपशीर्षक बनाई कथानक फरक–फरक प्रस्तुत गरिएका छन् । तिनैमा 'व्यवसाय-१' शीर्षकको कथामा आफ्ना छोराछोरीलाई विदेशका उच्च र महँगा कलेजमा पढाउने तर अरूका छोराछोरीलाई संस्कृत पढ है बाबु भनी अर्ती दिने वास्तविकता यस कथामा आएको छ । 'व्यवसाय-२' कथामा ख्याति प्राप्त अंग्रेजी बोर्डिङ्गका प्रिन्सिपलहरू अरुका छोराछोरी तान्न लुछाचुँडी गर्ने तर आफ्ना चाँहि अन्यत्रै पढाउने गतिविधिको झलक मार्फत आजको बोर्डिङ्ग स्कुलको गतिविधिको देखाइएको छ । शिक्षालाई यस कथामा व्यापारीकरण बनाएको यथार्थलाई  प्रस्तुत गरिएको छ ।  अन्तिम कथा 'व्यवसाय-३' मा ठेकेदारले आफैँले बनाएको पुल माथिवाट नलागी पुल भत्कन्छ भन्ने डरले डाइभर्सनतिरवाट गाडी चलाउने र यसमा ठेकेदारको ठेका व्यवसायको खुलासा गरिएको छ । यसरी व्यवसायको नाममा शोषण गर्ने जो कोहीप्रति पनि व्यवसाय कथाले व्यङ्ग्यात्मक शैली अपनाई आलोचना गरेको छ ।

'छट्टी' कथामा बोर्डिङग स्कुलहरूले कुकुर ब्याउँदा समेत बिदा गर्ने परी पाटीप्रति तिखो व्यङ्ग्य गरेको छ । आफूले खाई नखाई छोराछोरीहरूलाई बोर्डिङग स्कुलमा भर्ना गरेका हुन्छन् तर कहिले हप्तादिनको बिदा त कहिले कुकुर ब्याउँदा पनि बिदा यसरी आफ्ना सन्तानलाई राम्रा र असल बनाउने चाहना भएका आमाबाबु बोर्डिङ्ग स्कुलदेखि दिक्क भएको प्रसङ्ग यहाँ प्रस्तुत गरिएको छ । यहाँ स्कुल लघु कथाको कथानक प्रस्तुत गरिएको छ ।

'स्कुल' लघु कथा **जलमानव** सङ्ग्रहको तेस्रो स्थान आएको छ । यसमा समाजभित्र अझ भनौँ शैक्षिक क्षेत्रमा हुने क्रियाकलापलाई देखिन सकिन्छ । यहाँ प्रिन्सिपलले नयाँ शैक्षिक सत्रमा विद्यार्थी बढाउन सके सालभर मस्ती गर्न पाइन्छ भनेपछि 'ऊ' पात्र मिटिङ्ग सिध्याएर घर फर्कदा वाटोमा एउटा बच्चा जन्मेको आवाज सुनेपछि आफ्नो डायरीमा टिप्दै ठीक तीन वर्षपछि यस घरमा आउनुपर्ला भन्दै अगाडि बढ्छ । यसरी आदि, मध्य र अन्त्य मिलेको कारण यो रैखिक ढाँचामा अघि बढेको छ ।

मनोवैज्ञानिक विषयवस्तुमा रहेको एउटा मात्र कथा 'छोरी' हो । 'छोरी' लघु कथामा छोरी भएका बावुआमाको मनस्थितिलाई विश्लेषण गरिएको छ । यस कथामा छोरीलाई फरक पोशाकमा देख्दा बाबुले आफ्नो जिम्मेवारी बढेको महसुस मनमनै गरेका छन् ।

आफ्नो मनमा चलेको द्वन्द्व उनले कसैलाई भनेका छैनन् । आफ्ना छोराछोरी बढेपछि बाबुआमालाई जिम्मेवारी अझ बढ्छ, भन्ने कुरा यसमा चित्रण गरिएको पाइन्छ । यहाँ 'छोरी' कथाको कथानक प्रस्तुत गरिएको छ ।

**जलमानव** लघु कथा सङ्ग्रहको दोस्रो स्थानमा 'छोरी' कथा रहेको छ । यसको कथानक मनोवैज्ञानिक विषयमा आश्रित छ । मनोवैज्ञानिक भए पनि समाजमा घटने घटना नै यसको मुख्य विषय हो । यसको कथानकमा श्रीमान् र श्रीमती छोरीको स्कूलको वार्षिकोत्सवको सांस्कृतिक कार्यक्रममा जान्छन् । नृत्य प्रदर्शन गरिरहेकी आफ्नी छोरीलाई बावुले नचिनेर सो नृत्य हेरी आफ्नी श्रीमतीसँग जिस्किन खोज्छन् तर श्रीमतीले त्यो नृत्य गर्ने आफ्नी छोरी हो । कस्तो नचिनेको भनेपछि बावुलाई त्यसपछिको कार्यक्रम वेस्वादिलो लाग्छ । बावुलाई छोरी ठूली भएको कारण उनको मनमा अर्को चिन्ताले सताउन थाल्छ । यस कथाको पनि आदि, मध्य र अन्त्य मिलेकोले कथाको विन्यास रैखिक छ । म पात्र अफिसवाट घर पुगी चियाको चुस्की लिदैं गर्नु प्रारम्भ भाग, वार्षिकोत्सव हेर्न मध्य भाग हो भने म पात्रलाई छोरी ठूली भईछ भनेर चिन्ताले छोप्नु अन्त्य भाग हो ।

प्रस्तुत **जलमानव** लघु कथा सङ्ग्रहमा प्रशासनिक तथा कर्मचारीतन्त्रलाई कथाको विषयवस्तु बनाई कथाहरूमा कर्मचारी, कामदार र असल मान्छे हुन् । 'कर्मचारी' लघु कथामा आफ्नी छोरी नचिन्ने कर्मचारी व्यस्तताको चिरफार गरिएको छ । 'कामदार' कथाभित्र प्रशासनिक क्षेत्रमा हुने गरेका विकृतिको यथार्थ चित्रण गरिएको छ । ठूलो पदका हाकिम बनेकाहरूले काम गर्दैनन् भन्ने मानसिक बोकेका जनताको चित्रण यस कथामा देखिन्छ । समाजको जडता, ठालूवाद, हुकुमीशैली र पदीय चाकडी परम्पराका विरुद्ध नाङ्गो प्रहार प्रकट भएको छ । 'असल मान्छे' लघु कथा पनि समाजभित्र कै प्रशासनिक क्षेत्रमा देखिने विकृतिप्रति व्यङ्ग्य गरी लेखिएको कथा हो । यसमा स्टोरकिपरले नयाँ हाकिमको चरित्र थाहा नपाएपछि हाकिमको आँखा छली व्यक्तिगत सामना किन्छन् । त्यसपछि पुनः हाकिमले पनि उही पसलमा गई आफ्ना लागि सामना किन्छन् र सरकारी बिलमा रकम चढाँउन भन्दछन् । यस लघु कथामा के देखिन्छ भने राष्ट्रलाई गरीब बनाई आफ्नो दुनो सोझ्याउने कर्मचारी, नेता र हाकिम जो कोही पनि चरित्रका व्यङ्ग्य प्रस्तुत गरिएको छ । यहाँ प्रशासनिक तथा कर्मचारीतन्त्रमा आधारित कथाहरू मध्ये 'कामदार' कथाको कथानक प्रस्तुत गरिएको छ ।

**जलमानव**मा सङ्गृहीत एकाउन्न वटा लघु कथाहरू मध्ये क्रम आठौंको कथा 'कामदार' हो । यस कथामा सामाजिक विषयवस्तुको कथानक रहेको छ । जसको कथानक ज्यादै मर्म स्पर्शी रूपमा प्रस्तुत गरिएको छ । समाजमा देखिने देखावटीपन भएका व्यक्तिको मानसिकतालाई यसले प्रस्ट पारेको पाइन्छ । यस कथाको आयाम लघुत्तम छ । जसमा दुई जना पात्र हाकिम र आगन्तुकबीचको संवादमा नै कथानक आधारित रहेको छ । कथाका प्रमुख पात्र 'म' हाकिम हुन, साथमा आगन्तुक पनि प्रमुख पात्र कै रूपमा उपस्थित भएका छन् । यस कथाको कथानकमा कार्यलयका पियन तथा सहयोगी कर्मचारीहरू गर्ने काम ठूला हाकिमले गरेर सानो नहुने भावना यस कथाका हाकिम देखिन्छ । त्यसैकारण सामान्य गोडमेलको काम हाकिमले गरिरहेका हुन्छन् । नयाँ हाकिमलाई भेट्न आएको आगन्तुकले उनी (हाकिम) लाई नचिनेर हाकिमसँग भेट गराईदिन आग्रह गर्दछन् । दुई पटक भन्दा पनि वास्ता नगरेको जस्तो ठानी तेस्रो पटक बड्ता होइन है, खुरुक्क बोलाईदे जा भनी कड्कन्छ । केही समयपछि उही व्यक्ति पछाडिको बाटो आफ्नो आवास कोठाभित्र पसी हातमुख धोएर नयाँ पोशाक सहित बाहिर देखापर्दा आगन्तुक जुरुक्क उठी हात जोडी नमस्कार गर्छन् । आगन्तुकले हाकिमसँग परिचय र दर्शन गर्न आएको कारण बताउँदै अघि त्यो गोडमेल गर्ने केटा साह्रै दुच्छर भएको चुक्ली लगाउँछन् तर हाकिम नै त्यो काम गर्ने व्यक्ति हो भन्ने थाहा हुदैन । यस कथाको कथानकमा सानो वर्ग, पदका व्यक्तिलाई हेर्ने दृष्टिकोण पनि सानो रहेको हाम्रो समाजको यथार्थतालाई प्रस्तुत गरिएको छ ।

राजनीतिकलाई विषय बनाइ लेखिएका लघु कथाहरूमा सग्लो घर, नेताको चुनाव, राज्यसत्ता, सत्ताः हरियो चस्मा, टिकट, मौनधारण, राष्ट्रियता र प्रधानमन्त्रीको छनोट रहेका छन् ।

'सग्लो घर' लघु कथा राजनीतिक क्षेत्रसँग सम्बन्धित हुँदा प्रतीकात्मक शैली अपनाइएको कथानक प्रस्तुत गरिएको छ । यस कथामा हतियार बोकेका केही मानिसहरू चौर भरि बसेका थिए । त्यही चौरमा केही गराउने र घोकाउने काम पनि भइरहेका थियो भने गाउँलेहरू मनमनै डर लिएर त्यो रमाइलो हेर्न पनि आएका थिए । त्यही समयमा असिना पानी झर्न थालेपछि नजिकको ठूलो घर तर बमले छानो नभएको घरमा गाउँलेहरू र परेड खेल्नेहरू ओत बस्न जान्छन् । त्यही समयमा एउटा वृद्धले घर नभत्काएको भए आज ओत पाइने थियो भनेपछि एकजनाले उनलाई गोली हानी ढलाएपछि रगत पनि पानीमा नै मिसियो । नेपाललाई सग्लो घर ठान्ने कथाकारले यसलाई भत्काउन र लथालिङ्ग

पार्न लागेको यद्धरत पक्षलाई हावा हुरी, सुःखदुःखको साथी, आफ्नो पहिचान घरलाई यसरी गोली नहानौं, छियाछिया नपारौं भन्ने भाव यस कथा मार्फत प्रस्तुत गरिएको पाइन्छ । यस्ता विचार बोक्ने बुढोले बन्दुक खानु परेको यथार्थताको यस कथामा भएको छ । 'नेताको चुनाउ' मा मुखियाको अत्याचारबाट आक्रान्त जनताले उसैलाई जिताएर सहर पठाएका छन् । गाउँलेहरुले असल नेतालाई नजिताएर खराब प्रवृत्ति भएको नेतालाई विजय गराई गाउँवाट निकालेका छन् । यहाँ राजनीतिमा हुने बाँदर र गधाजन्य चरित्रप्रति व्यङ्ग्य गरेको छ । असल नेतालाई गाउँवाट टाढा पठाउन्न चाहन्नौं भनेपछि असल नेता मौन भई जिल्ला विकासमा जुट्छन् ।

'प्रधानमन्त्रीको छनोट' कथा राजनीतिक परिवेशसँग सम्बद्ध कथा रहेको छ । धर्ममा आधारित रही राजनीतिक विषयवस्तु अँगालेको यस लघु कथामा स्वस्थानीको कथा मार्फत वर्तमानमा राजनीति तर्फ हुने गरेका नकरात्मक कार्य पर्दा फास गरिएको छ । यस कथामा हात्तीलाई फूलमाला लगाई शासक खोज्ने दन्त्य कथाको माध्यमवाट स्वच्छ छविको प्रधानमन्त्री खोजी आयोग गठन, अर्न्तर्वाता आदि पक्षप्रतिको व्यङ्ग्य गरिएको छ । 'राज्यसत्ता' कथामा पनि स्वैरकल्पनात्क शैलीलाई अबलम्वन गरिएको छ । यसमा पशुहरूलाई मानवीय भूमिका दिदैं राज्यसत्तामा देखिएको दुर्बुद्धि र बाँदरे प्रवृत्तिमाथि व्यङ्ग्य प्रहार गरिएको छ । बाँदर, गधा र मान्छेले शिवको तपस्या गरी बाँदरले राजा हुँ, गधाले मन्त्री हुँ भनी वर मागे, तर मान्छेले भने जुन देशमा बाँदर र गधालाई सत्ता दिइन्छ त्यस देशामा बस्नुभन्दा प्रवासी हुनु ठीक भन्दै देश निकाला गरिपाँऊ भन्छ । 'राष्ट्रियता' कथा भित्र राष्ट्रियता कागतमा मात्र सीमित रहेको कुरा प्रस्तुत गरिएको छ । राष्ट्रियतालाई व्यवहारवाटै कसैले अपनाउँछन् भने त्यो देशनिकाला हुनुपर्ने स्थिति सिर्जना हुन्थ्यो ।

'मौनधारण' कथाले सत्तामा पुगेको बखत राम्रो काम गरिहाल्न जनसमस्या समाधानमा लागिहाल्न, ननिदाउन, दायित्ववाट विमुख नबन्न सत्ता स्वार्थमात्र नहेर्न नेताहरूलाई आग्रह गरिएको छ । 'सत्ता=हरियो चश्मा' कथामा सत्तासीन हुँदा र सत्ताबाहिर रहँदा एउदै घटना र प्रवृत्तिलाई फरकफरक देख्ने नेपाली राजनीतिज्ञलाई शिक्षक र विद्यार्थीबीचको चुट्किलाको माध्यमवाट व्यङ्ग्यद्वारा सजग गरिएको छ । 'टिकट' कथामा पार्टीका नेताको टिकट पाउनु, चुनावका लागि पार्टीबाट टिकट पाउनु र सङ्घर्षका मैदानमा लड्नु एकै कुरा रहेको देखाइएको छ । यहाँ राजनैतिक विषयवस्तुमा आधारित कथाहरू मध्ये 'राष्ट्रियता' कथाको कथानक प्रस्तुत गरिएको छ ।

‘राष्ट्रियता’ कथा **जलमानव** सङ्ग्रहको चौवालीसौँ स्थानमा आएको छ । यो कथाका कथानकमा राष्ट्रियताको भाव प्रशस्त झल्केको भएपनि यो राजनैतिक विषयवस्तु रही कथानक अगाडि बढेको छ । यस कथाको कथानकमा ‘म’ पात्र दौरासुरुवाल र ढाकाटोपी लगाएर गेटभित्र छिरेपछि पालेले उसलाई रोक्छ । प्रधानध्यापक गेटमा आएपछि ‘म’ पात्रले भन्छ कि हजुरले विद्यालयको वार्षिकोत्सवका अवसरमा दिनु भएको वक्तव्यलाई शिरोधार्य गरी राष्ट्रिय पोशाकमा विद्यालय आएको छु भनेपछि प्रधानध्यापकले उनलाई गेटवाट बाहिर निकाल्ने आदेश पालेलाई दिन्छन् र जान्छन् । त्यसपछि पालेले ‘म’ पात्रलाई घोक्रयाएर बाहिर निकाल्छन् । यस्तो व्यवहार देखिसकेपछि ‘म’ पात्रलाई महसुस हुन्छ कि राष्ट्रियतालाई जसले अबलम्वन गर्दछ त्यस व्यक्तिलाई देशमा कुनै ठाउँ नभएको र राष्ट्रियता केवल शब्द र भाषणमा मात्र सीमित रहेको यथार्थ स्पस्ट हुन्छ । यसमा पनि आदि, मध्ये र अन्त्य मिलेको कारण यस कथाको विन्यास रैखिक छ । ‘म’ पात्र दौरासुरुवाल र ढाकाटोपी लगाएर स्कुल भित्र छिर्नु प्रारम्भविन्दु हो भने आफू गेट बाहिर निकालिएपछि आफ्नो राष्ट्रियता पनि गेट बाहिर निस्केजस्तो लाग्नु अन्त्य भाग हो ।

**जलमानव** लघु कथा सङ्ग्रहभित्र समसामयिक विषयवस्तु तथा पचासको दशकको समयमा नेपाली समाजले दुःख, कष्ट भोगेको स्थितिलाई विषय बनाई लेखिएका कथाहरूमा गोलोगोलो वस्तु, सुरक्षा, चेकिङ्ग, नकाम, स्थिति परिवर्तन स्वामीभक्ति र अन्त्यमा कुकुर, बौलाही र माओवादी  कथा रहेका छन् ।

‘गोलोगोलो वस्तु’ कथामा सडकको बीचमा गोलोगोलो वस्तु देखिएपछि गाडीहरू सबै रोकिए । यात्रुहरू सबै जम्मा भई खैलाबैला मच्चियो । गोलो वस्तुलाई सुतरी, बम भनी अड्कल गर्न लागे । स्कुलको छुट्टी भएपछि दुई वटा केटा आएर सो वस्तुलाई गोजीमा राखे । सुरक्षाकर्मीले त्यो बम हो फालिदेऊ भन्दा हाम्रो मोजाको बल भनेपछि सबै चकित भएर खासखुस गर्न थाले । यसरी द्वन्द्वकालमा गोलो गोलो वस्तु सबैलाई बम नै सम्झने र जनताहरू, प्रशासिनक क्षेत्र र बाँकी सबै त्यस्ता कुरावाट आतङ्कित हुन्थे भन्ने कुरा भुम्राको बलवाट पुष्टि गरिएको देखिन्छ । ‘कुकुर, बौलाही र माओवादी’ कथामा देशको सुरक्षा निकायका विशिष्ट व्यक्ति डी.एस.पी समेत मध्यरातमा बौलाहीको व्यवहारलाई माओवादी गतिविधि ठानी तर्सिएको मनोविश्लेषण कलात्मक तरिकाले प्रकट भएको छ । ‘सु’रक्षा’ कथामा झारटारु सुरक्षा कर्मीहरूले साँचो अर्थमा सुरक्षा गर्न सक्तैनन् । साँचो सुरक्षा गर्नुपर्ने स्थिति आएमा ‘सु’ चहुन सक्छ भन्ने वास्तविक तथ्य यस कथामा छर्लङ्ग्याएको छ ।

'चेकिङ्' कथामा यद्धकालमा बिरालोले बाटो काट्दा गाडी रोकिने, ठाउँ-ठाउँमा चेकिङ्गको सन्त्रासले जनतालाई पिरोलिरहेको थियो । जनयद्धको समयमा चेकिङ्को लागि जनता लामबद्ध भएर बस्ने गरेको र मानसिक पीडा भोग्न विवश हुनु परेको यथार्थतालाई प्रष्ट रूपमा देखाइएको छ । 'नकाम' लघु कथामा युद्ध कालमा सुरक्षाकर्मीको पहिचानको मान्छे बन्दा पनि सुराकीको आरोप लाग्ने र यातना सहनुपर्ने यथार्थ कथामा चित्रण गरिएको छ । 'स्थिति परिवर्तन' कथामा हिजो सुरक्षानिकायको नजिकको सटर/कोठा भाडामा कति महङ्गो पार्थ्यो र सुरक्षित मानिन्थ्यो तर त्यही सटर कोठा युद्ध कालमा कसरी सिन्की सरह सस्तो र हेय बन्ने कुरा यस कथा मार्फत प्रस्तुत गरिएको छ । यस विषयवस्तुमा आधारित कथाहरूमा 'कुकुर, बौलाही र माओवादी' कथाको कथानक प्रस्तुत गरिएको छ ।

**जलमानव** लघु कथा सङ्ग्रहमा सङ्गृहीत 'कुकुर, बौलाही र माओवादी' कथा क्रम स्थान सोह्रौंमा रहेको छ । यस कथामा माओवादी समयमा भएको भय, त्रास, डर आदिको चित्रण गरिएको छ । देशमा माओवादी अभियान तीव्र भइरहेको बेलामा दिनभरको टेन्सनवाट मध्यरातमा सुतेका डि.एस.पी. बेलाबेलामा गेट, ढोकाहरूमा ढुङ्गा बजिरहेको सुनेर ब्युँझिन्छन् । उनले सबैलाई हकार्छन र बन्दुक झिकी बाहिर बार्दलीमा आउँदा एउटी बहुलाही महिलाले भुकिरहेको कुकुरलाई धपाउँदै गरेको देख्छन् । यसरी माओवादीको सन्त्रासले गर्दा पचासको दशकमा जो कोही पनि जुनसुकै बेला भए पनि डरैडरमा बाँचेका नेपालीहरूको दयनीय स्थितिको चित्रण यहाँ गरेका छन् ।

**जलमानव** लघु कथा सङ्ग्रहभित्र विविध विषयवस्तुको मिश्रण गरी लेखिएका लघु कथाहरूमा मानिसहरू र मानिसहरू, छवि, बन्दुकेहरू, हर्के र बन्दुके, त्रासदी, सुराकी र सुरक्षा रहेका छन् ।

'त्रासदी' कथामा युद्ध चर्किरहेको बेलामा 'ऊ' पात्र सरकारको तर्फवाट देश र नरेशको रक्षार्थ गर्न कसम खाएर युद्धमा होमिरहेको हुन्छ । त्यसै गस्तीमा खटिएका बेलामा जङ्गलमा खस्याक्क आवाज आउँछ । धर्मेले जङ्गलमा चारजना व्यक्तिलाई आतङ्कारी भनी गोली हान्यो र त्यसपछि त्यहाँ हेर्दा उसले जसलाई गोली हानी मारेको हुन्छ तिनै उसका आफ्ना आमा, बाबु, भाई र बहिनी हुन्छन् । धर्मेले यतिका दुःख जसका लागि गऱ्यो उनैलाई आफैले गोली हानेर ढलेको छ । यसरी द्वन्द्वकालमा माओवादीवाट खेदिएका आमाबाबु भाइबहिनीहरू माओवादीकै आशङ्कामा आफ्नै छोरावाट मारिने यथार्थलाई यहाँ प्रस्तुत गरिएको छ । 'सुराकी' कथामा नेपालका सपुत राम र लक्ष्मणहरू नै युद्धकालमा सेना

र विद्रोही बनेर एक अर्कालाई हतियार ताक्दै हिँडेका कैयन् व्यक्ति सुराकीको आधारमा मारिएका घटनालाई यस कथाले चित्रण गरेको छ । 'मानिसहरू र मानिसहरू' लघु कथामा सशस्त्र द्वन्द्वकालको समयको चित्रण आएको छ । यस कथामा षडयन्त्रपूर्ण किसिमले दुर्घटनामा परेका वामपन्थी नेताको शवयात्रामा मानिसहरूको घुइँचो लागेको थियो भने त्यसको आलो घाउमा खाटा नबस्दै त्यागी प्रजातन्त्रवादी नेताको अन्त भएको देखाइएको छ । दरबार काण्ड पछि राजपरिवारको शवयात्रामा मानिस खचाखच भएर राज संस्थाप्रति उत्तरदायी देखिए तर राजतन्त्रवादी नारा भट्याइएकोमा मानिसहरू भने सोच्न बाध्य भएका थिए । मानिस कोही कसैका हुँदैनन् । मानिसहरू त विशुद्ध जनता मात्र हुन् । असल मान्छे र उसको व्याहारलाई उनीहरू सम्मान मात्र गर्छन् । राजनैतिक सङ्कीर्णता देखाउदैनन् भन्ने पक्षलाई विषय गराई यहाँ वर्णन गरिएको छ । यद्धकालीन समयमा लेखिएको 'हर्के र बन्दुक' लघु कथामा सोझो गाउँले हर्केले झ्याङ्मा भेटेको बन्दुक पुलिसलाई बुझाउन जाँदा आतङ्कारीको आरोपमा यातना सहनुपरेको सजीव चित्रण छ, । जसवाट सर्वसाधारण र सिधासाधा जनता कसरी यद्धकालमा नगरेका काममा फस्थे फसाइन्थे भन्ने कुराको यथार्थलाई यस कथामा प्रस्तुत गरिएको छ । जसले गर्दा यस कथामा यद्धकालीन समयमा सर्वसाधारणले भोगेका कष्ठमय जीवनको चित्रण भएको छ । विविध विषयवस्तु रही लेखिएका कथा मध्ये 'छवि' लघु कथाको कथानक यहाँ प्रस्तुत गरिएको छ ।

**जलमानव** लघु कथा सङ्ग्रहमा अठारौँ स्थानमा पर्ने कथा 'छवि' हो । यस कथाको कथानकमा राजनीतिक विषयका साथै प्रशासनिक, सामाजिक विषयवस्तुको पनि अबलम्बन गरी लेखिएको छ । यसमा स्वच्छ छवि भएका नेता मन्त्री भएपछि उनले 'उनी' भन्ने व्यक्तिलाई जि.एम बनाएका थिए । जि.एम.ले अब सरकारी सुविधाले गर्दा जनताको काम गर्न छाडिसकेका थिए । 'म' पात्र एउटा काम लिएर त्यहाँ पुग्दा जि.एम.ले म पात्रवाट एक लाख रूपैयाँ माग्छन् । त्यसपछि म पात्रले पनि पि.ए. हेमा र उनको अन्तरङ्ग तस्बीर देखाएपछि काम मात्र नभएर जि.एम.वाट उल्टै थप एक लाख रूपैयासमेत 'म' पात्रलाई प्राप्त हुन्छ । उता पत्रिकामा भने स्वच्छ छविका नेता मन्त्री भएको खबर छापिएको हुन्छ । अरू कथामा जस्तै यस कथाको विन्यास रैखिक ढाँचामा प्रस्तुत भएको छ । स्वच्छ छविका नेता मन्त्री पछि 'उनले' जि.एम. पद पाउनु कथाको प्रारम्भ बिन्दु हो भने सरकारी अखबारमा स्वच्छ छविका मन्त्री भएपछि भ्रष्टाचार निर्मूल गरेको. वक्तव्य छापिनु अन्त्य भाग हो । यस कथाको कथानक शाहकालीन राज्य सञ्चालनमा हुने गरेको क्रियाकलापमा

केन्द्रीत देखिन्छ । स्वच्छ छवि भएका व्यक्ति यदि मन्त्रीपद वा कुनै पनि ठूलो पदमा नियुक्ति भएमा उनीहरू सुरासुन्दरी र भ्रष्टाचारमा चुर्लम्म डुबेको प्रसङ्ग यस कथामा औँल्याइएको छ ।

**जलमानव** भित्रका कथाहरूमा राजनीति, प्रशासन, शिक्षा, समाज, परिवार आर्थिक जगत्सँग सम्बन्धित विषयले स्थान पाएका छन् । पचासको दशकको अन्त्यकालमा नेपाली समाज एवं राष्ट्रका निमित्त अत्यन्त कष्टकर भएको थियो । त्यही बेलामा देखापरेका राजनीतिक, प्रशासनिक क्षेत्रका, विकृति, विसंगतिका साथै सशस्त्र द्वन्द र त्यसको मारमा परेका जनताको कष्टकर जीवन यस सङ्ग्रहका कथाहरुले आफ्नो विषयवस्तु बनाएका छन् । यिनै विषयलाई आधार बनाएर कथाहरूको रचना गरिएको छ । साधारण परिवेशमा रहेर पनि ज्यादै उत्कृष्ट कथाहरू यस सङ्ग्रहमा आएका छन् ।

**४.३.३.२ चरित्र चित्रण/पात्रविधान**

चरित्रचित्रण वा पात्रविधानका दृष्टिले पनि **जलमानव** लघु कथा सङ्ग्रहभित्र मानवीय र मानवेतर दुवै थरिका पात्रहरूलाई प्रयोग गरिएको छ । तिनै पात्रहरूका माध्यमद्वारा नै लघु कथाका कथावस्तु अघि बढेका छन् । यसमा मानवेतर चरित्रमा स्याल, गधा, बाँदर, कुकुर जस्ता पात्रहरू रहेका छन् भने माटो, घर, घण्टा, मन्दिर, आदिलाई यहाँ जड चरित्रका रूपमा पनि उभ्याइएको छ । यस लघु कथा सङ्ग्रह भित्रका लघु कथामा बालक देखि वृद्धसम्मका विपन्न, सम्पन्न, नारी, पुरुष , जागिरे, बेरोजगार, विद्यार्थी आदि समाजमा देखिने पात्रहरू नै मूख्य रूपमा यहाँ उपस्थित गरिएको छ । यस सङ्ग्रहका पात्रहरूप्रयाः जसो तराई परिवेशका रहेका छन् भने केही पात्रहरूले यस्ता पनि छन् जसले आम नेपाली समाजको प्रतिनिधित्व गरेका छन् । प्रायः सबै लघु कथाहरूमा सङ्केतिक, प्रतीकात्मक र वैयक्तिक स्वभावको चित्रण गर्ने खालका पात्रको उपस्थिति गराइ कथानक अगाडि बढाइएको छ । मानव समाजमा घट्ने घटनाहरू र घटना घटाउने पात्रहरूको स्वभाव र अनुभवलाई जीवन्त रूपमा चित्रण गर्न सक्ने पात्रहरू यस सङ्ग्रहका कथाका पात्रहरूको क्रियाकलापवाट स्पष्ट हुन्छ । यहाँ सामाजिक, प्रशासनिक, राजनीतिक, शैक्षिक, र मनोवैज्ञानिक तथा विविध विषयको मिश्रण रहेका विषयमा आधारित एक/एक कथाका भित्र रहेका पात्रहरूको मात्रा चरित्र चित्रण गरिएको छ ।

सामाजिक तथा पारिवारिक विषयवस्तुमा आधारित कथा 'जलमानव' मा मुख्य पात्रमा रामाश्रे र धनबहादुर आएका छन् । यिनैको केन्द्रीयतामा सम्पूर्ण कथावस्तु अघि

बढेको छ । सहायक पात्रमा भने अन्य गाउँले मानिसहरुमा घनश्याम, खेदरु, चिफसाब र रामऔतार देखिन्छन् । यिनी पात्रहरु मौन छन् र यिनीहरुको चर्चा धनबहादुर र रामाश्रेको कुराकानीका प्रसङ्गमा मात्रा आएका छन् त्यसैले यिनी सहायक पात्रमा पर्दछन् । यसमा मानवेतर प्राणीको पनि चर्चा गरिएको छ जसमा काग, गिद्ध, पाडापाडी, तथा बाखा, गाईभैसी पनि रहेका छन् । विषयवस्तु अनुसार कथाका पात्रको भूमिका सफल देखिन्छ ।

'स्कुल' लघु कथामा सीमित पात्रको प्रयोग गरिएको छ । यस कथामा 'म', प्रिन्सिपल र शिक्षकहरूरहेका छन् यस कथामा नेपथ्य पात्रको स्थान नवजात शिशुले लिन्छ । म पात्र नै यस कथाको प्रमुख पात्रका रुपमा आएको छ । प्रिन्सिपल र शिक्षकहरू सहायक पात्रका रुपमा रहेका छन् । कथानक अनुरूप पात्र अनुकूल नै रहेका छन् ।

'छोरी' कथा मनोवैज्ञनिक कथा भएकाले सोही अनुसारको पात्रको चयन गरिएको छ । यस कथामा सीमित पात्रहरु उपस्थित भएमन छन् । मुख्य पात्रका रूपमा 'म' पात्र रहेको छ । सहायक पात्रमा म पात्रकी श्रीमती र छोरी रहेका छन् । मानवीय पात्रलाई मात्र उपस्थिति गराएको यस कथाका सबै पात्रहरू मञ्चीय रहेका छन् । 'म' पात्रले आफ्नी छोरी ठूली भएको कुरा मनमा खेलाउँदै कथाको मनोविश्लेषण गरिएको छ ।

'कामदार' लघु कथामा प्रयोग गरिएका पात्रहरू सीमित रहेका छन्, । यस कथामा मुख्य पात्र हाकिम र आगन्तुक रहेका छन् । यी दुवै  पात्र मञ्चीय पात्रका रूपमा आएका छन् । यस कथामा भर्खर हाकिम भएकोले केही गरुँ भन्ने भावना लिएका हाकिमले आवास गृहको बगैंचा सफा सुग्घर गर्दे हुन्छन् । त्यही समयमा आगन्तुकले हाकिम सा'प भित्र हुनुहुन्छ ? भनी सोध्छन् । यसरी दुई जनाको संवादवाट नै यस कथाको कथानकलाई अगाडि बढाइएको छ । कथाकारले हाकिम र आगन्तुकका माध्यमवाट समाजमा हुने गरेका विकृति, विसंगतिको चित्रण गरेका छन् । हाकिमले सम्पूर्ण हाकिम पदमा रहनेलाई पद ठूलो भयो भन्दैमा सानोले गर्ने काम नगर्ने भावना राख्नु हुँदैन । त्यस्तै ठूलो पदमा बस्नेको मात्र इज्जत हुने सानो पदलाई कुनै इज्जत नै नगर्ने हाम्रो समाजको मानसिकताप्रति पनि यस कथा मार्फत व्यङ्ग्य गरिएको छ । आगन्तुकको मार्फत समाजमा सानो काम वा तल्लो पदमा रहने जो कोहीलाई पनि हेप्ने प्रवृत्तिको चित्रण यसमा गरिएको छ । यसरी समाजमा हुने गरेका र भएका नकरात्मक प्रवृत्तिप्रति कर्मचारी मात्र नभएर जनताको सोच समेत तल्ला पद वा पियनलाई हेर्ने दृष्टिकोण फरक रहेको कुरा हाकिम र आगन्तुकको चरित्रवाट स्पष्ट हन्छ ।

'राष्ट्रियता' कथाको मुख्य पात्र 'म' हो । उसकै केन्द्रीयतामा सम्पूर्ण कथानक अगाडि बढेको छ त्यसैले यस कथाको मुख्य चरित्रमा म पात्र आएको छ । सहायक पात्रमा भने स्कुलका प्रधानध्यापक र पाले रहेका छन् । म पात्र अनुकूल र प्रधानध्यापक प्रतिकूल पात्रका रूपमा कथाभित्र देखिन्छन् । म पात्रले राष्ट्रिय पोशाक लगाई स्कुल जाँदा उसलाई स्कुलमा प्रवेश गर्न दिइँदैन त्यसकारण पनि म पात्र अनुकूल र पाले प्रधानध्यापक प्रतिकूल पात्रका रूपमा उपस्थिति छन् । यसका सबै पात्रहरू मञ्चीय रहेका छन् । पात्रहरू पनि कथानक अनुरूप रहेकाले सफल बनेका छन् ।

'कुकुर, बौलाही र माओवादी' कथामा मानवीय र मानवेतर दुवै चरित्रको माध्यमवाट कथा अघि बढेको छ । यस कथामो शीर्षक नै पात्रको नामवाट आएको छ । कथामा मुख्य पात्रमा डि.एस.पी., बौलाही र मानवेतर पात्रका रूपमा कुकुर रहेका छन् भने सहायक पात्रका रूपमा डि.एस.पी.की श्रीमती, चौकीदार र सुरक्षाकर्मी रहेका छन् । नेपथ्य वा गौण पात्रमा भने माओवादीलाई ल्याइएको छ । देशमा माओवादी अभियान तीव्र भएको समयमा डि.एस.पी. जस्ता उच्च पदका व्यक्ति पनि बौलाहीले कुकुरलाई धपाउन ढुङ्गा हान्दा खेरी डराउने कुराको वर्णन गरिएको छ । यस कथामा मध्य रातमा बौलाहीको व्यवहारलाई माओवादी गतिविधि ठानी तर्सिएको डि.एस.पि.को मनोविश्लेषण गरिएको छ । युद्धकालीन समयमा देशको स्थिति सङ्कटमय थियो भन्ने यस कथाका पात्रको क्रियाकलापवाट छर्लङ्ग देखिन्छ ।

विविध विषय अवलम्बन गरी लेखिएको कथा 'छवि' भित्र पनि मानवीय पात्रको नै प्रयोग गरिएको छ । यस कथाका मुख्य पात्रका रूपमा स्वच्छ छविका नेता र सहायक पात्रमा जि.एम र म उपस्थित भएका छन् । नेताहरू जुनसुकै समयमा मन्त्री भएपछि स्वच्छ, सफा बानी व्यवहार पनि सुरा सुन्दरी र भ्रष्टाचारमा चुर्लुम्म डुबेको कुरा नेता बनेपछि भएको पञ्चायती समयको चित्रण यसान प्रयोग भएका पात्रवाट छर्लङ्ग हुन्छन् । 'म' पात्र अनुकूल पात्र हो भने नेता र जि.एम. प्रतिकूल पात्रका रूपमा उपस्थित भएका छन् । 'म' पात्रले भ्रष्टाचार गर्न खोज्ने जि.एम. लाई घुस नदिएर उसको कमजोरीको पदाफास गरेको छ । जसवाट आफूले काम गराउन पनि सफल भएको छ । स्वच्छ छवि भएका व्यक्ति मन्त्री वा उच्च पदमा पुगे भने उसले आफ्नो अस्तित्व पैसामा गुमाउन पुग्छ भन्ने कुराको चित्रण यहाँ जि.एम.को चरित्रवाट गरिएको छ ।

यस्तै प्रकार **जलमानव** भित्रका कथाहरूले आफ्नो सीमित पात्रको प्रयोग गरी देश, काल, वातारण अनुकूल नै पात्रको चयन गरिएको छ ।

### ४.३.३.३ परिवेश

लामिछानेका लघु कथाहरू आजको समसामयिक, बहुलवादी र विविधतापूर्ण परिवेश रही सिर्जित भएका छन् । सीमित परिवेशलाई समेटी लेखिएका लघु कथाका घटना र विषयको छनोटमा भने निकै विविधता रहेको छ । **जलमानव** लघु कथा सङ्ग्रह भित्रका लघु कथाको परिवेशमा प्रायः समाज र क्षेत्रको परिवेश आएका हुन्छन् । कथाकारले नेपाल भित्रकै फरक फरक ठाउँमा बसी कथा सिर्जना गरेको देखिन्छ । यस सङ्ग्रहभित्रको 'धाक' कथामा काठमाण्डौँ, चावहील, मित्रपार्कतिरको परिदृश्यहरु आएको देखिन्छ । 'जलमानव' शीर्षकको कथामा तराईको तस्वीर स्पष्ट देख्न सकिन्छ । त्यस्तै अन्य लघु कथामा पनि कथाको प्रकृति अनुसार, स्कुल, घर, आँगन, राजमार्ग छेउछाउ, वन, कोठा, घर, आदिको स्थानगत उपस्थिति र प्रजातन्त्र प्राप्तिको लागि लड्दै शाहीकाल, युद्धकाल र त्यस वरिपरिको समय सीमाको सेरोफेरोलाई कथाकारले **जलमानव** सङ्ग्रहका कथाको परिवेश भित्र समेटेका छन् । यस अध्ययनमा सामाजिक, शैक्षिक, प्रशासनिक मनोवैज्ञानिक तथा समसामयिक, राजनीतिक र विविध विषयवस्तुको मिश्रण भएका कथाहरुमध्ये एक/एक कथाको मात्रा परिवेश प्रस्तुत गरिएको छ ।

'जलमानव' शीर्षकको लघु कथामा तराईको ग्रामीण परिवेशमा घटित घटनाहरुलाई उपस्थित गराइएको छ । यस कथामा पानीले भरिएको गाउँ, सडक र बस्तीको दृश्य चित्रित पनि भएको छ । यसमा एउटा ग्रामीण क्षेत्रभित्र रही कथानक प्रस्तुत गरिएकाले सीमित परिवेशमा नै कथानक आएको छ ।

'स्कुल' कथाको मुख्य परिवेशमा बोर्डिङ्ग स्कुल, मिटिङ्ग हल र नवजात शिशुका घर आएका छन् । सम्पूर्ण क्रियाकलाप बोर्डिङ्ग स्कुलमा घटेको छ । शैक्षिक क्षेत्रमा बसी त्यसकाबारेमा कथानक तयार गरिएको छ । यसमा चित्रण गरेका परिवेश कथानक अनुकूल नै रहेको छ ।

'छोरी' लघु कथाभित्र परिवेशलाई हेर्दा सीमित रहेको छ । यस कथामा अरु कथामा जस्तै 'म' पात्रको घर र स्कुलको वार्षिक उत्सवको सांस्कृतिक कार्यक्रम स्थल मुख्य परिवेशका रुपमा रहेको छ । त्यही सांस्कृतिक कार्यक्रमलाई आधार मानी मनोविश्लेषण गरिएको यस कथामा छोरी बढे पछि आमाबाबुको मनमा के कस्ता प्रश्न उब्जन्छन् भनी

अर्न्तद्वन्द्व प्रस्तुत छ । यस कथाको परिवेश सीमित भएपनि कथानक अनुकूल रहेको र मनोवैज्ञानिक विषयवस्तु अनुरुप सफल नै छ ।

'कामदार' लघु कथाको मुख्य परिवेशका रूपमा हाकिम साहेवको कोठा, बगैँचा र बैठक कोठा रहेका छन् । वर्तमान समयमा मौलाएको चाकडीपनका माध्यमद्वारा आफ्नो दुनो सोझ्याने प्रवृत्तिप्रति यस कथाले व्यङ्ग्य गरेको छ । पञ्चायती समयमा देखिएको चाकडी प्रवृत्तिमा कुनै पनि परिवर्तन भएको छैन । यस कथामा सानो कोठाको भित्रि परिवेशमा सीमित भएर पनि समग्र देशको स्थिति चित्रण गर्न कथाकार सफल रहेका छन् ।

'राष्ट्रियता' कथाको परिवेश झिनो रहेको छ । स्कुलको गेटमा सबै कथानक घटेको छ । 'म' पात्र, प्रधानध्यापक र पाले बीचको कुराकानी स्कुलको गेटमा नै समाप्त भएको छ । त्यसकारण ज्यादै सीमित परिवेशमा रहेर पनि यो कथामा परिवेश कथानक अनुसार नै राम्रो देखिन्छ ।

'कुकुर, बौलाही र माओवादी' कथामा कथावस्तु लघुतम भए पनि यसको परिवेश केही फराकिलो छ । यस कथाको मुख्य परिवेशका रूपमा डि.एस.पी.को घर र सडक रहेको छ । घर भित्र डि.एस.पी.की श्रीमती रहेकी छन्  भने सडकमा कुकुर भुकिरहेको र त्यसलाई धपाउँदै बौलाही हिडेकी छे । यिनै पात्रका माध्यमवाट कथामा यद्धकालीन समयको चित्रण गरिएको छ । वि.सं २०५२ मा माओवादीले नेपाली जनतालाई दिएको दुःख, कष्ठका साथै नेपालमा देखिएको युद्धकालीन समयमा भएका विकृति विसङ्गतिको पनि कथामा उद्घाटन गरिएको पाइन्छ । यस कथामा त्रासैत्रासको परिवेशलाई कथामा ल्याइएको छ ।

'छवि' लघु कथा राजनीतिक, सामाजिक, समसामयिक आदि विविध विषयवस्तुको मिश्रणमा रहेको कथा हो । यस कथामा सीमित परिवेशको चित्रण गरिएको छ । यस कथामा शाहकालीन समयको परिवेशलाई आधार मानी कथानकलाई अगाडि बढाएको छ । यसमा सरकारी अफिसको दृश्यचित्र पनि प्रस्तुत गरिएको छ । एउटा सरकारी अफिस भित्रको सानो कोठामा रही सम्पूर्ण कथाको कथानक घटाइएको छ । त्यही परिवेशमा रही नेपालको राजनीतिक स्थितिको चित्रण गरिएको पाइन्छ । यस कथामा पार्टी वा कार्यलयमा हुने संवादवाट यो कथाको परिवेश पनि सीमित रहेका स्पष्ट छ । यसरी गाउँ देखि सहर राजनीतिक परिवेश सबैको चित्रण गरिएको छ ।

**जलमानव** लघु कथा सङ्ग्रहमा पचासको दशकको अन्त्य कालमा नेपाली समाजमा घटेका घटनाहरूलाई परिवेशमा समावेश गरिएको छ । कृतिम तथा प्राकृतिक क्षेत्रको पनि

राम्रोसँग चित्रण गरिएको छ । यसकारण परिवेशको माध्यमवाट पनि यस **जलमानव** लघु कथा सङ्ग्रहका कथाहरू सबै सफल नै रहेका देखिन्छ ।

### ४.३.३.४ भाषाशैली

कपिल लामिछानले आफ्ना कथाहरूमा चयन गरेको विषयवस्तु पात्रको स्तर र परिवेश अनुसारको भाषाशैलीको प्रयोग गरेका छन् । त्यसमा पनि अभिधा, लक्षणा र व्यञ्जना जस्ता सबै गुणले युक्त भाषाको प्रयोग कथामा गरिएको छ । कथाको विषयवस्तु पात्रको बौद्धिक स्तर र परिवेशअनुसार कथामा संस्कृत, झर्रा नेपाली शब्द र अङ्ग्रेजी शब्दहरूको समय अनुकूल उचित प्रयोग गरिएको पाइन्छ । **जलमानव** लघु कथा सङ्ग्रहमा समावेश सबै कथा रैखिक ढाँचामा संरचित छन् । व्यक्तिका अनौठा स्वभाव, व्यवहार र असङ्गतिका साथै घटनाक्रमलाई तत्कालै सरल, सहज र स्पष्ट भाषाशैलीको प्रयोग गरी त्यसलाई छोटोमीठो प्रकारले कथामा प्रस्तुत गरेका छन् । **जलमानव** लघु कथा सङ्ग्रह भित्रका सबै कथाको भाषाशैली सरल, सहज र सरस हुनुका साथमा सबैले बुझ्ने खालका छन् । कथालाई एक पटक पाठकले पढे पटक पटक पढ्नु नपर्ने देखिन्छन । यस अध्ययनमा सङ्ग्रहभित्रका विभिन्न विषयवस्तुमा आधारित सात वटा कथामा प्रयुक्त भाषाशैलीको विश्लेषण गरिएको छ ।

सामाजिक तथा पारिवारिक विषयवस्तु भएका कथा मध्ये 'जलमानव' लघु कथाको भाषाशैली प्रस्तुत गरिएको छ । यस कथाको परिवेश ग्रामीण भएकाले सोही ठाउँमा बोल्ने भाषाशैली प्रस्तुत गरिएको छ । यस कथाको प्रस्तुति नाटकीय शैली जस्तो भए पनि वर्णनात्मक शैलीको पनि प्रयोग देखिन्छ । यसको उदाहरणमा जस्तै :

- तिमी कति खेर हिड्छौं, धनबहादुर ?
- म त जान्न, रामाश्रे काका ! हनुमान लगौंटी लगाएर बराम्दामा उभिएको धनेले दुखले भन्यो (जलमानव : ५३) ।

यस उदाहरणवाट के स्पष्ट हुन्छ भने यस कथामा ठेट नेपाली झर्रा, ग्रामीण क्षेत्रमा बोलिने भाषा प्रयोग भएको देखिन्छ । त्यसैकारण यसमा प्रयोग भएको भाषाशैली विषयवस्तु अनकूल नै रहेको छ ।

'स्कुल' कथाको विषयवस्तु शैक्षिक तथा आर्थिक विषयसँग सम्बन्धी भएकाले पनि यो सामान्य पाठकवर्गले बुझ्ने सरल र सहज रहेको छ । यसमा वर्णनात्मकता र

संवादात्मकता शैली अपनाई कथानक प्रस्तुत गरिएको छ । यस कथामा अपूर्ण वाक्यका साथै अनुकरणात्क शब्दको पनि प्रयोग गरिएको छ ।
जस्तैः कहाँवाट कसरी कुनकुन बच्चा तान्न सकिन्छ ख्याल गर्नु होला । कोही भट्केला नि फेरि........(जलमानव : ८)

यसरी वाक्य नटुङ्ग्याइकन कथा अघि बढे पनि भाषाशैली कथा सान्दर्भिक रहेको छ ।

'छोरी' लघु कथाको कथानक मनोवैज्ञानिक भएपनि भाषाशैली सरल, सहज सरस नै देखिन्छ । वर्णनात्मक शैली अपनाई कथा अघि बढेको छ । यहाँ म पात्रले आफ्नी छोरी वर्णन आफैँ गरेको छ । यसको उदाहरणमा जस्तै :
मैले निन्याएर हेरेँ, साच्चै  यो त मेरी छारी पो रहिछ । सधैँ स्कुलको ट्युनिक वा साधारण पहिरनमा देखेको सानै लाग्दथ्यो । छोरी त ठूली पो भइछ । चोलो र साडी लगाएर गहनाले सजिएर कम्मर मर्काई-मर्काई नाच्दा त वयस्क पो देखिन्छ त (जलमानव : ७) ।

यसमा पनि बाबुआमालाई छोराछोरी साना हुँदा जति चिन्ता हुन्छ त्यसभन्दा बढी चिन्ता छोराछोरी ठूला भएमा हुने यथार्थतालाई यसमा प्रयोग भएका भाषाशैली मार्फत स्पष्ट भएको छ । यसरी सरल र स्वाभाविक भाषामा एउटा बाबुको मनमा छोरी ठूली हुँदा पर्ने पिरको चित्रण कथामा गरिएको छ ।

'कामदार' कथाको भाषाशैलीलाई हेर्दा सरल, सहज र स्वाभाविक भाषा चयन गरिएको छ । यस कथामा संवादात्मक र वर्णनात्मक शैलीको प्रयोग गरी नाटकीय रूपमा कथानक अघि बढेको छ । यस कथामा अनावश्यक कृत्रिम शब्दको प्रयोग गरिएको छैन । कथामा कथ्य भाषाको प्रयोग गरिएको छ । हाकिम र आगन्तुकको बीचको संवाद सुललित र सुरम्य छ । यसमा प्रयोग भएको संवादको सानो अंश यहाँ उदाहरणका रुपमा प्रस्तुत गरिएको छ :
ए दाइ, हाकिम सा'प भित्र हुनुहुन्छ ?
'हजुर हुनुहुन्छ ।'
मैले भने, अहिले वहाँ व्यस्त हुनुहुन्छ, पछि पाल्नु भए हुन्न ?
"बड्ता होइन है, खुरुक्क बोलाइदे जा ।"(जलमानव : १३)

यसरी यस कथामा आगन्तुक र हाकिम बीचको संवादवाट के प्रष्ट हुन्छ भने सानो पदमा रहेकालाई गर्ने व्यवहार फरक देखाइएको छ । सानो र ठूलो पदमा बस्नेसँग गर्ने व्यवहार फरक देखाइएको छ ।

'राष्ट्रियता' कथामा संवादात्मक र नाटकीय शैली अपनाई कथानकलाई अगाडि बढाइएको छ । यस कथामा प्रयोग भएका वाक्य अपूर्ण पनि छन्, जस्तै : "म कसरी बहुलट्ठी ? म राष्ट्रवादी ! राष्ट्रियताको प्रेमी । म आफ्नोपनको हिमायती मुख्य अध्यापकज्यू ! म कसरी ...?" म कराउँदै थिएँ (जलमानव : ७१) ।

यस कथामा शिक्षित वर्गले बोल्ने भाषाका साथै अङ्ग्रेजी शब्दको पनि प्रयोग गरिएको छ । कथाको शीर्षक हेर्दा भाषाशैली अप्ठयारो जस्तो नबुझ्ने लागे पनि कथानक, पात्र र परिवेश अनुकूल भाषाशैलीको प्रयोगले गर्दा उत्कृष्ट देखिन पुगेको छ ।

'कुकुर, बौलाही र माओवादी' कथाको भाषा सरल सहज रहेको छ । यस कथाको शैली वर्णनात्मक रहेको छ । कथाको विषयवस्तु पात्रको बौद्धिक स्तर, परिस्थिति परिवेश अनुसार कथामा संस्कृत, झर्रा नेपाली शब्दहरूका साथै आगन्तुक शब्दको पनि प्रयोग भएको छ । पचासको दशकमा देशमा संकटकाल रहेको थियो । त्यो समयमा डर, त्रास, प्रशस्त देखिन्थ्यो । त्यसैको आधारमा रही प्रस्तुत कथामा डी.एस.पी.को मनोविश्लेषण गरिएको छ । यसमा अङ्ग्रेजी शब्दको टेन्सन, डी.एस.पी., बाथरुम, पिस्तोल र गेट आदि प्रयोग गरिएको छ (जलमानव : २६) ।

समसामायिक कथा भएकाले सोही अनुसार भाषाशैली प्रयोग भएका छन् ।

विविध विषयको मिश्रण गरी लेखिएको कथा 'छवि' रैखिक ढाँचामा रहेको कथा हो । यसमा प्रयोग गरिएको भाषा सबैले बुझ्न सक्ने छन् । राजनीतिक विषयमा आधारित यो कथा राजनीतिक क्षेत्रका मानिसले मात्र बुझ्ने नभएर सम्पूर्ण जनताले बुझ्न सक्ने देखिन्छ । यसमा कामका लागि दाम नभएसम्म कलम नचलाउने निर्णयकर्ताहरूको व्यवहारलाई आफ्नो काम लिन निकालिने निष्कर्षलाई म पाात्र मार्फत फिल्मीशैली प्रयोग गरी व्यङ्ग्यात्मक भाषाको माध्यमवाट प्रस्तुत गरिएको छ । कथामा अङ्ग्रेजी शब्दको प्रयोग पनि प्रशस्त भएको छ । यस कथामा प्रयोग भएको भाषा उदाहरणका रूपमा प्रस्तुत गरिएको छ । जस्तै :

हजुरलाई नचाहिने भए- मेरो काम नहुने भए यी तस्वीरहरू म घरमा म्याडमलाई दिउँ कि ?

- नाइँ नाइँ कहीँ दिनु पर्दैन । तपाईको काम भइहाल्छ त्यति सानो कामका लागि......... हेमा त्यो फाइल देऊ त.....(जलमानव : २९) ।

यी वाक्य पनि अपूर्ण छन्, तर पनि स्पष्ट छन् । यस कथाभित्र कतै कतै तार्किक र बौद्धिक भाषाको प्रयोग भए पनि भाषामा सरलता रहेको छ । संवादात्मक शैली भएर पनि लामा वाक्य प्रयोग भए पनि समग्रमा यो कथा भाषिक प्रयोगका दृष्टिले सरल सुबोध र सहज नै रहेको छ ।

यसरी **जलमानव** लघु कथा सङ्ग्रह भित्रका कथाहरूमा भाषाशैलीको प्रयोगका दृष्टिले सफल रहेको छ । प्रतीकात्मक भाषाको प्रयोगले पनि कथा अझ उत्कृष्ट बनेको छ । अनावश्यक शब्द कही कतै प्रयोग भएका छैन । सरल, सहज र स्वाभाविक भाषाको प्रयोगले कथाहरू बोधगम्य रहेका छन् । कतिपय लघु कथामा आन्तरिक र बाह्य दुबै दृष्टिबिन्दुको प्रयोग गरिएको पाइन्छ । एउटै शीर्षकमा उपशीर्षक राखी कथावस्तु फरक-फरक बनाएर लेखिएका लघु कथा पनि भाषाशैलीका दृष्टिले उत्कृष्ट नै देखिन्छ । कथामा प्रायः वर्णनात्मक शैली अवलम्बन गरिएका छन् । यस्ता लघु कथा पनि छन् जसमा नाटकीय, संवादात्मक, फिल्मीशैलीको प्रयोग गरिएको पाइन्छ । **जलमानव** भित्रका कथामा प्रयाः वर्णनात्मक शैली अपनाईएको छ । ठाउँ ठाउँमा उखान, टुक्का, छोटो छरितो संवाद, नाटकीय शैली आदिको प्रयोगले कथाहरू रोचक र आकर्षक बनेका छन् ।

### ४.३.३.५ दृष्टिबिन्दु

लामिछानेको **जलमानव** (२०६१) लघु कथा सङ्ग्रहमा दृष्टिबिन्दुको प्रयोग कथावस्तु सुहाउँदो तरिकाले गरिएको छ । यस सङ्ग्रह भित्रका लघु कथामा कथाकारले प्रथम पुरुष भन्दा तृतीय पुरुषको प्रयोग बढी गरेका छन् । कुनै कुनै कथामा आन्तरिक र बाह्य दुबै दृष्टिबिन्दुको प्रयोग पनि गरेको पाइन्छ । एकाउन्न वटा लघु कथाहरूमा 'आदर्श पुरुष -१' र 'कर्मचारी'मा आन्तरिक दृष्टिबिन्दुको प्रयोग छ भने नकाम, सुरक्षा, छुट्टी, असल मान्छे र छोरी आन्तरिक र बाह्य दुवै मिश्रण भएका हो । त्यस्तै अरु त्रिचालिस वटा लघु कथामा भने बाह्य दृष्टिबिन्दुको प्रयोग गरिएको छ । यहाँ सात वटा लघु कथाको मात्रा दृष्टिबिन्दु प्रस्तुत गरिने छ ।

सामाजिक विषय क्षेत्रसँग सम्बन्धी लघु कथा 'जलमानव' मा मानव पात्रका साथै मानवेतर पात्र पनि आएका छन् । यस कथामा रामेश्वर र धनबहादुरको संवादबाट विषयवस्तु गरिएको छ । त्यसैले यो कथामा बाह्य दृष्टि प्रस्तुत भएको छ ।

'स्कुल' कथाको सारवस्तु पाठक समक्ष पुऱ्याउनका लागि 'ऊ' पात्र कथा भनिरहेको छ । यसमा प्रिन्सिपल र 'ऊ' पात्रको उपस्थिति छ । प्रिन्सिपलले मिटिङ्गमा सम्पूर्ण स्कुलको गतिविधि बताएका छन् बाहिर ल्याउने काम 'ऊ' पात्रले गरेको छ । त्यसकारणले यस लघु कथामा बाह्य दृष्टिबिन्दुको प्रयोग भएको देखिन्छ ।

'छोरी' कथाको विन्यास आदि मध्य र अन्त्य क्रममा रहेकाले रैखिक छ । यस कथामा आन्तरिक दृष्टिबिन्दुका रूपमा 'म' पात्र र बाह्य दृष्टिबिन्दुको रूपमा श्रीमती र छोरीलाई उपस्थित गरिएको छ । उदाहरणका रुपमा : स्कुलको वार्षिकोत्सवका उपलक्ष्यमा आयोजित सांस्कृतिक कार्यक्रममा अभिभावकका हैसियतले निम्ताइएको थियो । श्रीमतीले कर गरिन् । जानै पऱ्यो । छोरी स्कुलवाटै गइसकेकी रहिछ (जलमानव :७) ।

'कामदार' लघु कथामा आगन्तुक र हाकिम बीच संवाद भएको छ । यहाँ प्रयोग भएको संवादमा जस्तै "ए दाइ, हाकिम सा'प भित्र हुनुहुन्छ ?
"हजुर हुनुहुन्छ ।"(जलमानव : १३)

यसरी यस लघु कथामा तृतीय पुरुष को प्रयोग गरिएको कारणले यसमा बाह्य दृष्टिबिन्दुको प्रयोग भएको छ ।

'राष्ट्रियता' कथामा आन्तरिक र बाह्य दुवै दृष्टिबिन्दुको प्रयोग गरिएको छ । यस कथामा 'म' पात्रले राष्ट्रिय पोसाक लगाउँदा स्कुलको गेटवाट बाहिरीको कुरा प्रस्तुत भएको छ । यसरी 'म', पाले र प्रधानध्यापकको केन्द्रीयतामा कथानक अगाडि बढेको छ । उदाहरणका रूपमा :

"म कसरी बहुलट्ठी ? म राष्ट्रवादी ! राष्ट्रियताको प्रेमी । म आफ्नोपनको हिमायती मुख्य अध्यापकज्यू ! म कसरी......?"(जलमानव : ७२) यस अनुच्छेदलाई हेर्दा यो कथामा बाह्य र आन्तरिक दुबै दृष्टिबिन्दुको प्रयोग भएको छ ।

'कुकुर, बौलाही र माओवादी' यस कथामा पनि बाह्य दृष्टिबिन्दु अवलम्बन गरिएको छ । कुकुर, बौलाही र डी.एस.पी. यसका पात्र हुन् । यस कथामा डी.एस.पी.को मनोविश्लेषण गरिएको छ । डी.एस.पी.को घर सडक वरिपरि रही माओवादी सन्त्रासवाट डी.एस.पी जस्ता व्यक्तिको मनमा पनि माओवादी सन्त्रास नै रहिरहेको देखिन्छ  जस्तैः
उनले देखे-एउटी बौलाही खुला सडकमा यताउति हिँडिरहेकी छ र उसलाई कुकुरहरू भुकिरहेका छन् (जलमानव : २६) ।

'छवि' लघु कथामा संवादात्मक शैली अवलम्बन गरिएको छ । यसमा स्वच्छ छवि झल्काउने नेताको चरित्रको पर्दापास गरिएको पाइन्छ । जनतासँग घुस लिने र सुन्दरीको रमझममा भुल्ने नेताको कमजोरी पत्ता लगाई फिल्मी शैली मार्फत भ्रष्टाचारमा डुबेको प्रसङ्गलाई यसरी प्रस्तुत गरिएको छ :

सा'प ! मेरो काम गरिदिनुपर्‍यो ।

पैसाको बन्दोबस्त भयो ?

भयो सा'प !

कसरी भयो ?

बडो दुखसित । (जलमानव : २८)

यसवाट यो कथामा पनि बाह्य दृष्टिबिन्दुको प्रयोगले पाठक सामु कथानक प्रस्तुत भएको छ ।

यसरी **जलमानव** लघु कथा सङ्ग्रहका लघु कथाहरूमा कथाकारले विषयवस्तु अनुसार आन्तरिक र बाह्य दुबै दृष्टिबिन्दुको प्रयोग गरी कथा लेखेका छन् । प्रायः जसो कथामा बाह्य दृष्टिबिन्दुमा रही कथा प्रस्तुत भएको छ । सानो, लघु आकारका कथा भए पनि दृष्टिबिन्दु यस सङ्ग्रहका कथाहरु उत्कृष्ट नै देखिन्छन् ।

**४.३.३.६ उद्देश्य**

कपिल लामिछानेले **जलमानव** लघु कथा सङ्ग्रहका कथा पचासको दशकमा रही लेखिएका हुन् । उक्त समयमा समाजका विविध क्षेत्रमा देखिएका विकृति, विसङ्गतिलाई लामिछानेले लघु कथाको माध्यमवाट प्रस्तुत गरेका छन् । यसरी सामाजिक, राजनीतिक, आर्थिक, धार्मिक यथार्थलाई कलात्मक शैली अपनाई लघु कथा सिर्जना गरिएकाले पनि यिनले दिने उद्देश्य महफ्वपूर्ण रहेका छन् । वर्तमान समयका मानिसहरु विभिन्न कामको व्यस्तताले गर्दा लामा आख्यान पढ्ने समय कम हुँदै गएको तथा लघु आयामका कथाहरू पढी केही सन्देश लिन सक्ने उद्देश्य यस किसिमका कथाहरू उपयोगी देखिन्छन् । यस सङ्ग्रहभित्रका लघु कथाहरूले केही मात्रामा पाठक वर्गलाई सचेत गराउने सन्देश पनि दिएको पाइन्छ । लघु कथाको आयाम सानो भए पनि त्यसले दिने सन्देशले ठूलो क्षेत्र समेटेको छ । यसमा रहेका एकाउन्न वटा लघु कथाले कुनै न कुनै तरिकावाट समाज परिर्वतन चाहेका छन् । पचासको दशकको अन्त्यमा रचिएको कारणले पनि यद्धको सन्त्रास रहेको र त्यसवाट नआत्तिने बरु संघर्ष गरेर हिड्नु नै उत्तम हुने कुरा यसका भित्रका

कथाको आशयमा रहेको पाइन्छ । सत्तामा जो पुगे पनि उनीहरूको आचरणमा खासै परिर्वतन नभएको कुरा 'सत्ता=हरियो चश्मा' कथाले देखाउँछ, भने आफ्नो धरती अत्यन्त अपवित्र र विषाक्त बनेको छ, यसलाई स्वच्छ र सफा रहन देऊ भने शिक्षा 'स्वतन्त्र धर्ती' कथामा रहेको छ । यद्धले सोभ्फासाभ्फा व्यक्तिलाई कसरी फँसायो र यातना दियो भने कुरा 'हर्के र बन्दुक'मा रहेको छ । राष्ट्रियता ओभ्फेलमा परेको कुरा 'राष्ट्रियता' कथामा देखाई राष्ट्रप्रति सदैव श्रद्धा राख्नु पर्ने उद्देश्य लिएको छ । यहाँ विभिन्न विषयवस्तुमा आधारित सात वटा कथामा रहेको उद्देश्यको विश्लेषण गरिएको छ ।

'जलमानव' लघु कथाको मुख्य उद्देश्यमा नेपालीहरु समाजमा विद्यमान थुप्रै विसङ्गतिको बाढीमा चुर्लुम्म डुबेको देखाउनु रहेको छ । समाजको विसङ्गति विकृतिसँग लड्नु पर्ने धनबहादुरको चरित्रबाट स्पष्ट देखिन्छ । त्यसैले समाजमा देखिएका विकृति विङ्गति देखि नभाग्ने सन्देश पनि दिन्छ । संघर्ष गरेर र लडेर भएपनि आफ्नो अधिकार लिन सक्नु बुद्धिमानी व्यक्ति कहलिन्छ । यी नै यस कथाका प्रमुख उद्देश्य रहेका छन् ।

'स्कुल' लघु कथामा बोर्डिङ्ग स्कुलका सञ्चालक/शिक्षकहरूका प्रवृत्तिप्रति व्यङ्ग्य गर्नु नै यस कथाको मुख्य उद्देश्य रहेको छ । बोर्डिङ्ग स्कुलले राम्रो शिक्षा होइन कि विद्यार्थी कसरी बढाउने भन्ने कुरा बढी सोच र त्यही उद्देश्य राखी स्कुल सञ्चालन गर्ने उद्देश्य लिन्छ भन्ने तितो सत्य प्रकट गरिएको र सो कार्य नगर्न सन्देश पनि दिएको छ ।

'छोरी' लघु कथामा छोरी सानो हुदाँ पनि बाबुआमा चिन्तित हुन्छन । अभ्फ छोरी ठूली भएकामा बढी चिन्तित हुने गर्दछन् भन्ने कुरा देखाउन खोजिएको छ । यसमा आफ्नै छोरीलाई नचिन्ने बाबुको चित्रण गरिएको छ । त्यसवाट समाजमा छोराछोरीप्रतिको जिम्मेवारी आमाबाबु दुबैमा हुनु पर्ने यथार्थ प्रस्तुत गरिएको छ ।

'कामदार' कथामा समाजमा आदि कालदेखि गाउँका जिम्मुवाल, मुखिया, मालिक, ठूलाबडा, उच्चपद तथा नाम चलेका प्रतिष्ठित व्यक्तिहरूको चाकडी चाप्लुसी गुनगान गर्नु, भजन गाउनु आम नेपाली मानसिकताको उपज भएको छ । गुण, शिल्प, कुशलता, दक्षता र योग्यतालाई वास्ता नगर्ने तर बाहिरी आवरणमा चिरिच्याट्ट देखिने गफाडी, बोक्रे भलाद्मीहरूको स्वस्ती गाउने चलन विगतमा जस्तै आज पनि समाजमा व्याप्त रहेको पाइन्छ । कामले मान्छेलाई ठूलो र सानो भनी नचिनाउने कुरा देखाउनु नै यस कथाको मुख्य उद्देश्य रहेको छ ।

'राष्ट्रियता' कथाको मुख्य उद्देश्यमा राष्ट्रियता भाषण मात्र भएको व्यवहारमा ल्याउनेले मानिसले दण्ड पाइने देखाइ सो कार्य नगर्न सन्देश दिएको छ । यस कथामा आजको समसामायिक परिवेशमा बोल्दा एउटा बोल्ने तर त्यसलाई व्यवहारमा प्रयोग नगर्ने प्रवृत्तिप्रति तिखो व्यङ्ग्य गरिएको छ । राष्ट्रियता आज कसैको व्यवहारमा नभएको त्यसलाई अबलम्वन गर्ने जो कोही पनि दण्डित भएको देखाई मान्छेको योग्यताााई भन्दा पहिरनलाई महपj दिएको देखाइएको छ ।

राजनीति विषयभित्र रहेको 'कुकुर, बौलाही र माओवादी' लघु कथाको मुख्य उद्देश्यमा देशको परिस्थितिमा सुरक्षाको सन्त्रासलाई देखाउनु नै रहेको छ । संकट कालमा सानोतिनो कुरामा पनि डराउने परिस्थिति थियो । त्यो परिस्थितिसँग डराउने होइन कि संषर्घ गर्नुपर्ने सन्देश यस कथा मार्फत कथाकारले दिन खोजेका छन् । 'कुकुर, बौलाही र माओवादी' कथामा पचासको दशकमा देशमा माओवादी सन्त्रास रहेको समय सुरक्षा निकायका उच्चपदका व्यक्ति पनि सन्त्रास र डरमा बाँच्न बाध्य रहेका छन् । यसमा बौलाहीको व्यवहारलाइ माओवादी गतिविधि ठानी तर्सिएको मनोविश्लेषण यसमा गरिएको छ । त्यसैले पनि देशको परिस्थितिमा सुरक्षाको सन्त्रासलाई देखाउनु नै कथाको मुख्य उद्देश्य रहेको छ ।

'छवि' मा स्वच्छ छवि भएका नेता पनि मन्त्री भएपछि वा कुनै माथिल्लो पदमा पुगेपछि भ्रष्टाचार र सुरा सुन्दरीमा चुर्लुम्म डुबेको यथार्थ प्रस्तुत गरिएको छ । भ्रष्टाचारले सीमा नाघेको र मन्त्रीद्वारा नियुक्त जि.एम.हरूको भ्रष्ट चरित्रलाई देखाउनु नै यस कथाको उद्देश्य रहेको छ ।

यी सात वटा कथाको उद्देश्यवाट पनि **जलमानव** सङ्ग्रहका कथाहरूमा रहेका समग्र उद्देश्य जानकारी पाउन सकिन्छ । साहित्यकार कपिल लामिछानेले लेखेका दुई वटा लघु कथा संग्रह **अन्यथा** (२०५४) र **जलमानव** (२०६१) मा समसामयिक पक्षलाई नै मुख्य विषयवस्तु बनाइएको छ । **अन्यथा**मा बहुदलीय प्रजातन्त्र पुनर्प्राप्तिको समाजको चित्रण पाइन्छ । यसमा पचासका दशकको आरम्भका दिनहरूमा नेपाली समाजको राजनैतिक, सामाजिक, सांस्कृतिक अवस्था, घटना, परिघटनाले विषयवस्तुको रूपमा स्थान लिएका छन् । **जलमानव**मा पचासको दशकको अन्त्यमा नेपाली समाजमा देखापरेका राजनीतिक, आर्थिक, प्रशासनिक क्षत्रेका विकृति, विसंगतिका साथै सशस्त्र द्वन्द्व र त्यसको मारमा परेका जनताको कष्टकर जीवनको उद्घाटन गरिएको छ ।

### ४.३.४ शीर्षक

कथाकार लामिछानेले **जलमानव** शीर्षकको लघु कथा सङ्ग्रहमा एकाउन्न वटा कथाहरू प्रस्तुत गरेका छन् । **जलमानव** कथा सङ्ग्रहभित्र समावेश गरिएका कथाहरू मध्ये एउटा कथा 'जलमावन' शीर्षकमा नै रहेको छ । यही कथाको नामवाट सिङ्गो कथा सङ्ग्रहको नाम राखिएको छ । 'जलमानव'को अर्थ खोज्दा त्रासैत्रास हुने हो भने किन त्रासवाट भाग्ने ? त्रासवाट डराउन नहुने बरु त्राससँग लड्नु पर्ने सन्देश प्रतीकात्मक रूपमा दिएको छ । यस कथा सङ्ग्रह भित्रका अन्य कथाहरूमा 'अभिभावक' शीर्षकको कथालाई १, २, ३ एवं 'आदर्शपुरुष' शीर्षकको कथालाई १, २ र 'व्यवसाय' २, ३ गरी तीनवटा कथा एउटै शीर्षकमा रहे पनि विषयवस्तु वा घटना पृथक पृष्ठ भूमिमा आधारित छन् । एउटै शीर्षक भित्र फरक फरक कथाको कथानक प्रस्तुत गर्न पनि लामिछाने सिपालु नै देखिन्छन् । पचासको अन्त्यमा लेखिएको लघु कथा भएकाले पनि यस सङ्ग्रहका प्रायः जसो लघु कथामा डर त्रास रहेको छ । यस सङ्ग्रहका सबै कथाहरूको शीर्षक कथाको विषयवस्तु, पात्रको मनोवृत्ति, कथाको मूल भाव आदिसँग सम्बन्धित गरेर राखिएकाले अन्य कथाहरूको शीर्षक पनि उपयुक्त र सार्थक नै रहेको देखिन्छ । त्यसैकारण **जलमानव** लघु कथा सङ्ग्रहको शीर्षका त्यस भित्रका कथाहरुको शीर्षक सार्थक देखिएकाले पनि यस **जलमानव** सङ्ग्रहको नाम राख्नु सार्थक रहेको छ ।

### ४.३.५ निष्कर्ष

वि.सं २०१५ मा जन्मिएका कपिल लामिछाने नेपाली साहित्यका विविध विधा अर्न्तगत कथा विधामा कलम चलाउने साहित्यकार हुन् । उनको रुचिको क्षेत्र भनेको आख्यान विधा हो । आख्यानमा पनि बालकथा र लघु कथामा बढी प्रसिद्ध रहेका छन् । कथा भनेको कथानक, परिवेश, दृष्टिविन्दु, भाषाशैली र उद्देश्य जस्ता उपकरणहरूद्वारा निर्मित त्यस्तो विधा हो जसमा जीवनको एक अंशका घटना र चरित्रलाई प्रकाश पार्ने काम गरिएको हुन्छ । लामिछानेका **अन्यथा** (२०५४) लघु कथा सङ्ग्रहमा उन्नचालिस वटा लघु कथा छन् भने **जलमानव** (२०६१) लघु कथा सङ्ग्रहभित्र एकाउन्न वटा लघु कथा समावेश गरिएका छन् । साहित्यकार कपिल लामिछानेले लेखेका दुइ वटा लघु कथा सङ्ग्रह **अन्यथा** (२०५४) र **जलमानव** (२०६१) मा समसामयिक पक्षलाई नै मुख्य विषयवस्तु बनाइएको छ । **अन्यथा** (२०५४) मा बहुदलीय प्रजातन्त्र पुनर्प्राप्तिको समाजको चित्रण पाइन्छ । यसमा पचासका दशकको आरम्भका दिनहरूमा नेपाली समाजको राजनैतिक, सामाजिक,

साँस्कृतिक अवस्था, घटना, परिघटनाले स्थान लिएका छन् । **जलमानव** (२०६१) मा पचासको दशकको अन्त्यमा नेपाली समाजमा देखापरेका राजनीतिक, आर्थिक, प्रशासनिक क्षेत्रमा विकृति, विसंगतिका साथै सशस्त्र द्वन्द्व र त्यसको मारमा परेका जनताको कष्टकर जीवनको उद्घाटन गरिएको छ ।

सबै लघु कथाहरूमा आदि मध्य र अन्त्यको क्रममा भएकाले रैखिक ढाँचामा संरचित भएको पाइन्छ । यी कथाहरूमा समसामयिक घटना र परिघटना, चरित्र र यथास्थितिमा देखिएका, सङ्गत-विसङ्गत पक्षहरूलाई कथात्मक स्वरूपमा अभिव्यक्ति गरिएको छ । यी कथाहरूमा सामाजिक, राजनीतिक, शैक्षिक, सांस्कृतिक प्रवृत्तिगत आनीबानी, व्यवहार र चरित्रलाई व्यङ्ग्य गरी त्यसमा सुधारको चाहना राखिएको छ । कथामा  कथानक झिनो र सूक्ष्म भए पनि चोटिला, गहकिला र पूर्ण रहेका छन् । अधिकांश लघु कथामा बाह्य दृष्टिबिन्दुको प्रयोग गरिएको छ भने केही लघु कथामा आन्तरिक र बाह्य दुबैको मिश्रण गरिएको छ त केहीमा आन्तरिक दृष्टिबिन्दु मात्र प्रयोग गरिएको छ । पद, पदावली र वाक्य गठनहरूको संयोजनमा सरलता छ । यसैले यस कथा सङ्ग्रहभित्रका कथाहरूउच्च साहित्यिक मूल्य तथा महपjका रहेका छन् ।

यी कथाहरूको विश्लेषणवाट कपिल लामिछाने समसामयिक विषयवस्तुमा आधारित सफल कथा लेख्ने साहित्यकारका रूपमा स्थापित भएको प्रष्ट हुन्छ ।

पाँचौं परिच्छेद

# उपसंहार

## ५.१ निष्कर्ष

वि.सं. २०१५ असोज २४ गते कास्की जिल्लाको माझठानामा पिता सुकदेव र माता सुकमायाका ज्येष्ठ सुपुत्रका रूपमा कपिल लामिछानेको जन्म भएको हो । प्रस्तुत शोध पत्र 'कपिल लामिछानेको लघु कथाकारिता' शीर्षकमा गरिएको छ । कपिल लामिछानेको लघु कथाकारितालाई पाँच परिच्छेदमा विभाजन गरी अध्ययन गरिएको छ । पहिलो परिच्छेद अर्न्तगत शोध पत्रको सामान्य रूपरेखा प्रस्तुत गरिएको छ । यस खण्डमा शोधशीर्षक, शोध प्रयोजन, विषय परिचय, सामान्य कथन, शोधकार्यको सीमाङ्कन, शोध विधि र शोध पत्रको रूपरेखा सम्बन्धी विवरणहरू यस परिच्छेदमा प्रस्तुत गरिएको छ ।

यस शोध पत्रको दोस्रो परिच्छेदमा लघु कथाको सैद्धान्तिक परिचय प्रस्तुत गरिएको छ । सैद्धान्तिक परिचय दिने क्रममा यहाँ लघु कथाको सङ्क्षिप्त परिचय र परिभाषा प्रस्तुत गरिएको छ । लघु कथाको परिभाषा दिने क्रममा पाश्चात्य, हिन्दी तथा नेपाली विद्वान् तथा समालोचकहरूले दिएको लघु कथाको परिभाषा प्रस्तुत गरी लघु कथालाई परिभाषित गर्ने प्रयास गरिएको छ । यस परिच्छेदमा लघु कथाको आयाम, विशेषता, र लघु कथाको तर्फjको पनि विश्लेषण भएको छ ।

तेस्रो परिच्छेदमा कपिल लामिछानेको सङ्क्षिप्त परिचय र लघु कथागत प्रवृत्ति प्रस्तुत गरिएको छ । सङ्क्षिप्त परिचय दिने क्रममा लामिछानेको जन्म स्थान, शिक्षादिक्षा, पेशा रहेका छन् । लामिछानेका तिन दर्जन जति पुस्तककार कृतिका साथै फुटकर लेख रचनाको सूची प्रस्तुत गरिएको छ । यसका साथै लामिछानेले साहित्यिका तथा समाजको सेवा गरेबापत् विभिन्न संघसंस्थाहरूले प्रदान गरेको सम्मान तथा पुरस्कारहरूको विवरण दिइएको छ ।

लामिछानेका **अन्यथा** र **जलमानव** लघु कथा सङ्ग्रहलाई आधार मानी उनको लघु कथागत प्रवृत्तिलाई केलाइएको छ । उनका लघु कथागत प्रवृत्तिहरूमा समसामयिकता, व्यङ्ग्यत्मकता, स्वैरकल्पनाको प्रस्तति, सुत्रात्मकताको प्रस्तुति, सामाजिक यथार्थवादी , आलोचनात्मक यथार्थवादी प्रवृत्ति, भय आतङ्क र सन्त्रासको चित्रण गर्ने प्रवृत्ति, पात्रको मनोविश्लेषण गर्ने प्रवृत्ति, सामन्ती मनोवृत्तिको चित्रण, मानवतावादी स्वर प्रकट हुने, प्रतीकात्मकता र भाषाशैलीगत प्रवृत्ति मुख्य रहेको निष्कर्ष निकालिएको छ ।

चौंथो परिच्छेदमा **अन्यथा** (२०५४) र **जलमानव** (२०६१) लघु कथा सङग्रहको विश्लेषण गरिएको छ । **अन्यथा** लामिछानेको प्रथम लघु कथा सङ्ग्रह हो भने त्यसपछिको छ/सात वर्षपछि प्रकाशित लघु कथा सङ्ग्रहमा **जलमानव** रहेको छ । यी दुबै कथा सङ्ग्रहहरुको लघु कथा तत्वका आधारमा विश्लेषण गरिएको छ ।

लामिछानेका यी दुई लघु कथा सङ्ग्रहको अध्ययन तथा विश्लेषणलाई हेर्दा उनका कथाहरूमा आर्थिक तथा सामाजिक शोषणप्रति असन्तुष्टि, सामाजिक असमानता र भेदभावप्रति विरोध तीव्र रुपमा गरिएको छ । यी कथाहरूमा प्रत्यक्ष अप्रत्यक्ष रूपमा जनतालाई जागरुक हुन पनि सन्देश दिएका छन् । सम्पूर्ण लघु कथाहरू रैखिक ढाँचामा रचिएका छन् भने धेरैजसो लघु कथामा बाह्य दृष्टिबिन्दुको प्रयोग छ । कुनै कुनै कथामा आन्तरिक र बाह्य दृष्टिबिन्दुको समेत मिश्रण पनि पाइन्छ ।

पाँचौ परिच्छेदमा समग्र शोध कार्यको निचोड प्रस्तुत गरिएको छ । यसका साथै भावी शोधकर्ताका लागि सम्भावित शोध शीर्षक सुझाइएको छ ।

उनका कथाहरूको अध्ययन गर्दा कपिल लामिछाने प्रगतिशील विचार भएका कथाकार देखिन्छ । उनी लघु कथाकारका रुपमा अहिलेको समयमा बढी सफल रहेका छन् । हालसम्म तिन वटा लघु कथा सङ्ग्रह प्रकाशित गरिसकेका लामिछानेले अझ यस कार्यमा निरन्तरता दिइरहेका छन् । यसरी लामिछानेको **अन्यथा** (२०५४) र **जलमानव** (२०६१) लघु कथा सङ्ग्रहको कथा तत्वका आधारमा हेर्दा उत्कृष्ट नै रहेका छन् ।

**५.२ सम्भावित शोध शीर्षकहरू**

कपिल लामिछानेका सम्बन्धमा निम्नलिखित शीर्षकमा थप अनुसन्धान वा शोधकार्य गर्न सकिने देखिन्छ :

(क) लामिछानेको लघु कथा सङ्ग्रह 'बोन्साई'को अध्ययन

(ख) लघु कथा र बाल कथाको तुलनात्मक अध्ययन

(ग) कपिल लामिछानेका कथामा चित्रित सामाजिक परिवेश

(घ) रचना विधानका आधारमा कपिल लामिछानेका लघु कथा सङ्ग्रहको अध्ययन

(ङ) कपिल लामिछानेको निबन्धकारिता आदि ।

## सन्दर्भ सामाग्री


अश्क, गोपाल (२०६५), **लघु कथा प्रक्रिया र पाठ,** ललितपुर : साझा प्रकाशन ।

आचार्य, कृष्णाप्रसाद र बस्नेत कृष्णाबहादुर (२०६३), **आधुनिक नेपाली उपन्यास र कथा,** कीर्तिपुरः दीक्षान्त पुस्तक प्रकाशन ।

गौतम, लक्ष्मणप्रसाद (२०५७), **सान्दर्भिक समालोचना** (दो.सं. ६८), बागबजार : भुँडीपुराण प्रकाशन ।

थापा, मोहनहिमांशु (२०३६), **साहित्य परिचय** (पाँ.सं.२०६६), ललितपुर : साझा प्रकाशन ।

नेपाल, घनश्याम (सन् २००५), **आख्यानका कुरा**, दो.सं., प्रधाननगर, सिलगुढी : एकता बुक हाउस प्रा.लि.।

पोखरेल, बालकृष्ण र अन्य (सम्पा) (२०४०), **नेपाली बृहत शब्द कोश**, चौ.सं.(२०५५), काठमाडौः ने.रा.प्र.प्र.।

प्रभाकर, विष्णु (२०४०), **आपकी कृपा है** लघु कथा संग्रह, दार्जिलिङ्गः दीपा प्रकाशन ।

भट्टराई, घटराज (२०५६), **नेपाली लेखक कोश,** काठमाडौँ : लक्ष्मीप्रसाद देवकोटा प्रष्ठिान ।

भुसाल, ऋषिराम (२०६२), **यथार्थवादी नेपाली समालोचना** (सम्पा.घनश्याम ढकाल), पोखरा : गण्डकी साहित्य सङ्गम ।

लामिछाने, कपिल (२०५४), **अन्यथा** लघु कथा सङ्ग्रह भैरहवा : कलासदन ।

____________ (२०६१), **जलमानव** लघु कथा सङ्ग्रह काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

____________(२०६८), **बोन्साई** लघु कथा सङ्ग्रह काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

____________ (२०५७), **भोकयुद्ध** कथासङ्ग्रह, बनेपा : जनमत प्रकाशन ।

____________ (२०४४), **मरुभूमिका पोथ्राहरु** कथा सङ्ग्रह, सिद्धार्थनगर : मुक्ति प्रिन्टिङ्ग ।

समीर, रवीन्द्र (२०५३), **तेस्रो आँखा,** काठमाडौं : इन्द्रेणी अफसेट प्रकाशन ।

शर्मा, मोहनराज र लुइँटेल डा. खगेन्द्रप्रसाद (२०५४), **शोधविधि** चौं सं. ललितपुर साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम (२०६६), **नेपाली कथा भाग ४**, (ते.सं., ललितपुर : साझा प्रकाशन ।

Abrams, M.H; **A Glossary of Literary Term**, 7th Ed.( 2000), New Delhi, Asia PTE Ltd. Harcaurt Collage Publishes.

Simpson, J.A. and E.S.C. Winner (prep.) **The Oxford English Dictionary**, Vol XV. IInd Ed. (1991), Oxford Univeersity Press.

## पत्रपत्रिका सूची

गिरी, मधुसुधन (२०५९), 'स्वैरकल्पना कल्पना र नेपाली कथा परम्परामा यसको प्रयोग' **समकालीन साहित्य** (वर्ष १२, अङ्क ३, पुर्णाङ्क ४५), ४० ।

खरेल, पुण्यप्रसाद (२०६६), 'उम्दा आख्यानकार लामिछाने' **जुही** (वर्ष २९, अङ्क ३), २२३-२२९ ।

ढकाल, दामोदर (२०५७), 'अन्यथा कथा सङ्ग्रह माथि सुक्ष्मदृष्टि' **दायित्व** (वर्ष १४ , पूर्णाङ्क २३९), ४० ।

ढकाल, भगवत् (२०६६), 'कपिल लामिछानेका लघुकथाहरुको मूल्याङ्कन' **जुही** (वर्ष २९, अङ्क ३), ५६६-५७६ ।

निखिल, निमेष (२०५९), 'लघु कथा लेखन' **प्रसून** (वर्ष २, अङ्क ५), ४ ।

भण्डारी, गोपालप्रसाद (२०५६), 'नेपाली साहित्यमा लघु कथा' **समष्टि** (वर्ष २०, अङ्क ४) ५३ ।

भट्ट, पुष्करराज (२०६६), 'कपिल लामिछानेको लघुकारिता' **जुही** (वर्ष २९, अङ्क ३), २३०-२३४ ।

भट्टराई, बालकृष्ण (२०५४), 'स्रष्टा/दृष्टि' **जनमत** (वर्ष १९), ५९-६१ ।

———————— (२०५६), 'स्रष्टा/दृष्टि' **जनमत,** (वर्ष १९ , अङ्क ३,साहित्यिक अङ्क ८६) ।

भट्टराई, यादव (२०५४), 'कपिल लामिछानेको जलमानव' **छलफल** (साउन १७), ६ ।

भुसाल, ऋषिराम (२०६२), 'कथाकार कपिल लामिछान : सङ्क्षिप्त विवेचना' **यथार्थवादी नेपाली समालोचना**, (माघ), ४११-४२० ।

पोखेल, ईश्वरीप्रसाद (२०६०), 'लघुकथा : आख्यान विधाको सशक्त उपविधा' **मधुपर्क**, (वर्ष ३६, अङ्क ६ पूर्णाङ्क ४१३), ७-१३ ।

राकेश, डा. रामदयाल (२०५९), 'लघुकथा : एक लघु विवेचना', **समकालीन साहित्य** (वर्ष १२, अङ्क, पुर्णाङ्क ४६), १५-१९ ।

रिजाल, आर सि. (२०६६), 'कथाकार लामिछानेका कथामा व्याङ्ग्यचेत' **जुही,** (वर्ष २९, अङ्क ३), ९-१२ ।

रोदन, श्रीओम (२०६१), 'जलमानव' **गोरखा** (असोज १६), ६ ।

शर्मा, मोहनराज (२०५९), 'नेपाली लघुकथा सिद्धान्त र विश्लेषण', **समकालीन साहित्य** (वर्ष १२, अङ्क १२, अङ्क ४, पूर्णाङ्क ४६), १५-१९ ।

## शोधग्रन्थ सूची

खनाल, केशव (२०६७), **मरुभूमिका पोथ्राहरु कथा सङ्ग्रहको अध्ययन** अप्रकाशित स्नातकोत्तर शोधपत्र, सिद्धार्थ बहुमुखी क्याम्पस, भैरहवा ।

घिमिरे, रामप्रसाद (२०६२), **कपिल लामिछानेको जीवनी व्यक्तित्व र कृतित्व** अप्रकाशित स्नातकोत्तर शोधपत्र, वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर ।

पन्थी, रेणुका (२०५९), **पूर्णप्रसाद ब्राह्मणको लघु कथाकारिता**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि. वि. कीर्तिपुर ।

पोखेल, ईश्वरीप्रसाद (२०५९), **नेपाली लघु कथाको परम्परा**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि. वि. कीर्तिपुर ।

बरई, त्रिभुवन (२०६५), **रचना विधानका आधारमा भोकयुद्ध कथा सङ्ग्रहको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, सिद्धार्थ बहुमुखी क्याम्पस, भैरहवा ।

सुबेदी, राजेन्द्र (२०५३), **लघु कथाको परिचय, विकास र वर्तमान परिपेक्ष्यमा लघु कथाको महफ्व,** अप्रकाशित कार्यपत्र,त्रि.वि. कीर्तिपुर ।